# पाण्डुलिपि उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**सीता रेग्मी**
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ४२१७९-९५
रोल नं. ३१

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७०/२०१३

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा सीता रेग्मीले **पाण्डुलिपि उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७० कार्तिक २४
१० नोभेम्बर २०१३

**कपिलमणि शर्मा**
सहप्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **पाण्डुलिपि उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मैले श्रद्धेय गुरु कपिलमणि शर्माज्यूको निर्देशनमा तयार गरेकी हुँ । शोधपत्र लेखनका क्रममा आफ्नो अमूल्य समय दिएर कुशल निर्देशन गर्नुभएकोमा म उहाँप्रति कृतज्ञता ज्ञापन गर्दछु । मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर दिलाई मार्गनिर्देशन समेत गर्नुहुने परम श्रद्धेय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक सरसल्लाह, सुझाव, प्रेरणा दिनुहुने नेपाली विभागका सहप्राध्यापक कुलप्रसाद ढुङ्गाना, उपप्राध्यापक दीनानाथ शर्मा पण्डित लगायत सम्पूर्ण गुरुहरूप्रति म अत्यन्त कृतज्ञ छु ।

आफ्नो औपन्यासिक कृति **पाण्डुलिपि**लाई शोधलेखन कार्यका लागि मलाई स्वीकृति दिनुहुने उपन्यासकार आदरणीय दाजु कृष्ण धराबासीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक शैक्षिक सामग्री, पुस्तक तथा पत्रपत्रिकाहरू उपलब्ध गराई सहयोग गर्नुहुने उपन्यासकार आदरणीय दाजु कृष्ण धराबासी र आदरणीय लेखक विद्वान्हरूप्रति म हार्दिक आभार प्रकट गर्दछु । अध्ययनको क्रममा सधैँ उत्साह र हौसला प्रदान गरी यो तहसम्म आइपुग्न मलाई सहयोग गर्ने मेरा श्रीमान् श्री बुद्धिराज घिमिरे र देवर श्री मीनराज घिमिरेज्यूप्रति म सधैँ ऋणी रहने छु । मलाई सधैँ पठनपाठनमा लागिरहन घच्घच्याइरहने आमा सत्यदेवी रेग्मी, छोरा आयुष र छोरी आयुषा सहित समस्त परिवारलाई धन्यवाद दिन चाहन्छु । शोधपत्रको शीर्षक चयन सम्बन्धमा सहयोग गर्ने श्री ऋषि दुवाडी तथा विविध सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने मेरा आत्मीय मित्र उषा न्यौपानेप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रलाई छिटोछरितो रूपमा टङ्कण गरी सहयोग पुऱ्याउने कालिका कम्प्युटर सर्भिस, नारायणगढका श्री महेश पौडेललाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरसमक्ष पेस गर्दछु ।

मिति : २०७० मङ्सिर २४
१० नोभेम्बर २०१३

-----------------

**सीता रेग्मी**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवाद |
| इ.सं. | इस्वी संवत् |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.भा.प्र.स. | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| वि.सं. | विक्रम संवत् |
| सं. | संस्करण/सङ्ख्या |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


१.१ विषय परिचय १

१.२ समस्याकथन ३

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको विवरण र समीक्षा ४

१.५ अध्ययनको औचित्य, महत्व र उपयोगीता ८

१.६ शोधकार्यको सीमाङ्कन ८

१.७ सामग्री सङ्कलन ८

१.८ शोधविधि ९

१.९ शोधपत्रको रूपरेखा ९


## परिच्छेद : दुई

## उपन्यासको सैद्धान्तिक चर्चा


२.१ उपन्यासको परिचय ११

२.२ उपन्यासका तत्त्वहरू १३

२.२.१ कथानक १३

२.२.२ चरित्र वा पात्र विधान १४

२.२.३ भाषाशैली १६

२.२.४ देश, काल र वातावरण १७

२.२.५ उद्देश्य १७

२.२.६ दृष्टिबिन्दु १८

२.२.७ प्रतीक र बिम्ब १९

२.३ नेपाली उपन्यासको विकासक्रम १९

२.३.१ पृष्ठभूमि १९

२.३.१.१ पृष्ठभूमिकाल/प्राथमिक काल (वि.सं. १८२७-१९४५ सम्म) २०

२.३.१.२ निर्माणकाल/माध्यमिक काल (वि.सं. १९४६-१९९० सम्म) २१

२.३.१.३ विकासकाल/आधुनिककाल (वि.सं. १९९१ देखि हालसम्म) २२
२.३.१.३.१ आदर्शोन्मुख यथार्थवादी धारा २३
२.३.१.३.२ स्वच्छन्दतावादी धारा २३
२.३.१.३.३ सामाजिक यथार्थवादी धारा २४
२.३.१.३.४ ऐतिहासिक यथार्थवादी धारा २४
२.३.१.३.५ आलोचनात्मक यथार्थवादी धारा २५
२.३.१.३.६ मनोविश्लेषणवादी धारा २५
२.३.१.३.६ विसङ्गतिवादी-अस्तित्ववादी धारा २६
२.३.१.३.८ प्रगतिवादी धारा २६
२.३.१.३.९ प्रयोगवादी धारा २७

## परिच्छेद : तीन

## कृष्ण धराबासीको साहित्यिक रचनाधर्मिता

३.१ जन्म र बाल्यकाल २९
३.२ शिक्षा २९
३.३ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा ३०
३.४ उपनाम ३१
३.५ कृतिलेखनका विविध पक्ष ३१
३.५.१ कवि व्यक्तित्व ३१
३.५.२ निबन्धकार व्यक्तित्व ३२
३.५.३ कथाकार व्यक्तित्व ३३
३.५.४ समालोचकीय व्यक्तित्व ३४
३.५.५ उपन्यासकार व्यक्तित्व ३४
३.५.६ पत्रकार व्यक्तित्व ३६
३.५.७ सम्पादक व्यक्तित्व ३७
३.५.८ प्रकाशित कृति ३८
३.५.९ पुरस्कारहरू ३९
३.५.१० सम्मान तथा कदरपत्र ३९
३.५.११ संलग्नता/सम्बद्धता ४०

३.६ औपन्यासिक प्रवृत्ति र विशेषताहरू ४१
३.६.१ लीलालेखन ४१
३.६.२ स्वैरकल्पनाको प्रयोग ४२
३.६.३ प्रयोगशीलता ४३
३.६.४ बहुनायकत्व ४४
३.६.५ कारुणिकताको चित्रण ४४
३.६.६ यथार्थवादी उपन्यासकार ४५
३.६.७ अस्तित्ववादी लेखक ४६
३.६.८ विधागत विविधता ४६
३.६.९ मिथकको प्रयोग ४७
३.६.१० दृष्टिबिन्दु प्रयोगमा नवीनता ४७
३.७ निष्कर्ष ८

**परिच्छेद : चार**

**पाण्डुलिपि उपन्यासको संरचनापक्षको अध्ययन**

४.१ उपन्यासको परिचय ४९
४.२ पाण्डुलिपि उपन्यासको संरचना ५०
४.२.१ पाण्डुलिपि उपन्यासको बाह्य संरचना ५१
४.२.२ पाण्डुलिपि उपन्यासको आन्तरिक संरचना ५२
४.२.२.१ उत्तरआधुनिकवादी आख्यानकृतिका रूपमा पाण्डुलिपि ५३
४.२.२.२ विधाभञ्जन, विधानिर्माण, नवविधा प्रवर्तनका रूपमा 'पाण्डुलिपि' उपन्यास ५६
४.२.२.३ लीलाबोधी लेखनका रूपमा पाण्डुलिपि उपन्यास ५७
४.२.२.४ 'पाण्डुलिपि' उपन्यासको प्रयोगशील पक्ष ५९
४.२.२.५ 'पाण्डुलिपि' उपन्यासमा आत्मवृत्तान्तन्यास औपन्यासिक स्वरूप ६१
४.३ शीर्षक सार्थकता ६९
४.४ कथावस्तु ७०
४.५ चरित्र चित्रण ७२
४.५.१ म पात्र (कृष्ण धराबासी) ७२
४.५.२ सीता जी ७३

४.५.३ आमा ७४
४.५.४ दुर्गा विनय (छोरो ठुलो) दिप्लेश ७५
४.५.५ विवेक (कान्छो छोरो) ७६
४.५.६ प्रतिमा (छोरी) ७६
४.५.७ स्वजन वा पारिवारिक पात्रहरू ७७
४.५.८ म पात्रको सम्पर्कमा आएका अन्य पात्रहरू ७८
४.५.९ मानवेत्तर पात्रहरू ७९
४.५.१० निष्कर्ष ८०
४.६ देशकाल वातावरण ८०
४.७ दृष्टिबिन्दु ८२
४.८ भाषाशैली ८३
४.९ संवाद ९०
४.१० उद्देश्य ९१
४.११ निष्कर्ष ९३

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ परिचय ९४
५.१ धराबासीको योगदान र मूल्याङ्कन ९४

**सन्दर्भसामग्रीसूची** १०६
क) सन्दर्भपुस्तकसूची १०६
ख) सन्दर्भपत्रिकासूची १०७
ग) सन्दर्भशोधपत्रसूची १०८

**परिशिष्ट खण्ड**
परिशिष्ट : एक - कृष्ण धरावासीको पाण्डुलिपि उपन्यास कृतिको आवरण १०९
परिशिष्ट दुई -
क) जीवन सङ्गिनी सीताजीको साथमा कृष्ण धरावासी ११०
ख) दोस्रो विवाह बन्धनमा बाँधिन पुगेका धरावासी मञ्जु विमलीको साथमा ११०

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

उपन्यासकार कृष्ण धरावासीको जन्म २०१७ साल श्रावण २ गते आइतबारका दिन मेची अञ्चलको पाँचथर जिल्लाको अमरपुर गा.वि.स.वडा नं. ७ फलाँटे भन्ने ठाउँमा पिता टीकाराम भट्टराई र माता अम्बिकादेवी भट्टराईको जेष्ठ सुपुत्रका रूपमा भएको थियो । उनको न्वारानको नाम कृष्णप्रसाद भट्टराई भए पनि नेपाली साहित्यका क्षेत्रमा कृष्ण धरावासीका नामले सुपरिचित छन् । उनी सानै उमेरमा बुबाआमा सहित झापा जिल्लाको शनिश्चरेमा बसाई सरेर केही समय त्यहीँ स्थायी बसोबास गरी हाल काठमाडौंमा बसोबास गर्दै आएका छन् । स्नातक तहसम्मको अध्ययन गरेका धरावासी वि.सं. २०३३ सालमा **सूर्योदय** साप्ताहिक पत्रिकामा कविता प्रकाशित भएपछि औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन । वि.सं. २०३३ सालमा उनको घरमा आगलागी हुँदा साहित्यिक सिर्जनाका प्रामाणिक रेकर्ड नष्ट भएको बुझिन्छ । धरावासीले कविता, कथा, उपन्यास, निबन्ध, समालोचना, संस्मरण, स्तम्भकार, सम्पादन आदि क्षेत्रमा कलम चलाएको देखिन्छ ।

धारावासीका प्रकाशित र अप्रकाशित बिस वटा कृतिहरू पुस्तकका रूपमा प्रकाशित भइसकेका छन् । उनका प्रकाशित कृतिहरू यसप्रकार छन् :-

| | | |
|---|---|---|
| **बालक हराएको सूचना** | निबन्धसङ्ग्रह | २०४८ |
| **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** | समालोचना | २०४८ |
| **उन्मुक्तिका आवाजहरू** | कवितासङ्ग्रह | २०५० |
| **लीलालेखन** | समालोचना | २०५३ |
| **नारीभित्र त्यस्तो के छ हजुर** | निबन्धसङ्ग्रह | २०५३ |
| **उत्तमजङ्ग सिजापतिको आलु** | निबन्धसङ्ग्रह | २०५६ |
| **शरणार्थी** | उपन्यास | २०५६ |

| | | |
|---|---|---|
| **आधा बाटो** | उपन्यास | २०५९ |
| **झोला** | कथासङ्ग्रह | २०६० |
| **कान्छी राधा** | सूत्र काव्य | २०६२ |
| **पाठकको अदालत** | मुद्दा | २०६२ |
| **राधा** | उपन्यास | २०६२ |
| **तेस्रो आयाम र वैरागी काइँला** | समालोचना | २०६३ |
| **तपाईं** | उपन्यास | २०६३ |
| **मेरो साहित्यिक यात्रा र मदन पुरस्कार** | संस्मरण | २०६४ |
| **कृष्ण धरावासीका चर्चित निबन्धहरू** | निबन्धसङ्ग्रह | २०६५ |
| **टुँडाल** | उपन्यास | २०६५ |
| **आँधी नआउने घर** | निबन्ध | २०६७ |
| **सी.के.प्रसाइँ** | जीवनी | २०६७ |
| **पण्डुलिपि** | उपन्यास | २०६९ |
| **गेस्टापो** | उपन्यास | २०७० |

धरावासीले उपन्यासमा तत्कालीन समाजको परिवेश र देशमा परेका समस्याहरूलाई विभिन्न तरिकाले प्रस्तुत गरेका छन् । उपन्यासकार कृष्ण धरावासीका **शरणार्थी**, **आधा बाटो**, **राधा**, **तपाईं**, **टुँडाल**, **पाण्डुलिपि** र **गेस्टापो** गरी ७ वटा उपन्यासहरू प्रकाशित छन् । उनले सर्वप्रथम **शरणार्थी** (२०५६) उपन्यासमा लीलालेखनको राम्रो प्रयोग गरेर देखाएका छन् । यसमा लेखकको प्रयोगधर्मिता पनि प्रशंसायोग्य छ । त्यस्तै अर्को **आधा बाटो** (२०५९) आत्मकथात्मक उपन्यास हो । धरावासीको लीलालेखनको प्रयोगका रूपमा अर्को **राधा उपन्यास** मदन पुरस्कार (२०६२) प्राप्त उपन्यास हो । यस उपन्यासले **राधा** र **कृष्णको** पूर्वीय मिथकलाई उत्तर आधुनिकतावादी विनिर्माण शैलीबाट पुनर्लेखन गर्ने काम गरेको छ । चौंथो प्रकाशित उपन्यास **तपाईं** (२०६३) नेपालको राजनैतिक विषयमा आधारित उपन्यास हो । पाँचौं उपन्यास **टुँडाल** (२०६५) यौन मनोविज्ञानमा आधारित उपन्यास हो । यस्तै गरेर उनको छैटौं उपन्यास **पाण्डुलिपि** (२०६९) हो । यसमा लेखक स्वयंले देखेका, भोगेका सुखद र कारुणिक क्षणहरूबाट सुन्दर आख्यान सिर्जना गरेका छन् । उनको सातौं उपन्यास **गेष्टापो** हो र यसमा साहित्ययात्राका क्रममा जर्मनी भ्रमण गर्दा देखिएका

विश्वयुद्धका आतङ्क र हिटलरको शक्तिबारे वर्णन गरिएको छ । उपन्यासमा लेखक स्वयम् उपस्थित भई म पात्र प्रस्तुत भएकोले प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । यस आख्यानात्मक घटनाले मानिसहरूले जीवनको अन्तिम घडीसम्म कसरी सङ्घर्ष गर्नु पर्दछ भन्ने ज्ञान गराउँदै नयाँ जीवन जिउने शैली निर्माण गर्न सहयोग पुऱ्याउँछ ।

धरावासी र **पाण्डुलिपि**को सम्बन्ध अत्यन्त घनिष्ट रहेको छ । उनले जीवनको हरेक क्षणसँग सङ्घर्ष गरेर यो **पाण्डुलिपि** सिर्जना गरेका छन् । धरावासी एउटा अनुसन्धेय व्यक्ति हुन् । उनले लेखेका प्रत्येक नेपाली उपन्यास अनुसन्धेय रहेका छन् । उनको यो पाण्डुलिपि उपन्यास पनि अनुसन्धान योग्य कृति बन्न पुगेको छ । त्यसकारण यस उपन्यासलाई शोधको विषय बनाएर **पाण्डुलिपि उपन्यासको कृतिपरक अध्ययन** शीर्षक राखिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको युवापुस्ताका प्रतिभाशाली स्रष्टा कृष्ण धरावासीको उपन्यास **पाण्डुलिपि**को कृतिपरक अध्ययन नै यस शोधकार्यको मुख्य समस्या रहेको छ ।

क) उपन्यासको सैद्धान्तिक परम्परा के कस्तो रहेको छ ?

ख) कृष्ण धरावासीको साहित्यिक रचनाधर्मिता के रहेको छ ?

ग) **पाण्डुलिपि** उपन्यासको संरचनापक्ष के कस्तो रहेको छ ?

घ) **पाण्डुलिपि** उपन्यासले नेपाली औपन्यासिक यात्रामा दिएको योगदान कस्तो छ ?

यिनै माथिका बुँदाहरूको अध्ययन, विश्लेषण गर्नु शोधकार्यको समस्या रहेको छ ।

## १.३ शोधको उद्देश्य

माथिका समस्याहरूमा केन्द्रित रही उपन्यासकार कृष्ण धरावासीको **पाण्डुलिपि** उपन्यासको अध्ययन गर्नु नै प्रस्तावित शोधपत्रको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) उपन्यासको सैद्धान्तिक परम्पराको अध्ययन गर्ने ।

ख) कृष्ण धरावासीको साहित्यिक रचनाधर्मिता पत्ता लगाउने ।

ग) **पाण्डुलिपि** उपन्यासको संरचनापक्षको अध्ययन गर्ने ।

घ) **पाण्डुलिपि** उपन्यासले नेपाली औपन्यासिक यात्रामा दिएको योगदानको चर्चा गर्ने ।

यसरी **पाण्डुलिपि** उपन्यासको विभिन्न कोणबाट चर्चा, परिचर्चा गर्नु शोधको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार कृष्ण धरावासीको **पाण्डुलिपि** छैटौं उपन्यास हो । धरावासीका अन्य कृतिहरूमा शोधकार्य सम्पन्न भइसकेको भए तापनि यस कृतिका बारेमा अध्ययन विश्लेषण भएको पाइँदैन । पुस्तक परिचयका रूपमा दुई चारवटा परिचयात्मक आलेख र केही पत्रपत्रिकाहरूमा छोटा मन्तव्यहरू लेखिएका छन् । तिनले मात्र यस उपन्यासको समग्र परिचय सम्भव छैन । यस कृतिका सम्बन्धमा हालसम्म भएका अध्ययनहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) जितेन्द्र साहले *मान्छे* शीर्षकमा कान्तिपुर दैनिक, २०६८ चैत्र ११ को पृ. ८ मा **पाण्डुलिपि** कृष्ण धरावासीको औपन्यासिक ढङ्गले लेखेको आत्मवृत्तान्त हो भन्दै उनले यसलाई श्रीमती सीताजीको वार्षिक पुण्यतिथिमा सार्वजनिक गर्दैछन् भन्ने कुरा उल्लेख गरेका छन् ।[1]

(ख) कृष्ण धरावासीले *पाण्डुलिपिभित्र जिन्दगी* शीर्षकमा **अन्नपूर्णपोष्ट**, २०६९ वैशाख ९ को पृष्ठ ९ मा श्रीमती सीताजीलाई किताब लेख्नका लागि उक्साएको तथा लेखक हुन सजिलो छैन सबै खाले धक, लाज र घृणालाई नाघ्नुपर्छ भन्ने उल्लेख गरेका छन् ।[2]

(ग) कृष्ण धरावासीले *धोतीबाट कुर्ता* शीर्षकमा **नागरिक दैनिक**, २०६९ वैशाख ९ को पृष्ठ ७ मा उपन्यासकी प्रमुख पात्र सीताजीले धोती लगाउने चलनबाट गाउन हुँदै समय र परिवर्तनको मागसँगै कुर्ता लगाइएको प्रसङ्ग **पाण्डुलिपिमा** उल्लेख गरेका छन् ।[3]

---

[1] जितेन्द्र शाह, *मान्छे*, **कान्तिपुर दैनिक**, २०६८ चैत्र ११, पृ. ८ ।
[2] कृष्ण धरावासी, *पाण्डुलिपिभित्र जिन्दगी*, **अन्नपूर्णपोष्ट**, २०६९ वैशाख ९, पृ. ९ ।
[3] कृष्ण धरावासी, *धोतीबाट कुर्ता*, **नागरिक दैनिक**, २०६९ वैशाख ९, पृ. ७ ।

(घ) गोपीकृष्ण ढुङ्गानाले *पाण्डुलिपि पल्टाइएको दिन* शीर्षकको लेखमा **अन्नपूर्णपोष्ट**, २०६९ बैशाख १० को पृष्ठ १० मा धरावासीले अढाई वर्ष देखि ४२ वर्षसम्म भोगेका दु:ख र पीडालाई समेटेर यस अघि **आधा बाटो** लेखेका थिए । **आधा बाटो**को बाँकी भागलाई **पाण्डुलिपि** रूपमा पाठक सामु ल्याएका हुन् भनी उपन्यासको वर्णन गरेका छन् ।[४]

मिश्र वैजयन्तीले यसै शीर्षकमा धरावासीले जिन्दगीलाई केर्दै, मेट्दै, भत्काउँदै अनि बनाउँदै जीवन बाँचिरहेको बताइन् । प्रकाशक अक्षर क्रिएसनकी अध्यक्ष अर्चना थापाले कृतिमा करुणा र भाव बढी छ र सुधारात्मक चेत पनि छ भनी टिप्पणी गरेकी छन् ।

(ङ) कृष्ण धरावासीले *पत्नीको सम्झनामा पाण्डुलिपि* शीर्षकमा **सौर्य दैनिक**, २०६९ वैशाख १० पृष्ठ ६ मा यस कृतिको बिक्रीबाट आएको पैसाबाट श्रीमती सीताजीको सम्झनामा दुईलाख रूपैया राशिको पुरस्कार घोषणा गर्दै सम्पूर्ण नारीजातिप्रति सम्मान भाव देखाएका छन् ।[५]

(च) बसन्त बस्नेतले *छोराको आँखामा धरावासीको पाण्डुलिपि* शीर्षकमा **नागरिक दैनिक**, २०६९ वैशाख २३ को पृष्ठ ८ मा छोरा विनयले धरावासीका कृतिहरूको विभिन्न पक्षहरूबाट अध्ययन र विश्लेषण गर्ने गरेको र यस **पाण्डुलिपि** उपन्यासका बारेमा केही भन्न सकिनँ भनेको कुरालाई उल्लेख गरेका छन् भने विनयले पतिपत्नी सम्बन्ध, छोराछोरीसँग गरिने व्यवहार, घर चलाउने आफ्नै शैली जस्ता कुराहरू जान्नका लागि तथा औपचारिक शिक्षा नलिएकी मेरी आमाको परिपक्वता र बुवामा आएको परिवर्तन बुझ्न यो **पाण्डुलिपि** पढिनु पर्ने कुरा उल्लेख गरेका छन् ।[६]

(छ) कृष्ण धरावासीले *आधाबाटो, पाण्डुलिपि र म* शीर्षकमा **अन्नपूर्णपोष्ट दैनिक**, वैशाख २३, पृ.७ मा लेखकले **आधाबाटो**को भूमिकामा वास्तवमा जीवन नै एक उपन्यास हो भन्ने उल्लेख गरेका छन् भने **पाण्डुलिपि**मा जीवन एउटा

[४] गोपीकृष्ण ढुङ्गाना, *पाण्डुलिपि पल्टाइएको दिन,* **अन्नपूर्णपोष्ट,** २०६९ बैशाख १०, पृ. १० ।
[५] कृष्ण धरावासी, *पत्नीको सम्झनामा पाण्डुलिपि,* **सौर्य दैनिक**, २०६९ वैशाख १०, पृ. ६ ।
[६] बसन्त बस्नेत, *छोराको आँखामा धरावासीको पाण्डुलिपि,* **नागरिक दैनिक,** २०६९ वैशाख २३, पृ. ८ ।

प्रविधिद्वारा लेखिएको पुस्तक हो, जसभित्र उपस्थित पात्रहरू केवल एक निश्चित अवधिको भूमिका निर्वाह गर्न उपस्थित हुन्छन् र म कथाको नायक हुँ भन्ने उल्लेख गरेका छन् ।[७]

(ज) राजकुमार बानियाले *धरावासीको रुवाबासी* शीर्षकमा **नागरिक दैनिक**, २०६९ वैशाख २३, पृ.६ मा **पाण्डुलिपि** धरावासीको रुवाइ हो यसमा लेखक आफू पनि रुन्छन् र पाठकलाई पनि धरधरी रुवाउँछन् भनेका छन् ।[८] रुवाउनु नै सफलताको मानक हो भने नेपाली साहित्यमा यत्तिको उचाइ आजसम्म कुनै लेखकले लिएको छैन भन्दै धरावासीको चिनारी रुवाबासी बाटै हुन्छ, **पाण्डुलिपि** अनावश्यक मोटो छ, धरावासी भावनामा बढी बहकिएका छन् र बौद्धिक रूपमा उभिने कोसिस गरेका छैनन् भनी टिप्पणी गर्दै अब नलेख्नोस् आँसुका कथाहरू र निजी जीवनका कुरा भन्दै सुझाएका छन् ।

(झ) सुरेश प्राञ्जलीले *फिक्का भोगाइको रङ्गीन पातो* शीर्षकमा **अन्नपूर्णपोष्ट दैनिक**, २०६९ वैशाख ३०, पृ. ७ मा मदन पुरस्कार प्राप्त उपन्यास **राधा**का लेखक कृष्ण धरावासी आफ्नो पछिल्लो किताब **पाण्डुलिपि** मार्फत आफ्नो महत्त्वपूर्ण अनुभव बाँडिरहेका छन् भनी उल्लेख गरेका छन् । लेखकले **पाण्डुलिपि**मा धरावासीका भाषाशैलीमा केही खस्रोपन आएपनि त्यही शैली तथा आफ्नोपनले धरावासीलाई स्थापित गराउँछ भनी व्याख्या गर्दै नारीवादी दृष्टिकोण बोकेको उनको अब्बल लेखनले स्त्री र पुरुषबिच हरेक कार्यमा सहकार्य हुनुपर्छ भन्ने जोड दिन्छ र आफूले हेपेका र कमजोर ठानेका महिलाहरूभित्र कति धेरै तर्क, बुद्धि र विचारहरू अटसमटस भएर बसेका हुन्छन् भनी उल्लेख गरेका गरेका छन् ।[९]

(ञ) रामेश्वरी पन्तले *सजिलो छैंन आमाहरूलाई* शीर्षकमा **नागरिक दैनिक**, २०६९ जे २, पृ.५ मा **गौरी** लेखेर धेरैलाई रुवाएका माधव घिमिरे त

[७] कृष्ण धरावासी, *आधाबाटो, पाण्डुलिपि र म,* **अन्नपूर्णपोष्ट दैनिक**, २०६९ वैशाख २३, पृ. ७ ।
[८] राजकुमार बानियाँ, *धरावासीको रुवाबासी,* **नागरिक दैनिक**, २०६९ वैशाख २३, पृ. ६ ।
[९] सुरेश प्राञ्जली, *फिक्का भोगाइको रङ्गीन पातो,* **अन्नपूर्णपोष्ट दैनिक**, २०६९ वैशाख ३०, पृ. ७ ।

आफूलाई स्याहार्न अर्की बिहे गरे । धरावासी र हरिवंशहरूले पनि आफ्नो स्याहार गर्ने दोस्रो पत्नी भित्र्याउन सक्लान् भनी आजको पुरुषप्रधान समाजमा पुरुषलाई दोस्रो बिहे गर्न जति सजिलो छ महिलालाई त्यति सजिलो छैन् भन्दै **पाण्डुलिपि**मा धरावासीले सीताजीलाई देबीको रूपमा देखेका छन् । उनी आफू देवता बन्न सक्छन् कि सक्दैनन् भन्ने कुरा व्यक्त गरेकी छन् । उनले सीताजी पात्रको माध्यमबाट नारी मनका पीडा व्यथा यसरी व्यक्त गरेकी छन् । संसारका हर चुनौती, दुःख. र पीडासँग सम्झौता गर्ने शक्ति नारीभित्र मात्र हुन्छ, नारी आमा हो ममताकी खानी हो, उसलाई माया र ममताले बाँधिरहेको हुन्छ । नारीका जुनसुकै रूप भएपनि उसको समग्र रूप आमा नै रहेछ र खप्नु उसको महन्ता रहेछ । हरेक पुरुषले स्विकारेको पनि यही हो । नारी खपीरहेकी हुन्छे-बिहेअघि छोरा र छोरी बीचको विभेद, बिहेपछिको बुहार्तन, पतिका भौतिक र अभौतिक अत्याचार, वैधव्यमा परिवार र समाजका लाञ्छना, बृद्धा अवस्थामा सन्तानबाट पाइने अपहेलना र तिरस्कार खप्दै खप्दै अन्तमा मृत्यु पश्चात् मात्र पाउँछे उसले सम्मान र कहलिन्छे **देबी** या महान **आमा** भनी **पाण्डुलिपिमा** धरावासीले सीताजीमा देखेको नारीवादको वर्णन गरेकी छन् ।[१०]

(ट) दिनमान गुंमछानले *धरावासीको जीवन-धरा* शीर्षकमा **नयाँ पत्रिका**, २०६९ जेठ १३, पृ. ६ मा **पाण्डुलिपि** धरावासीको जीवनगाथा बोकेको आत्मपरक उपन्यास हो भनी व्याख्या गरेका छन् । आमाको मृत्युपछि **आधा बाटो** लेख्न उक्साएकी जीवनसँगीनीको साथ दैवले चुँडाएको पीडालाई उनले **पाण्डुलिपि**बाट पोख्न र समर्पण गर्न हतारको चटारोमा उपन्यास लेखेको उल्लेख गरेका छन् ।[११]

यसरी **पाण्डुलिपि**का बारेमा विभिन्न समिक्षकहरूले आ-आफ्नो विचार सङ्क्षिप्त रूपमा प्रकट गरेका छन् तर समग्र कृतिको व्यवस्थित कृतिपरक अध्ययन भने हुन सकेको छैन ।

---

[१०] रामेश्वरी पन्त, *सजिलो छैंन आमाहरूलाई,* **नागरिक दैनिक**, २०६९ जेठ २, पृ. ५ ।
[११] दिनमान गुंमछान, *धरावासीको जीवन-धरा,* **नयाँ पत्रिका**, २०६९ जेठ १३, पृ. ६ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा सरल, सरस र मार्मिक उपन्यासहरू लेख्ने धरावासीले साढे तीन दशक समय साहित्य लेखनमा बिताइ सकेका छन् । उनको छैठौँ प्रकाशित उपन्यास **पाण्डुलिपि** देशका विधुर पुरुषहरूले भोगेको पीडा व्यथाको कारुणिक अवस्थालाई उभ्याइएको छ । यस उपन्यासभित्र उपकथा, पुराकथा, कविता र मिथकहरू छन् । त्यसैले यो विनिर्माण शैलीमा प्रस्तुत भएको छ । यस उपन्यासको आंशिक रूपमा पत्रपत्रिकामा सामान्य चर्चा गरिएको भएपनि विस्तृत चर्चा परिचर्चा भएको पाँइदैन । पत्रपत्रिकाहरूमा प्रकाशित रहेका सीमित चर्चाहरूले मात्र यस बृहद् आयाम समेटेर लेखिएको कृतिको पूर्ण समीक्षा हुन नसक्ने भएकोले यस उपन्यासको आवश्यक अध्ययन, विश्लेषण र मूल्याङ्कन नै यस शोधकार्यको औचित्य रहेको छ ।

त्यसैले यस शोधलाई आधार मानी धरावासीका अन्य कृतिका सम्बन्धमा अध्ययन विश्लेषण गर्न चाहने शोधकर्तालाई एक नमुना समेत हुनेछ । **पाण्डुलिपि** उपन्यासको कृतिपरक अध्ययन विश्लेषण गर्दा बहुमुखी साहित्यकार धरावासीप्रति उचित सम्मान पनि हुनेछ । यस शोधले नेपाली साहित्यका पाठक, विश्वविद्यालयका विद्यार्थीहरू, प्राध्यापकहरू, स्वतन्त्र रूपमा अध्ययन गर्ने पाठकलाई समेत एउटा आधार प्रदान गर्नेछ । यसकारण यस शोधबाट आख्यानका शोधार्थीहरू लाभान्वित हुसक्ने छन् । यस शोधको अध्ययनबाट ज्ञानको क्षेत्रमा बृद्धि हुनेछ । यी विभिन्न विशेषताका कारण यस शोधको उपयोगिता स्पष्ट देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तावित शोधकार्यको लागि गरिने अध्ययन साहित्यकार कृष्ण धरावासीको जीवनका सामान्य पक्षको परिचय दिई उनको प्रकाशित उपन्यास **पाण्डुलिपि**को कृतिपरक अध्ययनमा सीमित रहेको छ । उनका अन्य उपन्यास तथा कृतिहरूको अध्ययन-विश्लेषण यसमा समावेश गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यमा मूलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक लेख-टिप्पणीहरूको अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । यसका साथै शोधनायक र जीवित पात्रहरूसँग साक्षात्कार र अन्तर्वाताहरूबाट पनि

केही आवश्यक सामग्री सङ्कलन गरिएको छ । उपन्यास लेखकको निजी जीवनसँग बढी सम्बन्धित रहेकाले त्यसका पात्र र घटनाहरू जो आजसम्म जीवित र सम्भव छन् तिनबाट विशेष सहयोग लिने काम गरिएको छ ।

## १.८ शोधविधि

**पाण्डुलिपि** उपन्यासको कृतिपरक अध्ययनमा नै शोधपत्र केन्द्रित रहने भएकोले समीक्षाशास्त्रले निर्धारण गरेका प्रमुख उपकरणहरूलाई नै आधारमानी विश्लेषणात्मक र वर्णनात्मक विधि अपनाइएको छ । सामान्यतःआगमनात्मक एवम् निगमनात्मक विधिको अनुशरण गरी वस्तुवादी र विश्लेषणात्मक ढङ्गले **पाण्डुलिपि**को अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि सामान्यतया पाँच परिच्छेदहरूमा विभाजन गरी आवश्यकता अनुसार विभिन्न शीर्षक उपशीर्षकहरूमा बाँडेर यसरी व्यवस्थित गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा शोधको सामान्य परिचय दिइनेछ । जसअर्न्तगत शोध शीर्षक, शोध प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, अध्ययनको औचित्य महत्त्व र उपयोगिता, अध्ययनको सीमा, शोधविधि एवम् सामाग्री सङ्लन तथा शोधपत्रको रूपरेखा रहने छन् ।

**परिच्छेद दुई : उपन्यासको सैद्धान्तिक चर्चा**

यस परिच्छेदमा उपन्यासकार कृष्ण धरावासीको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय, उपन्यासको परिचय, लीलालेखनको सैद्धान्तिक चर्चा तथा उत्तरआधुनिकतावाद र लीलालेखनवारे चर्चा गरिएको छ ।

**परिच्छेद तीन : कृष्ण धरावासीको साहित्यिक रचनाधर्मिता**

यस परिच्छेदमा कृष्ण धरावासीको साहित्यिक रचनाधर्मिता, कृति लेखनका विविध पक्ष, औपन्यासिक प्रवृत्ति र विशेषताहरूको चर्चा गरिएको छ ।

**चौथो परिच्छेद : पाण्डुलिपि उपन्यासको संरचना पक्षको अध्ययन**

यस परिच्छेदमा उपन्यासको परिचय, संरचना, शीर्षक सार्थकता, कथावस्तु, चरित्रचित्रण, दृष्टिविन्दु, भाषाशैली, संवाद र उद्देश्य रहेको छन् ।

**पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा उपन्यासकार कृष्ण धरावासीले नेपाली उपन्यासका क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन गरी शोधको उपसंहार तथा निष्कर्ष राखेर शोधपत्र समापन गरिएको छ ।

यसप्रकार शोधको आदि भाग अगाडि र मध्यभाग शोध प्रतिवेदनका रूपमा तथा अन्त्य भागका रूपमा सन्दर्भसामग्रीलाई सन्दर्भ पुस्तक र पत्रिका सूचीका रूपमा समावेश गरी साङ्गोपाङ्ग रूपमा शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# उपन्यासको सैद्धान्तिक चर्चा

# परिच्छेद : दुई
# उपन्यासको सैद्धान्तिक चर्चा

## २.१ उपन्यासको परिचय

उपन्यास संस्कृत भाषाबाट रूपान्तरित भएर आएको तत्सम शब्द हो । 'उपन्यास' शब्द 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग र 'घञ्' प्रत्यय (उप+नि+अस्+घञ्) मिलेर बनेको हो । उप र न्यासको योगबाट बनेको यस शब्दमा 'उप'को अर्थ नजिक र 'न्यास'को अर्थ राख्नु भन्ने हुन्छ । जीवन जगत्मा देखिएका यथार्थ विषयवस्तुलाई समसामयिक रूपमा समाजका अगाडि प्रस्तुत गर्नु नै उपन्यास हो । अर्थात् "जीवन जगत्को साङ्गोपाङ्ग प्रस्तुति नै उपन्यास हो ।"[१]

संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोग प्राचीनकालदेखि नै भएको देखिन्छ तर आज उपन्यास शब्दले जुन अर्थ वहन गरेको छ, त्यो संस्कृत साहित्यमा मात्र नभई अङ्ग्रेजी साहित्यको 'नोबेल'सँग घनिष्ट रहेको छ । नेपाली साहित्यको उपन्यास विधाले पनि अङ्ग्रेजी साहित्यको नोबेलसँग साइनो गाँसेको छ ।[२] नोबेल शब्द इटालेली भाषाको नोबिले (Novellus) बाट आएको देखिन्छ । इटालेली 'नोबिले' शब्द ल्याटिन भाषाको नोवस (Novus) तथा नोवेलस (Novellus) शब्दबाट आएको हो । अङ्ग्रेजी भाषाको यही नोबेल, बंगाली, हिन्दी साहित्य हुँदै नेपाली साहित्यमा उपन्यास विधाका रूपमा विकसित हुन पुगेको पाइन्छ । "नेपाली साहित्यको उपन्यास विधा भने पाश्चात्य साहित्यबाट सिधै नआई भारतीय साहित्य हुँदै नेपालीमा प्रवेश गरेको हो भन्ने स्पष्ट नै छ ।"[३]

उपन्यासलाई परिभाषित गर्ने क्रममा पूर्वीय तथा पाश्चात्य परिभाषाहरू प्रसस्त मात्रामा देखा परेको पाइन्छ । हाल प्रचलनमा रहेको उपन्यास शब्द पाश्चात्य विद्वान्हरूबाट मात्र परिभाषित भएको देखिन्छ । यस सम्बन्धमा कोसको मतअनुसार - "उपन्यास अभिप्राय

---

[१] कृष्णहरि बराल र नेत्र एटम, **नेपाली उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं., ललितपुर : साझा प्रकाशन, २०५८, पृ. ३ ।

[२] ऐजन ।

[३] कृष्णबहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास,** काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०५९, पृ. ३ ।

त्यस गद्यमय गल्पकथासँग छ, जसमा वास्तविक जीवनको यथार्थ चित्रण रहन्छ ।"[४] यस्तै गरेर वेनस्टरले भनेका छन्, "उपन्यास कल्पित विशालकाय तथा गद्यमय आख्यान हो, जसमा एकै कथानक अन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्र तथा तिनका क्रियाकलापको चित्रण गरिन्छ ।"[५] यस्तै परिभाषा दिने क्रममा डी.एच. लरेन्सको मत छ- "उपन्यासले मानव जीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहित्यभन्दा स्वाभाविक रूपले बढी छ ।"[६] यी माथि दिएका उपन्यासका परिभाषाहरूको निचोड स्वरूप उपन्यासलाई यसरी चिनाउन सकिन्छ :

क) उपन्यास गद्यमय आख्यान हो ।

ख) यसको आयाम सुनिश्चित हुन्छ ।

ग) यसले समाजको वास्तविक जीवनको चित्रण गर्दछ ।

घ) उपन्यासको वस्तु विन्यास शृङ्खलित र स्वयम् पूर्ण हुन्छ ।

त्यस्तै भारतीय साहित्यकार प्रेमचन्दले उपन्यासलाई यसरी परिभाषित गरेको पाइन्छ- "मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देश्य हो ।"[७] नेपाली समीक्षक राजेन्द्र सुवेदीका अनुसार "पूर्वाधार तारतम्यमा सु-सम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"[८] त्यस्तै गरेर अर्का समीक्षक कृष्णचन्द्रसिंह प्रधानका अनुसार "उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।"[९] निष्कर्षमा उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ :

क) उपन्यास निश्चित आयाम लिएको गद्यमय आख्यान हो ।

ख) यसले मानव जीवनको यथार्थ र साङ्गोपाङ्ग चित्रण गर्दछ ।

ग) यसले युगीन सजीव चित्र प्रस्तुत गर्दछ ।

घ) यसको वस्तुविन्यास व्यवस्थित, शृङ्खलित र सङ्गठित हुन्छ ।

ङ) यो आफैमा पूर्ण हुन्छ ।

च) यो समाख्यानात्मक विधि अपनाएर लेखिने साहित्यिक विधा हो ।

---

[४] कृष्णविलास पौड्याल, **नेपाली आख्यान र नाटक,** काठमाडौं : नवीन प्रकाशन, २०५९, पृ. १८६ ।

[५] पूर्ववत्, पृ. १८७ ।

[६] कृष्णबहादुर बस्नेत, पूर्ववत्, पृ. ६ ।

[७] पूर्ववत्, पृ. १६ ।

[८] ऐजन ।

[९] नेत्र एटम, पूर्ववत्, पृ. ७ ।

यसरी उपन्यासलाई विभिन्न लेखकहरूले आ-आफ्नो परिभाषा प्रस्तुत गरेका छन् । समग्रमा उपन्यासको परिभाषालाई एउटै सूत्रमा बाँधेर हेर्दा यथार्थ जीवनको सम्पूर्ण चित्र प्रस्तुत गर्ने निश्चित आयाम भएको गद्यमय आख्यानलाई उपन्यास भनिन्छ ।

## २.२ उपन्यासका तत्त्वहरू

उपन्यासको निर्माणमा आवश्यक पर्ने आधारभूत पक्षलाई तत्त्व भनिन्छ, जसको समुचित प्रयोग र अन्तर मिश्रणबाट नै उपन्यासले स्पष्ट स्वरूप निर्धारण गर्दछ । उपन्यासका तत्त्वलाई आधुनिक समालोचनामा यिनलाई तत्त्व नमानेर उपकरणका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । तत्त्व या उपकरण जे भनिए पनि केही आधारभूत पक्षहरूलाई उपन्यासको निम्ति आवश्यक अङ्ग मानिन्छ । उपन्यासलाई साहित्यिक विधाको रूपमा चिनाउन यसमा प्रयोग गरिने विभिन्न घटक वा अवयवको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यास रचनाका आधारभूत तत्त्व, सङ्ख्या र नामकरण बारेमा सबै विद्वान्हरू एकमत छैनन् तर पनि वर्तमानमा स्वीकार गरिएका उपन्यासका तत्त्वहरूबारे अध्ययन गर्न सकिन्छ ।

## २.१.१ कथानक

कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको क्रमबद्ध वा योजनाबद्ध ढाँचा हो । उपन्यासमा आउने घटनाहरू कार्यकारणमा आवद्ध रहेका हुन्छन् । यसबाट उपन्यासको कथावस्तु वा कथानकलाई सङ्गठित, व्यवस्थित र परिष्कृत बनाएर उपन्यास सिर्जना गरिन्छ । उपन्यासको आधारभूत तथा प्रमुख तत्त्वका रूपमा कथानकलाई लिइएको पाइन्छ । कृष्णचन्द्रसिंह प्रधानले कथानकलाई यसरी परिभाषित गरेका छन्- “यो उपन्यासको आधारवस्तु हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ ।”[१०] शृङ्खलाबद्ध रूपमा उपन्यासका घटनाहरूलाई एकपछि अर्को गरी मालाझैँ उनेर लैजाने कार्य यसै कथानकले गर्दछ । कथानक बुझ्न कथा र कथानकको भिन्नता बुझ्नु आवश्यक हुन्छ । कथानकले उपन्यासको संरचनामा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा उपन्यासले सबैभन्दा बढी कथानकको अपेक्षा राखेको हुन्छ । कथानक हुनलाई घटनावस्तु र क्रियाकलापको

---

[१०] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** ते.सं., ललितपुर : साझा प्रकाशन, २०५२, पृ. ७ ।

आवश्यकता पर्दछ अनि परिवेश र चरित्रको विन्यास हुनुपर्छ ।[११] उपन्यासमा आदि, मध्य र अन्त्य अवस्थामा रहने कथानकमा आरम्भ, सङ्घर्ष विकास, उत्कर्ष, उत्कर्षह्रास र उपसंहार गरी पाँच चरण हुन सक्छन् ।[१२] त्यसै गरी कथानकलाई रैखिक र वृत्ताकारीय ढाँचामा निर्माण गर्न सकिन्छ । कथानकलाई आदि, मध्य र अन्त्यलाई जोड्न सरल रेखाको ढाँचा अँगालिएको छ भने त्यसलाई रैखिक ढाँचा भनिन्छ भने कथानकलाई पूर्वदीप्ति शैलीमा घुमाएर क्रमबद्धतामा विचलन ल्याइन्छ भने त्यसलाई वृत्ताकारीय ढाँचा भनिन्छ ।[१३] कथानक मुख्य र सहायक, सुसङ्गठित र सुव्यवस्थित, सरल र सुखान्त र दुःखान्त, व्यङ्ग्यात्मक र रागात्मक गरी धेरै प्रकारका हुन्छन् ।[१४]

## २.१.२ चरित्र वा पात्र विधान

चरित्र उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । चरित्र वा पात्रको अभावमा उपन्यास बन्न सक्दैन । उपन्यासको कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्ग निर्देशन प्रदान गर्नुका साथै जीवन्तता प्रदान गर्दछ । चरित्र चित्रणले गर्दा आधुनिक उपन्यास जीवनको प्रतिबिम्ब बन्न सकेको छ, यसर्थ उपन्यासमा चरित्रको महत्त्व स्वतः प्रमाणित हुन्छ । मानव सभ्यता र समाजलाई तत्कालीन स्वरूप अनुसार थाहा पाउनमा र विगतमा भएका घटनालाई वर्तमानमा ल्याउने र भविष्यको पथ प्रदर्शन गर्ने माध्यम पनि चरित्र नै हो ।[१५] उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ ।[१६] चरित्र चित्रण गर्दा पात्रको आन्तरिक र बाह्य दुवै पक्षको सूक्ष्म अध्ययन, विश्लेषण र उद्घाटन गर्नु पर्दछ । पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

क) भूमिका वा कार्यका आधारमा यसलाई विभिन्न भागमा विभाजन गर्न सकिन्छः[१७]

अ) प्रमुख चरित्र आ) गौण चरित्र इ) सहायक चरित्र

---

[११] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०५३, पृ. १८ ।

[१२] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५६, पृ. २७ ।

[१३] पूर्ववत्, पृ. २८ ।

[१४] पूर्ववत्, पृ. २९ ।

[१५] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७ ।

[१६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३० ।

[१७] पूर्ववत्, पृ. ३२ ।

मूल कथानकसँग सम्बन्धित मुख्य चरित्रलाई प्रमुख चरित्र भनिन्छ । यसमा नायक, नायिका, खलनायक र केन्द्रीय भूमिका भएका पात्र पर्दछन् । त्यस्तै प्रसङ्गअनुसार आउने अन्य पात्रहरूलाई गौण चरित्र भनिन्छ ।

ख) प्रतिनिधित्वका आधारमा चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :

अ) व्यक्तिगत चरित्र आ) वर्गगत चरित्र

वैयक्तिक भावना भएका पात्रलाई व्यक्तिगत चरित्रमा राख्न सकिन्छ भने सामूहिक भावना र वर्गीय स्वार्थ भएका पात्रलाई वर्गगत चरित्र भनिन्छ ।

ग) गतिशीलताका आधारमा पनि पात्रलाई दुई वर्गमा विभाजन गर्न सकिछ :

अ) गतिशील चरित्र आ) स्थिर चरित्र

उपन्यासमा सक्रिय भूमिका निर्वाह गरी यसमा गतिशीलता ल्याउने काम गतिशील चरित्रले गर्दछ । त्यस्ता पात्रलाई परिवृत्त चरित्रका रूपमा लिन सकिन्छ । त्यस्तै गरेर उपन्यासमा गतिहीन र निष्क्रिय देखिने पात्रलाई स्थिर चरित्र भनिन्छ ।

घ) प्रवृत्तिका आधारमा चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :

अ) अनुकूल चरित्र : उपन्यासका पात्रहरूले सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल वा सत् चरित्र मानिन्छ ।

आ) प्रतिकूल चरित्र : नकारात्मक भूमिका निर्वाह गरी पाठकले घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ ।[१८]

ङ) आसन्नताका आधारमा चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :

अ) मञ्चीय चरित्र : उपन्यासमा उपस्थित भई संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ । प्रत्यक्ष रूपमा उपस्थित हुने पात्र ।

आ) नेपथ्य चरित्र : उपन्यासमा पात्र उपस्थित नभई अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।[१९]

---

[१८] ऐजन ।

[१९] ऐजन ।

च)	आबद्धताका आधारमा चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :

अ)	बद्ध : बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ वा उपत्यासबाट अलग हुँदा कथानकमा असर पार्ने पात्रहरू बद्ध चरित्रका हुन् ।

आ)	मुक्त : उपन्यासबाट अलग हुँदा पनि कथानकमा खासै असर नपर्ने पात्रहरू मुक्त चरित्रका हुन् ।[२०]

## २.१.३ भाषाशैली

उपन्यास भाषाद्वारा मूर्तरूपमा प्रकट हुने साहित्यिक कला हो । भाषा अभिव्यक्तिको माध्यम हो र साहित्यको सर्वस्व हो, भाषाको शक्तिमै उपन्यासको गौरव अडेको हुन्छ । उपन्यासकारले भाषालाई नयाँ मौलिक ढङ्गले प्रयोग गरेको हुन्छ । यही मौलिकत्व नै उपन्यासकारको प्रस्तुतिको माध्यम हो । भाषाको माध्यमद्वारा विभिन्न भाव या विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो । उपन्यासमा विभिन्न अलङ्कारहरूको प्रयोग पनि पात्रहरूको संवादबाट भएको हुन्छ । उपन्यासमा व्यासशैली र समासशैली गरी दुई प्रकारको हुन्छ र यी दुवै शैलीको प्रयोग उपन्यासमा गरिएको हुन्छ ।[२१] शैली उपन्यासको सूक्ष्म तत्त्व हो भने भाषा यसको स्थूल तत्त्व हो ।[२२] भाषालाई आलङ्कारिक तथा काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो । उपन्यास साहित्यिक गद्य विधा भएकोले यसमा प्रायः सरल भाषाको प्रयोग गरिन्छ । भाषाशैली अन्तर्गत शब्द, विन्यास, वाक्य रचना र त्यससम्बन्धी तत्त्वहरू पर्दछन् । उपन्यासको भाषा पात्रको स्तर परिस्थिति अनुकूल स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय हुनुपर्दछ । एउटै भावका लागि अनेक शब्दहरूको प्रयोग अर्थात् केवल शब्दाडम्बरले मात्र उपन्यासको भाषाशैली सुन्दर हुन सक्दैन । यहाँ त त्यस्ता शब्द हुनुपर्छ, जसलाई कुनै पनि अवस्थामा हटाउन नसकियोस् जहाँ विचारको गम्भीरता, भावको रोचकता, अर्थको स्पष्टता र सुगमता हुनुपर्छ ।[२३]

उपन्यासमा कथावस्तुको विकास गर्न चरित्रको मनोवृत्तिको उद्घाटन गर्न संवाद वा कथोपकथनको भूमिका हुने गर्दछ । संवाद उपन्यासको गौण तत्त्व हो तर उपन्यासलाई

---

[२०] पूर्ववत्, पृ. ३३ ।
[२१] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४०-४१ ।
[२२] कृष्णबहादुर बस्नेत, पूर्ववत्, पृ. २७ ।
[२३] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा,** दो.सं., ललितपुर : साझा प्रकाशन, २०४९, पृ. २१९ ।

रोचक बनाउन कौतुहलता थप्न सहायक तत्त्वको रूपमा प्रयुक्त हुन्छ । यसको माध्यमबाट उपन्यास कथाको विकास गराउन सहयोग गर्दछ । संवादको गुण नै स्पष्टता, पूर्णता, संक्षिप्तता र रसयुक्त सुन्दरता हो । यी गुणबिनाको संवादले लेखकको दरिद्रता प्रकट गर्दछ ।[२४] भाषा अभिव्यक्तिको अनिवार्य तत्त्व भएको र शैली भाषाबाट नै अभिव्यञ्जित हुने हुँदा भाषा र शैली उपन्यासका अनिवार्य तत्त्व हुन् ।

## २.१.४ देश, काल र वातावरण

उपन्यासको कथानक वा गतिशीलता परिवेशकै आधारमा निहित रहेको हुन्छ । उपन्यासको कथानकलाई अगाडि बढाउन पात्रहरूको परिवेश चित्रण गर्दा देश, काल र परिस्थिति अनुरूप नै गरिएको हुन्छ । पात्रहरूको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ । उपन्यासमा हुने कार्यव्यापारको पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो ।[२५] औपन्यासिक कथावस्तुलाई यथार्थ, विश्वसनीय र प्रभावपूर्ण ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न सार्थक वातावरण, परिवेश तथा परिस्थितिले आवश्यक पृष्ठभूमि निर्माण गर्दछ ।[२६] उपन्यासकारले प्रायजसो देश कालको प्रस्तुतिको लागि चित्रात्मक शैलीको प्रयोग गरेको पाइन्छ ।

## २.१.५ उद्देश्य

कुनै पनि उद्देश्यबिना साहित्यको सिर्जना सम्भव हुँदैन । साहित्य सिर्जना गर्नका पछाडि एउटा न एउटा उद्देश्य रहन्छ । साहित्यबाट कुनै पनि विषयवस्तुको बोध हुन्छ । उपन्यासले वैयक्तिक जीवनको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् । लेखकले आफ्नो जीवनदर्शन कलापूर्ण रूपमा प्रस्तुत गर्नु पर्दछ । उपन्यासमा कुनै विचारको अभिव्यक्ति दिन वा कुनै कुरा भन्ने उद्देश्य राख्नु स्वाभाविकै कुरा हो तर उद्देश्यका विचारको प्रतिपादन गराउने पूर्णयोजना राख्नाले उपन्यास स्थूल र सूक्ष्म बन्न सक्छ ।[२७]

---

[२४] पूर्ववत्, पृ. २१४ ।
[२५] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३७ ।
[२६] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. १९२ ।
[२७] पूर्ववत्, पृ. १९५ ।

यसरी हेर्दा विषयलाई गहनता र विस्तृति दिएर कुनै सामाजिक, आर्थिक, नैतिक, धार्मिक आदि समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन वा जीवनदर्शनकै रूपमा मूल्याङ्कन गर्ने काम उद्देश्यले गर्दछ ।

## २.१.६ दृष्टिबिन्दु

उपन्यासका लागि चाहिने औपन्यासिक तत्त्वमध्ये दृष्टिबिन्दु पनि एक महत्त्वपूर्ण तत्त्व हो । प्रथम वा तृतीय पुरुष दृष्टिबिन्दुमध्ये कुनै एकलाई नअँगाली लेखकले आफ्नो कुरा व्यक्त गर्न नसक्ने भएकाले दृष्टिबिन्दु नभई नहुने तत्त्व अन्तर्गत पर्दछ । उपन्यासमा कथाकारले कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो ।[२८] उपन्यासमा कुन पात्रलाई मुख्य केन्द्रमा राखेर कथा भनिएको छ, त्यस पात्रको कथासँग कस्तो सम्बन्ध रहेको छ भन्ने कुरामा दृष्टिबिन्दुले पात्रलाई छुट्याएको हुन्छ । दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो, जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणा व्यक्त गर्दछ । यसबाट कथाकारले कसरी घटना एवं चरित्रहरूको वर्णन तथा स्थापना गर्छ भन्ने कुराको निर्धारण हुन्छ ।[२९] यस आधारमा दृष्टिबिन्दुलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

### क) आन्तरिक दृष्टिबिन्दु

उपन्यासकार वा आख्यानकार स्वयं उपस्थित भएर म पात्रका रूपमा कथावस्तु प्रस्तुत गर्ने विधिलाई आन्तरिक दृष्टिबिन्दु भनिन्छ । यसलाई अर्को अर्थमा केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दुमा कथयिता र उपन्यासको प्रमुख पात्र हुन्छ । परिधीय दृष्टिबिन्दुमा उपन्यासको कथयिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रहरूभन्दा टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ ।[३०]

### ख) बाह्य दृष्टिबिन्दु

उपन्यासमा कथावस्तु वाचन गर्न तृतीय पुरुष भएमा बाह्य दृष्टिबिन्दु हुन्छ । यस्तो दृष्टिबिन्दु भएको उपन्यासमा उपन्यासकार वा कथाकारले

---

[२८] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३९ ।
[२९] ऐजन ।
[३०] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४० ।

घटनास्थलभन्दा बाहिरै बसेर वा रहेर पनि अरूका बारेमा टिप्पणी गर्दछ । बाह्य दृष्टिबिन्दुमा पनि दुई प्रकारको पाइन्छ- सर्वज्ञ र सीमित ।

### २.१.७ प्रतीक र बिम्ब

कुनै मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निक्कै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । उपन्यास आफैंमा भाषिक प्रतीक हो । कतिपय उपन्यासमा घटना वा वस्तु पनि प्रतीकका रूपमा व्यक्त भएका हुन्छन् ।

बिम्ब भनेको कुनै वस्तुको मस्तिष्कमा पर्ने छायाँ हो । उपन्यासमा छायाँ पार्ने काम भाषाले गर्दछ । शब्दका माध्यमबाट पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना र पात्रको यथार्थ सादृश्य छायाँ पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बले भाषा र कथ्यलाई एकाकार गर्छ ।[३१] उपन्यासमा प्रयुक्त प्रतीक र बिम्ब बढी दृश्य हुन्छन् । उपन्यासका औपन्यासिक तत्त्वमध्ये प्रतीक र बिम्ब पनि अपरिहार्य तत्त्व हुन् ।

## २.२ नेपाली उपन्यासको विकासक्रम

### २.२.१ पृष्ठभूमि

नेपाली भाषामा आजसम्म भएको खोज र अनुसन्धानले विक्रमको चौधौं शताब्दीको प्रारम्भतिर राजा अशोक चल्लको राज्यकालमा प्रशासनिक अभिलेखका रूपमा प्राप्त भएको १३१२ को ताम्रपत्रलाई सर्वप्राचीन नेपाली अभिलेख मानिन्छ । त्यस्तै ग्रन्थका रूपमा प्राप्त भएको रचना वि.सं. १६४९ मा लेखिएको बेनामी मूल **खण्डखाद्य,** १६५८ को स्वस्थानी व्रतकथा र १७०० तिरको **बाजपरीक्षा** नै आजसम्मका पहिला प्रामाणिक कृतिहरू हुन् । लेखकको नाम खुल्न आएको रचना भने १७७३ मा वाणीविलास ज्योतिर्विदले लेखेको **ज्वरोत्पत्ति चिकित्सा** र प्रेमनिधि पन्तको **प्रायश्चित्त प्रदीप** १८८० मा गरेको नेपाली अनुवादलाई पहिलो कृति मानिएको छ ।[३२] शाहकालको प्रारम्भ भएपछि नेपाली भाषामा लामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ । नेपाली उपन्यासको ऐतिहासिकता पनि

[३१] पूर्ववत्, पृ. ४५ ।

[३२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौ.सं., ललितपुर : साझा प्रकाशन, २०४९, पृ. १०० ।

वि.सं. १८२७ को शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व**बाट सुरु भएको देखिन्छ । नेपाली उपन्यासको प्रारूप पहिल्याउने क्रममा प्राचीन गद्याख्यान परम्परालाई नेपाली उपन्यासको पृष्ठभूमि स्विकार्दै नेपाली उपन्यासको कालविभाजन विभिन्न विद्वान्हरूबाट भएको पाइन्छ । कालविभाजन सम्बन्धी समयबिन्दुमा केही विवाद र नामकरणमा पनि केही भिन्नता पाइन्छ । यहाँ दयाराम श्रेष्ठले गरेको कालविभाजन र नामकरणलाई आधार मानी नेपाली उपन्यासको विकासक्रम देखाइएको छ । उनका अनुसार नेपाली उपन्यासको कालविभाजन यसरी प्रस्तुत गरिएको छ :

क) पृष्ठभूमिकाल/प्राथमिक काल (वि.सं. १८२७-१९४५ सम्म)

ख) निर्माणकाल/माध्यमिक काल (वि.सं. १९४६-१९९० सम्म)

ग) विकासकाल/आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

## २.२.१.१ पृष्ठभूमिकाल/प्राथमिक काल (वि.सं. १८२७-१९४५ सम्म)

नेपाली उपन्यासको पृष्ठभूमिकाल वा प्राथमिक काल भनेको विधागत सैद्धान्तिक उपन्यास लेखनको दृष्टिले शून्य उपन्यास लेखनको काल पनि भनिएको छ । इतिहासतिर फर्केर हेर्दा शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** (१८२७) र अर्यालकै नाट्यकृति **हास्यकदम्ब** (१८५५) लाई आख्यान शिल्प प्रयोग भएको रचना मानिएको छ । यसपछि भानुदत्तको **हितोपदेश मित्रलाभ** (१८३३) देखा पर्दछ र यी सबै रचना संस्कृतबाट अनूदित आख्यान रचना देखिन्छन् ।[३३] **महाभारत**बाटै उद्धृत गरिएको **लक्ष्मीधर्म संवाद** (१८५१) द्वारा रामभद्र पाध्याले आख्यानलाई केही अघि बढाएको पाइन्छ भने (१८७२) मा लिखित **पिनासको कथा** (१८७५), मुन्सीका **तीन आहान** (१८८२), पूर्व अनुवाद गरिएको **मुद्राराक्षस,** सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्यगाथा, अध्यात्म रामायण, बहत्र सुगाको कथा** (१८९२) आदि रचनाले नेपाली आख्यानको गतिशील परम्परालाई थप बल प्रदान गरेको पाइन्छ ।[३४] मूलतः नेपाली आख्यान परम्परामा उपर्युक्त केही रचनाबाहेक उल्लेख्य औपन्यासिक कृति यस अवधिमा प्राप्त हुन सकेको देखिँदैन । यीमध्ये **दशकुमार चरित** र **अध्यात्म रामायण**ले नेपाली उपन्यासको पृष्ठभूमि तयार पारेको देखिन्छ ।[३५]

---

[३३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ७३ ।
[३४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १०४-१०५ ।
[३५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ३४ ।

यसरी हेर्दा १८२७ देखि १९४५ सम्मको एकसय अठार वर्षको लामो अवधिले नेपाली उपन्यासको प्राथमिककाल वा पृष्ठभूमिकालको इतिहास नै बनेको छ । यी कृति र यो समयले नेपाली उपन्यासको विकासमा मद्दत गरेको छ ।

### २.२.१.२ निर्माणकाल/माध्यमिक काल (वि.सं. १९४६-१९९० सम्म)

**वीरसिक्का** (वि.सं. १९४६) देखि **रूपमती** (१९९१) पूर्वको अवधिलाई नेपाली उपन्यासको निर्माण वा माध्यमिक काल भनिएको छ । **वीरसिक्का** कृतिबाट नेपाली आख्यानको क्षेत्रमा नयाँ प्रक्रियाको थालनी भएको पाइन्छ । यो कृति उपन्यास नै होइन तर यसको आख्यानले उपन्यासको निर्माणकालीन पृष्ठभूमि तयार पारेको देखिन्छ ।[३६] यसपछि (सन् १९५९) मा सदाशिव शर्माद्वारा सम्पादित **उपन्यास तरङ्गिणी** भन्ने उपन्यासप्रधान पत्रिकाले निर्माणकालको इतिहास नै तयार गरेको पाइन्छ । यसै पत्रिकामा शर्माकै **महेन्द्र प्रभा** (१९५९) लाई पहिलो मौलिक उपन्यास मानिन्छ । यसै कालमा बेनामीको **अद्भुत मिलाप** (१९५८), पं. नरदेवबाट अनूदित **मेरिना चरित्र** (१९५९) ऋषभदेव शर्माको किस्सा **सुकसारिका** (१९५९) प्रकाशमा आए पनि यस अवधिमा **महेन्द्रप्रभा** नै उत्कृष्ट देखिन्छ ।

गिरीशवल्लभ जोशीको **वीरचरित्र** (१९६०) ले माध्यमिककालीन उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ भने माध्यमिककालीन उपन्यासको विकासमा विभिन्न पत्रपत्रिकाहरूले पनि महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । **गोरखापत्र** (१९५८), **सुन्दरी** (१९६३), **गोर्खाली** (१९७२), **चन्द्र** (१९७३), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९६९), **गोरखा संसार** (१९६३) लगायतका पत्र-पत्रिकाहरूमा प्रकाशित रचना र धारावाहिक उपन्यासले उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।[३७] पौराणिक, धार्मिक, रोमाञ्चक र औपदेशिक आख्यान क्षेत्रका उपन्यासहरू यस अवधिमा देखिन्छन् । यस समयका आख्यान ग्रन्थहरू दीर्घमानको **सत्यनारायण व्रतकथा** (१९४८), हरिहर शर्माको **दुर्गा सप्तसती** (१९४८), चिरञ्जिवी शर्माको **सुखार्णव** (१९५०), बेनामीको **एकादशी माहात्म्य** (१९५२), रामकृष्ण बर्माको **गोर्खा हास्य मञ्जरी** (१९५२), शिवदत्त शर्माको **वीरसिक्का** (दोस्रो

[३६] ऐजन ।

[३७] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ८० ।

भागदेखि सम्पूर्ण १९५२), गंगाधर शास्त्रीको **सर्वसङ्ग्रह** (१९५३), देवकी नन्दन खत्रीको **चन्द्रकान्ता** (१९५६), **नरेन्द्र मोहिनी** (१९५८) महत्त्वपूर्ण छन् ।[३८]

नेपाली उपन्यास परम्परामा जासुसी, तिलस्मी, ऐयारी उपन्यासहरूको प्रवेशले अनुवाद अनुकरण र रूपान्तरण विधिलाई बढी महत्त्व दिएको पाइन्छ । त्यसो भए पनि **महेन्द्रप्रभा, वीरचरित्र**, **डा. सूर्यप्रसाद** जस्ता उपन्यासमा मौलिकता र समकालीन परिवेशको प्रस्तुति पनि पाइन्छ ।[३९] समाजमा नैतिक शिक्षा दिनु मनोरञ्जन प्रदान गर्नु, सुधारको सङ्केत गर्नु यस समयका उपन्यासको उद्देश्य रहेको छ ।

यस कालमा नेपाली उपन्यासले विकासयात्राको ठुलो फन्को मारेको पाइन्छ । छोटो अवधिमा भएको उपन्यास लेखनको यस प्रभावले आधुनिक उपन्यास लेखनमा ठुलो टेवा पुगेको देखिन्छ । पूर्ण रूपले औपन्यासिक सिद्धान्तसँग मिल्ने कृति नपाइए पनि माध्यमिक कालको नेपाली आख्यान परम्परालाई आधुनिक नेपाली उपन्यास लेखनको बलियो पृष्ठभूमि मान्न सकिन्छ ।

### २.२.१.३ विकासकाल/आधुनिककाल (वि.सं. १९९१ देखि हालसम्म)

वि.सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती** उपन्यासमा सामाजिक यथार्थवादको प्रयोग भएको पाइनु नै नेपाली उपन्यासमा आधुनिकताको लक्षण थियो । यसै कृतिबाट नेपाली उपन्यासमा आधुनिकताको प्रारम्भ भएको मानिन्छ । शैलीगत विविधता पाइनुका साथै पाश्चात्य साहित्यका प्रभावहरू पाइनु नेपाली उपन्यासमा आधुनिकताको प्रवेशको महत्त्वपूर्ण आधार हो । विकासको क्रमिक इतिहासभित्र अनेक प्रवृत्ति तथा परम्पराको स्थापना हुनु स्वाभाविकै हो ।[४०] **रूपमती**ले प्रारम्भ/बीजारोपण गरेको नेपाली उपन्यासको आधुनिककालसँग आदर्शोन्मुख यथार्थवाद भित्रिन्छ ।

नेपाली उपन्यासको आधुनिककाललाई अध्ययन गर्दा विभिन्न विषय, शैली, वाद, विचारधारा र प्रवृत्तिबाट प्रभावित देखिन्छ । यस काललाई अध्ययन गर्दा यथार्थवादी धारा, आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, नारीवादी धारा, मनोविश्लेषणवादी धारा, प्रकृतवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, मिथकीय

---

[३८] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ९४ ।
[३९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १०९ ।
[४०] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ९१ ।

धाराको **रूपमती** क्रमशः अध्ययन गर्दै जानु वैज्ञानिकता हो किनभने अहिलेसम्म कुनै प्रवृत्ति टुङ्गिएको छैन र कुनै अर्को प्रवृत्तिको एकलौटी प्रभाव परेको पनि देखिँदैन । यिनीहरूको संक्षिप्त परिचय यसप्रकार छ :

## २.२.१.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

आदर्शवादी जीवनदृष्टि र यथार्थवादी कला प्रयोग गरी लेखिएका कृति वा उपन्यासहरू आदर्शोन्मुख यथार्थवादी धाराअन्तर्गत पर्दछन् । समाजको यथार्थ चित्रण गरेर लेखिएका उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा पुगिन्छ, यो आदर्शोन्मुख यथार्थवादी हुन्छ । आधुनिक नेपाली उपन्यासको आरम्भ नै यस धाराबाट भएको हो । आदर्श र मर्यादाका पाठहरू सिकाउने उद्देश्य राखी यथार्थवादी चित्रणको पद्धति अँगालेर निकै उपन्यासहरू लेखिएका छन् । रुद्रराज पाण्डेको **रूपमती** (१९९१) यसको उदाहरण हो भने यस धारामा कलम चलाउने विष्णुचरण श्रेष्ठको **सुमती** (१९९१), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५), पद्मराज मिश्रको **रजबन्धकी** (१९९६), सुरेन्द्रबहादुर शाहको **पारिजात** (२००३), मोहनबहादुर मल्लको **समयको हुरी** (२०१५), भारती खरेलको **गङ्गा जमुना** (२०४६), रुद्रराज पाण्डेको **चप्पाकाजी** (१९९३), **प्रायश्चित्त** (१९९३) र **प्रेम** (२००५) आदि उपन्यासहरू रहेका छन् ।

## २.२.१.३.२ स्वच्छन्दतावादी धारा

स्वच्छन्दतावाद भनेकै सुन्दरता र विचित्रताको सङ्गम हो । भाव पक्षलाई जोड दिँदै वैयक्तिक पक्षको चित्रण गर्ने प्रवृत्ति स्वच्छन्दतावादको हुन्छ । बन्धनलाई भाँचेर स्वतन्त्र र स्वच्छन्द जीवनको वकालत गर्नु तथा यसमा उन्मुक्त प्रेमको स्वरूप प्राप्त गर्नु स्वच्छन्दतावादका मूल लक्षण हुन् ।[४१] यसले सुन्दर प्रकृतिमा रमाउँदै प्रेम र हार्दिक संवेगलाई जोड दिन्छ साथै समाजका नियम र रूढिलाई भत्काउनु स्वच्छन्दतावादको विशेषता हो । यस धाराको थालनी रूपनारायण सिंहको **भ्रमर** (१९९३) बाट भएको हो । यस धारा अन्तर्गत मोहनबहादुर मल्लको **उजेली छायाँ** (२००८), अच्छा राई 'रसिक'को **लगन** (२०११), शिवकुमार राईको **डाकबङ्गला** (२०१३), शंकर कोइरालाका **कौसीका फर्सी**

[४१] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १०१ ।

(२०२३), लक्ष्मीप्रसाद देवकोटाको **चम्पा** (२०२४), सङ्गीता स्वेच्छाको **पुछिएको सिउँदो** (२०५०), हेमराज आचार्यको **निर्दोष कैदी** (२०५४), हिरण्य भोजपुरेको **छिटेन** (२०५८) आदि स्वच्छन्दतावादी धाराका उपन्यासहरू हुन् ।

### २.२.१.३.३ सामाजिक यथार्थवादी धारा

समाजका यथार्थ विषयवस्तुलाई समेटेर सामाजिक यथार्थवादी उपन्यासले यथार्थ घटना र परिस्थितिको चित्रण गर्दछ । यसप्रकारका उपन्यासले समाज र मान्छेको सम्बन्ध र समयको संयोजन गर्नुका साथै निम्न वर्गका पीडा र उदासीको यथार्थ चित्रण गर्दछ । प्रस्तुतिकरणमा सकेसम्म यथार्थ प्रभाव दिनु, लिखित कुराहरूको प्रयोग गरी विश्वसनीयताको वृद्धि गर्नु, प्रकृतिको चित्रात्मकतामा जोड दिनु यस धाराको विशेषता हो । आधुनिक नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको **मुलुक बाहिर** (२००४) बाट सामाजिक यथार्थवादी धाराको प्रारम्भ भएको हो । यस धाराका अन्य उपन्यासहरूमा वाङ्देलकै **माइतघर** (२००७) र **लङ्गडाको साथी** (२००८), लीलबहादुर क्षेत्रीको **बसाईं** (२०१४), दौलतविक्रम विष्टको **मञ्जरी** (२०१६), शंकर कोइरालाको **खैरिनीघाट** (२०१८), भागीरथी श्रेष्ठको **मालती** (२०३४), सुस्मिता नेपालको **मेरो छातीका कोलाज** (२०५५) आदि प्रमुख रहेका छन् ।[४२]

### २.२.१.३.४ ऐतिहासिक यथार्थवादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछि ऐतिहासिक यथार्थवादको थालनी हुन्छ । इतिहाससित सम्बन्धित उपन्यासहरू ऐतिहासिक हुन्छन् । यस्तो उपन्यासमा इतिहास, इतिहासमा वर्णित महत्त्वपूर्ण घटना, चरित्र, ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई ऐतिहासिक यथार्थवादी धारा अन्तर्गत राख्न सकिन्छ । उपन्यास इतिहास मात्र भएर बाँच्न सकिँदैन/सक्दैन, त्यस्तै इतिहास पनि उपन्यास भइकन लेखिँदैन, साधिँदैन ।[४३] यस्तो उपन्यास घटना र चरित्रमा केन्द्रित नभई त्यस मार्फत तत्कालीन धारणा, संस्कृति र युगलाई प्रस्तुत गर्ने कम गर्छ । विश्वसनीय ढाँचामा यथार्थको भ्रम सिर्जना गर्नु यसको विशेषता हो । केशवराज पिँडालीको **एकादेशकी महारानी** (२०२६),

---

[४२] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १०६ ।
[४३] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १२७ ।

डायमण्ड शमशेर राणाको **सेतो बाघ** (२०३०), **प्रतिबद्ध** (२०३४), **अनिता** (२०४३), खगेन्द्र के.सी.को **खानदान** (२०५१), दौलतविक्रम विष्टको **फाँसीको फन्दामा** (२०५३) आदि रहेका छन् ।

### २.२.१.३.५ आलोचनात्मक यथार्थवादी धारा

समाजमा देखिएका कुरीति, कुसंस्कार, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने चाह राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । शोषण, दमन, भेदभावयुक्त प्रवृत्तिको विरोध गर्नु, अन्धविश्वास, भ्रम तथा सडेगलेका विचारहरूको टीकाटिप्पणी गर्नु, निन्दा र आलोचना यस धाराको विशेषता हो । आधुनिक नेपाली उपन्यासमा यस धाराको सुरुवात हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) र **हुरीको चरा** (२०१३), ध्रुवचन्द्र गौतमको **कट्टेल सरको चोटपटक** (२०३७), दौलतविक्रम विष्टको **भोक र भित्ताहरू** (२०३८) र **ज्योति महज्योति** (२०४५), नारायण ढकालको **पीत संवाद** (२०५५), **फूलको आतङ्क** (२०५५) आदि उल्लेखनीय रहेका छन् ।

### २.२.१.३.६ मनोविश्लेषणवादी धारा

आधुनिक नेपाली उपन्यासको विकासमा देखा परेको मनोविश्लेषणवादी धाराले मानिसको आन्तरिक जीवनको निरीक्षण, विश्लेषण, अवलोकन र उसको वैविध्य, वैचित्र्यहरूमा नजर लगाउने काम गर्दछ । अचेतन मनको अज्ञात रहस्यमय शक्तिबाट परिचित हुने र त्यसलाई उद्घाटित गर्ने मुख्य उद्देश्य मनोविश्लेषणवादको रहेको छ ।[४४]

मानवीय मनोदशाका विविध रूपहरू खास गरी यौनजन्य असामान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त एवं दमित स्थितिको विश्लेषण गर्नु यसको विशेषता हो । मनोविश्लेषणवादी उपन्यासमा आख्यानको कथावस्तु झिनो हुन्छ भने चरित्र चित्रणमा बढी जोड दिइएको हुन्छ । यसको विशिष्ट प्रयोग भएको प्रथम आधुनिक उपन्यास गोविन्द बहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६) हो । यस धारा अन्तर्गत विजय मल्लको **अनुराधा** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** (२०२५), **सुम्निमा**

[४४] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १२५ ।

(२०२५), **नरेन्द्र दाइ** (२०२६), नयनराज पाण्डेको **अतिरिक्त** (२०५०), इन्दिरा प्रसाईंको **विश्वामित्र** (२०५५) आदि यस धाराका मुख्य कृतिहरू हुन् ।

## २.२.१.३.६ विसङ्गतिवादी-अस्तित्ववादी धारा

आधुनिक नेपाली उपन्यासको विकासक्रममा देखा परेको अर्को धारा हो - विसङ्गतिवादी-अस्तित्ववादी धारा । यी दुई धारा दुई फरक अस्तित्वका जस्ता देखिए पनि दुवै एक अर्काका पुरक छन् । विसङ्गतिबिच अस्तित्वको खोजी गरिने हुनाले यहाँ दुवैलाई एकै ठाउँमा राखेर चर्चा गरिएको हो । विसङ्गतिवादी उपन्यासले जीवनको निस्सारता र शून्यतालाई व्यक्त गर्ने काम गर्दछ । अस्तित्ववादले जीवनलाई निरुद्देश्य तथा निरर्थक मानेर यसलाई मूल्य प्रदान गर्ने काम गर्दछ ।

अस्तित्ववादले व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको विन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ ।[४५] यसले मानवीय जीवनको मूल समस्या छुट्याउने काम गर्दछ । इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) उपन्यासले विसङ्गतिवादी धाराको थालनी गरेको हो भने पारिजातको **शिरीषको फूल** (२०२२) बाट अस्तित्ववादी धाराको उदय भएको हो । यस धाराअन्तर्गत ध्रुवचन्द्र गौतमका **डापी** (२०३३), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०२४), विश्वेश्वरप्रसाद कोइरालाका **तीनघुम्ती** (२०२५), **बाबु, आमा र छोरा** (२०२७), सरुभक्तका **पागलबस्ती** (२०४८) र **तरुनी खेती** (२०५३) आदि उल्लेख्य कृति रहेका छन् ।

## २.२.१.३.८ प्रगतिवादी धारा

प्रगतिवादी साहित्यले मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादलाई मुख्य आधार मान्दछ । मार्क्सवादी साहित्य चिन्तनमा विश्वास गर्ने र वर्गीय यथार्थको प्रतिनिधित्व गर्ने साहितित्यक धारा नै प्रगतिवादी धारा हो । यसले विसङ्गतिहरूको चित्रण गर्दछ र निराकरणको उपायहरूको खोजी गर्दछ । यसले कलागत सत्यतालाई पूर्ण वस्तु स्वीकार नगरी यसको

[४५] ज्ञानु पाण्डे, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्त्ववाद,** काठमाडौं : नेपाल आख्यान समाज, २०६२, पृ. ३६ ।

उपयोगिताका आधारमा साहित्यको मूल्याङ्कन र स्थापना गर्दछ । नेपाली साहित्यमा डी.पी. अधिकारीको **आशमाया** (२०२५) उपन्यास पहिलो प्रगतिवादी उपन्यास मानिन्छ । यस धाराका अन्य उपन्यासहरूमा डी.पी. अधिकारीकै **धरती अझै बोल्दैछ** (२०२७), खगेन्द्र सङ्ग्रौलाको **चेतनाको पहिलो डाँक** (२०२७), पारिजातका **तोरीबारी बाटा र सपनाहरू** (२०३२), **अनिदो पहाडसँगै** (२०३९), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०३९), सञ्जय थापाको **देउमाइको किनारमा** (२०४७), ऋषिराज बरालको कमरेड हुतराजको **राजधानी प्रस्थान** (२०४८), आहुतीको **नयाँ घर** (२०५०), इस्मालीको **जिरो माइल** (२०५६) यस धाराका प्रमुख कृतिहरू हुन् ।

## २.२.१.३.९ प्रयोगवादी धारा

नेपाली उपन्यासको आधुनिककालमा प्रयोगमा आएको समसामयिक धारा नै प्रयोगवादी धारा हो । आधुनिक नेपाली उपन्यासले विभिन्न परम्परा र मोड पार गर्दै आफनो गति अगाडि बढाइरहेको पाइन्छ । उपन्यासहरू प्रयोगवादतर्फ उन्मुख हुँदा विभिन्न प्रविधि, शिल्प अँगालेर लेखिएका नयाँ उपन्यास, अधिउपन्यास आदि प्रयोगवादी उपन्यास हुन् । नयाँ कथ्य, नयाँ पद्धति र नयाँ सम्भावनाहरूको खोजी गर्नु तथा कलात्मक गुणहरूको परीक्षण गरी यसलाई चमत्कारपूर्ण प्रस्तुति नै प्रयोगवादी उपन्यास लेखनको शैली मान्न सकिन्छ । आजका अग्रज श्रेष्ठ नेपाली उपन्यासहरूमा जीवन अनिवार्यतः संवेद्य छ- यथार्थ निराशान र मानवीयता । यथार्थ र उपन्याससँगै आएका हुन् दुई अभिन्न छन् । यथार्थहरू जुन अधिकतम अरू तत्त्वका अधीनस्थ रहेका थिए, यथार्थवादको आगमनले मुक्त भए, आफैंमा साध्य/लक्ष्य बने ।[४६] यस्ता उपन्यासहरूमा नयाँ कथ्य, नयाँ शिल्प, नयाँ पद्धति, नयाँ सम्भावनाहरूको खोजी गरिन्छ । ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) बाट प्रयोगवाद विशिष्ट रूपमा देखा पर्दछ । यस धाराका अन्य कृतिहरूमा मञ्जुलको **छेकुडोल्मा** (२०२६), जगदीश घिमिरेको **साबिती** (२०३२), ओकिउयामा ग्वाइनको **सुनाखरी** (२०३५), नयनराज पाण्डेको **विक्रमादित्य एउटा कुरा सुन** (२०४४), **कवितारामको वकपत्र** (२०४६), कृष्ण धरावासीको **शरणार्थी** (२०५६), **राधा, तपाईं** (२०६४) जस्ता उपन्यासहरू उल्लेखनीय रहेका छन् ।

[४६] इन्द्रबहादुर राई, **नेपाली उपन्यासका आधारहरू,** दो.सं., ललितपुर : साझा प्रकाशन, २०५०, पृ. ३०९ ।

यसरी परम्परागत संस्कृत लोक आख्यानबाट सुरु भएको नेपाली गद्याख्यानले ऐयारी तिलस्मी आख्यान अनुवादमूलक प्राचीन औपन्यासिक परम्परामा हुर्किँदै सूत्र उपन्यास र नवनव उपविधाहरूको सृजना गर्दै आफ्नो क्षेत्र वृहत बनाउँदै लगेको देखिन्छ । आधुनिक नेपाली उपन्यास परम्परामा यिनै विभिन्न किसिमका धाराहरूमा विभक्त उपन्यासहरूले नेपाली उपन्यास साहित्यको विकासमा निरन्तर सहयोग प्रदान गर्दै आइरहेको छ । यस्तो प्रकारको विकासले नेपाली आख्यान क्षेत्रमा नयाँ आख्यान र आख्यानकारको वृद्धि भएको छ ।

# परिच्छेद : तीन

# कृष्ण धराबासीको साहित्यिक रचनाधर्मिता

## परिच्छेद : तीन

# कृष्ण धरावासीको साहित्यिक रचनाधर्मिता

### ३.१ जन्म र बाल्यकाल

साहित्यकार कृष्ण धरावासीको जन्म वि.सं. मेची अञ्चल पाँचथर जिल्लाको अमरपुर गा.वि.स. वडा नं. ९ स्थित फलाटे भन्ने गाउँमा २०१७ साल श्रावण २ गते आइतबारका दिन भएको हो । उनका पिताको नाम टीकाराम भट्टराई र माताको नाम अम्बिकादेवी भट्टराई हो । उनी मातापिताका जेठा छोरा हुन् । उनी ७ वर्षको उमेरसम्म आफ्नै जन्मस्थानमा हुर्किएका हुन् । दयनीय पहाडी जनजीवनबाट मुक्ति पाउन बसाई सर्ने क्रममा आफ्ना पितासँगसँगै झापा जिल्लाको शनिश्चेर भन्ने ठाउँमा बसोबास गरेका थिए ।

धरावासीको बाल्यकाल त्यति सुखमय देखिँदैन । विकट पहाडी क्षेत्रमा जन्मिएकाले उचित शिक्षादीक्षा प्राप्त गर्ने अवसर उनले प्राप्त गर्न सकेनन् । घरको आर्थिक अवस्था कमजोर स्थितिका कारण धरावासीको बाल्यकाल कष्टपूर्ण र दयनीय थियो ।

### ३.२ शिक्षा

साहित्यकार धरावासीको घर नजिक कुनै पाठशाला नभएकाले उनी उचित शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित भए । उनले आफ्नै पिताबाट ६ वर्षको उमेरमा घरैमा अक्षर आरम्भ गरेका थिए । धरावासीका पिता स्वयम् गणित र ज्योतिषका विद्वान् हुनाले उनले आफ्नै पिताबाट पढ्ने र लेख्ने कामको सुरुवात गरे । वि.सं. २०२४ सालमा बसाइँ सरी झापा जिल्लाको शनिश्चरेमा आए पनि बसाइँको अस्थिरताले उनले तत्काल विद्यालय जीवन सुरु गर्न पाएनन् । उनको औपचारिक शिक्षाको प्रारम्भ चाहिँ २०२६ सालमा ९ वर्षको उमेरमा शनिश्चरे मा.वि. बाट भयो । २०३४ सालमा शनिश्चरे मा.वि. बाट द्वितीय श्रेणीमा एस.एल.सी. उत्तीण गरे । उच्च शिक्षा पढ्नको लागि इलाम क्याम्पसबाट आई.एड. परीक्षा उत्तीर्ण गरेका उनले स्नातकसम्मको अध्ययन मेची क्याम्पसबाट गरेका हुन् ।

एस.एल.सी. परीक्षा सकेर आफैँले अध्ययन गरेको विद्यालयमा स्वयंसेवकको रूपमा केही समय अध्यापन कार्य गरेको र २०३८ सालको अन्त्यतिरदेखि लियन पदमा नियुक्त भई पारिश्रमिक सहितको जागिरे जीवन सुरु गरे । उनले २०४३ साल आषाढदेखि कृषि विकास बैंकमा जागिर खान थालेका हुन् । कृषि विकास बैंकमा जागिरे नहुञ्जेलसम्म उनी विद्यालयको शिक्षण पेसामा संलग्न रहेको पाइन्छ ।[१]

## ३.३ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा

'हुने विरुवाको चिल्लो पात' भनेझैँ कृष्ण धरावासी विद्यालयमा हुने साहित्यिक कार्यक्रममा सधैँ संलग्न हुन्थे । यसै क्रममा उनको साहित्यप्रति अभिरुचि जागेको हो । कक्षा ५ को विद्यार्थी हुँदा वि.सं. २०२८ सालमा कक्षागत साहित्यिक गोष्ठीमा **रमाइला नानी** नामक पुस्तकबाट एउटा कथा सुनाएको र त्यो नै उनको पहिलो साहित्यिक स्पर्श भएको कुरा धरावासी बताउँछन् । त्यसै गरी कक्षा ६ मा विद्यालयको वार्षिकोत्सवका दिन दन्त्य कथा **नेपाली गद्य सङ्ग्रह** भन्ने पुस्तकबाट सारेर सुनाएका थिए ।[२]

धरावासीले स्वयं आफैँले रचना गरेको पहिलो कविता *धानमा घुन कसरी लाग्यो* शीर्षकमा विद्यालयको वार्षिकोत्सव कार्यक्रममा तृतीय स्थान हासिल गरेका थिए । उनले सञ्जीव उप्रेतीबाट कविता लेख्ने प्रेरणा पाएका थिए ।

धरावासी औपचारिक रूपमा २०३२ सालमा **सूर्योदय** साप्ताहिक कविता प्रकाशन गरेर नेपाली साहित्यका फाँटमा उदाएका हुन् । यसरी उनको साहित्ययात्रा विद्यालयबाट प्रारम्भ भएको हो । खास रूपमा धरावासी शनिश्चरे विद्यालयका गुरुहरू र साथीहरूकै प्रेरणाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यसका अतिरिक्त अन्य साहित्यकारका लेख रचनाहरू पनि प्रेरणाका स्रोत बने ।

धरावासीको बाल्य अवस्थामै बुबाको मृत्यु भएकाले बाल्यकाल दुःखपूर्वक बित्यो, जसका कारण उनीसित अचेतन रूपमा विद्रोही भाव देखा परेको हो । परिवारको आर्थिक तथा सामाजिक कारणले बाल्यकालमै उनी विद्रोही हुन पुगेका थिए । उनको दुःखपूर्ण भोगाइ र अनुभव नै जीवनको साक्षात् र समाज बुझ्ने पाठशाला बन्यो ।[३]

---

[१] कृष्ण धरावासी, **आधा बाटो,** झापा : नियात्रा प्रकाशन, २०५९, पृ. २६० ।
[२] ऐजन, पृ. ६० ।
[३] गोपाल गड्तौला, *सडकदेखि मदनपुरस्कारसम्म* (अन्तर्वार्ता), **पूर्वसन्देश,** वर्ष १, अङ्क ३१५, पृ. २० ।

## ३.४ उपनाम

कृष्ण धरावासीको वास्तविक नाम कृष्णप्रसाद भट्टराई हो । उनले साहित्यका क्षेत्रमा छुट्टै एउटा उपनाम चयन गरेका छन् त्यो नाम नै कृष्ण धरावासी हो । उनले २०३५ साल भाद्र कुशे औँसीका दिन इलाममा भएको मोती जयन्तीमा कविता वाचन गर्दा लेखकको नाम कृष्ण धरावासी लेखेका थिए । उनी यस उपनामको सम्बन्धमा भन्छन् "ममा सोच आयो म भट्टराई नेपाली हिन्दू, केही होइन म धरावासी हुँ, म धर्तीमा बस्ने एउटा मानव हुँ, अरू सबै जस्तै ।"[४] कृष्ण धरावासी नामले छापिएको सो कृति *महत्त्वकाङ्क्षा विनाशको प्रतीक हो* जुन **कन्दरा** पत्रिकामा छापिएको थियो । धरावासी विद्रोही स्वभावका व्यक्ति हुनाले उनले आफ्नै वंश परम्परासँग विद्रोह गरी भट्टराईलाई त्यागेर 'धरावासी' उपनाम राख्नु यसकै सूचक हो ।

## ३.५ कृतिलेखनका विविध पक्ष

धरावासीले २०३३ सालमा **सूर्योदय** साप्ताहिकमा कविता प्रकाशन गरेर औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । उनको *गुनासो* शीर्षकको कथा शनिश्चरे मा.वि.को वार्षिक मुखपत्र **उषा तेस्रो अर्चना** (२०३५) मा सङ्कलित छ । यो नै धरावासीको प्रथम प्रकाशित कथा हो । उनको *महत्त्वाकाङ्क्षा विनाशको प्रतीक* प्रथम निबन्धको रूपमा **कन्दरा समसामयिक सङ्कलन** (२०३६) मा छापिएको पाइन्छ ।

कविता विधाबाट साहित्यमा उदाएका धरावासी विभिन्न विद्यामा प्रवेश गरेका छन् । हाल आएर धरावासी निबन्धकार, कवि, उपन्यासकार, कथाकार, समालोचक, स्तम्भकार, पत्रकार, सम्पादक आदिका रूपमा साहित्य क्षेत्रमा यात्रा गरिरहेका छन् । उनी बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । उनको प्रथम प्रकाशित पुस्तककार कृति **बालक हराएको सूचना** हो । यो २०४८ सालमा झापाको चन्द्रगढीबाट प्रकाशित भएको हो ।

### ३.५.१ कवि व्यक्तित्व

कृष्ण धरावासी उपन्यासकारका रूपमा चर्चित भए पनि उनको साहित्यिक यात्रा चाहिँ कविताबाट भएको हो । वि.सं. २०२३ मा भद्रपुर झापाबाट प्रकाशित **सूर्योदय** साप्ताहिकमा कविता छापिएपछि कविता विधाबाटै उनी साहित्य क्षेत्रमा प्रवेश गरेका छन् ।

---

[४] कृष्ण धरावासी, **मेरो साहित्यिक यात्रा र मदन पुरस्कार,** काठमाडौं : अर्जुन सिटौला, २०६४, पृ. २२ ।

उनको साहित्य क्षेत्रको जेठो विधा कविता नै हो । हालसम्म उनका प्रकशित कवितासङ्ग्रह **उन्मुक्तिका आवाजहरू** (२०५०) हो । यसमा ३० वटा कविताहरू सङ्गृहीत छन् । त्यसैगरी **कान्छी राधा** (२०६२) सूत्रकाव्य पनि प्रकाशित छ ।

उनका प्राथमिक कालीन कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रियताको भावना र मानवतावाद झल्किएको छ । विश्वमा मानवताप्रतिको प्रेम र बढ्दो सरोकार बिग्रँदो वातावरणप्रति मानवीय व्यग्रता राजनीतिक सर्वसत्तावादको विश्वजनीन विरोधमा सामेल हुने पङ्क्तिमा उभिने साहसका साथ बढेको समकालीन काव्यिक धारामा कृष्ण धरावासीका कवितामाथिका चिन्ता र चेतनाले भरिएका छन् ।[५]

**उन्मुक्तिका आवाजहरू** कवितासङ्ग्रहमा सङ्ग्रहमा सङ्कलित कविताहरूमा सामाजिक विकृति र विसङ्गतिका विरुद्ध व्यङ्ग्य र विद्रोह गर्दै स्वतन्त्रताको चाहना मुखरित गरेको पाइन्छ । त्यस्तै **कान्छी राधा प्रेम** कविताको सङ्ग्रह हो । पुराणका मिथकहरूलाई भत्काउने र भ्रमको बोध गराउने उक्त कृति लीलालेखनलाई काव्य क्षेत्रमा प्रयोग गरिएको नमुना हो । नाटकीय ढङ्गमा लेखिएको उक्त काव्यमा झिनो आख्यान छ । उक्त काव्यमा कृष्ण र राधाबिचको संवादको माध्यमले आख्यान अगाडि बढेको छ । यसमा सत्य, प्रेम र मानवताको गहिराइमा पाठकलाई डुबाउन खोजिएको छ । उनले आफ्ना कवितामा समसामयिक मानवीय समस्यालाई पनि विषयवस्तु बनाएका छन् । उनका धेरैजसो कविताहरूमा क्रान्तिको आवाज घन्किएका छन् ।

## ३.५.२ निबन्धकार व्यक्तित्व

कृष्ण धरावासी निबन्धकारका रूपमा पनि परिचित छन् । **कन्दरा सामाजिक सङ्कलन** (२०३७) मा *महत्त्वाकाङ्क्षा विनाशको प्रतीक* शीर्षक प्रथम निबन्ध लिएर धरावासी निबन्धकारका रूपमा उदाएका हुन् । हालसम्म उनका तीन वटा निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् । ती हुन् - **बालक हराएको सूचना** (२०४८), **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३), **उत्तमजङ्ग सिजापतिको आलु** (२०५६) हुन् ।

निबन्धकार धरावासी अत्यन्तै छोटा र छरिता लेख्न मन पराउँछन् । उनमा सामान्य विषयवस्तुलाई पनि निबन्धमा चमत्कारिक ढङ्गले प्रस्तुत गर्छन् । जसले गर्दा पाठकहरूमा

[५] कृष्ण धरावासी, **उन्मुक्तिका आवाजहरू,** झापा : सांषक (सशाङ्क) प्रतिष्ठान, २०५० ।

उत्सुकता पैदा हुन्छ । **बालक हराएको सूचना** निबन्धसङ्ग्रहका निबन्धहरूमा सामाजिक कु-प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । उनका कतिपय निबन्धहरू सत्य घटनामा आधारित छन् । **नारीभित्र त्यस्तो के हुन्छ हजुर** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा नारीहरूले भोग्नु परेका पीडा, व्यथा र समस्याहरूको चित्रण गरिएको छ । **उत्तमजङ्ग सिंजापतिको आलु** निबन्धसङ्ग्रह यथार्थको नजिक रहेको छ । यसमा किसानले साँच्चै भोगिरहेका तर आवाज नपाई अव्यक्त रूपमा रहिरहेको पीडालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । उनका तीनवटै निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा सामाजिक, राजनीतिक, विकृति, विसङ्गति, नारी समस्यामा आधारित विषयवस्तुलाई प्रमुख विषयवस्तु बनाइएको छ । उनका निबन्धमा कलात्मकता पाइनुका साथै निबन्धका शीर्षकमा प्रतीकात्मकता, यथार्थवाद र आँशुलेखन उनका विशेषता नै हो ।

### ३.५.३ कथाकार व्यक्तित्व

कृष्ण धरावासी कथाकार व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनले कक्षा ५ मा पढ्दा **रमाइला नानी** नामक पुस्तकबाट कथा सारेर सुनाएबाट नै उनी कथा विधामा पाइला टेकेका हुन् । वि.सं. २०३५ सालम उनको **उषा** नामक पत्रिकामा *गुनासो* शीर्षकको कथा प्रकाशित छ । त्यस्तै उनको **झोला** (२०६०) नामक एउटा कथासङ्ग्रह प्रकाशित भएको छ । यस कथासङ्ग्रहभित्र १२ वटा कथाहरू सङ्गृहीत छन् ।

यसरी कृष्ण धरावासीले **झोला** कथासङ्ग्रहभित्र नारी शोषण, दमन, अन्याय र अत्याचारको अन्त्य गर्न आह्वान गरेका छन् । **झोला** कथामा आजका हाम्रा तमाम आमा दिदी बहिनीहरूलाई सती प्रथाको अन्त्य गर्ने चन्द्र शमशेरलाई सम्झन र सम्मान गर्न बाध्य गराएका छन् । अँध्यारो युग राणाकालीन इतिहासमा चन्द्र शमशेरले गरेको योगदानको समेत चर्चा गर्नु पर्छ भनेर इतिहासकारहरूलाई स्मरण गराएका छन् ।

धरावासीले मानिसका सामाजिक तथा मानसिक विकृति, विसङ्गतिहरूलाई उठाउँदै आर्थिक विपन्नता र यौन समस्यालाई पनि उजागर गरेका छन् । यसमा सरल सरस भाषाशैली र पाठकहरूले सजिलै बुझ्न सकिने लीलालेखनको प्रयोग गर्दै कथाकारले कथाहरूलाई अझ रोचक र पठनीय बनाएका छन् ।

### ३.५.४ समालोचकीय व्यक्तित्व

साहित्यकार कृष्ण धरावासी समालोचक व्यक्तित्व पनि हुन् । उनले झापाको चन्द्रगढीबाट प्रकाशन हुने **साप्ताहिक विचार** पत्रिकामा वि.सं. २०४६ मा *टाँगिदै गरेको आकाश* र *दुर्गा दाहाल* नामक शीर्षकको समालोचनात्मक लेख प्रकाशन गरी समालोचनाको क्षेत्रमा प्रवेश गरेका हुन् । हालसम्म उनका चारवटा समलोचनात्मक कृति **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** (२०४८) हो भने अरू **लीला लेखन** (२०५३), **पाठकको अदालतमा मुद्दा** (२०६२), **तेस्रो आयाम र वैरागी काइँला** (२०६३) रहेका छन् ।

धरावासीले लेखेको विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा मनोवैज्ञानिक र मौलिक ढङ्गले कोइरालाका ६ वटै उपन्यासहरूलाई विश्लेषण गरिएको छ । सूक्ष्म अध्ययनमा रुचि राख्ने धरावासीको समालोचनात्मक पद्धति नौलो देखिन्छ । त्यस्तै अर्को समालोचनात्मक कृति **लीला लेखन** हो । यसमा बौद्धिकताको पराकाष्टा मानिएको लिलालेखनलाई सरल भाषामा प्रस्ट पार्न खोजेका छन् । त्यस्तै गरी अर्को समालोचनात्मक कृति **तेस्रो आयाम र वैरागी काँइला** (२०६३) हो । यो नेपाली साहितियक आन्दोलनहरूमध्ये आयामेली आन्दोलन चर्चित आन्दोलन हो । यसमा *वैरागी काँइलाका कविताहरू* नामक कृतिभित्रका दशवटा कवितालाई विश्लेषण र गहन अध्ययन गरी समालोचनात्मक पुस्तकका रूपमा प्रस्तुत गरेका छन् ।

यसरी धरावासी समालोचक व्यक्तित्वको अध्ययन निर्भीकता, साहसिकता, सूक्ष्म अध्ययन, गहन विश्लेषण, विश्लेषणात्मक मौलिकता नवीन खोजमा ज्यादै रुचि र बौद्धिक अन्वेषण जस्ता विशेषताहरू समालोचक धरावासीमा पाइन्छन् ।

### ३.५.५ उपन्यासकार व्यक्तित्व

कृष्ण धरावासीले विभिन्न विधामा कलम चलाएका छन् तापनि मूलतः उनी उपन्यासकार हुन् । उपन्यास विधामा उनी बढी सफल छन् । धरावासीको ७ वटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । ती यसप्रकार छन्- **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६२), **टुँडाल** (२०६५), **पाण्डुलिपि** (२०६९) र **गेस्टापो** (२०७०) हुन् ।

धरावासी भन्छन् "उपन्यास लेख्ने रहर मलाई सानैदेखि थियो । मैल लेखेका सोह्रवटा उपन्यासमध्येको यो **शरणार्थी** सबैभन्दा पहिलो प्रकाशित उपन्यास हो ।"[६] शरणार्थी उपन्यासलाई लीलालेखनको प्रयोग गरिएको उत्कृष्ट उपन्यासका रूपमा लिइन्छ । यसमा यथार्थ र काल्पनिकताको सम्मिश्रण गरी भ्रमको पैदा गरिएको छ । **शरणार्थी** उपन्यासमा थुप्रै उपन्यासबाट टिपिएका पात्रहरू उठेर लेखकसँग संवाद गर्छन् । यसमा नेपाली जनजीवनको पीडा उतारेका छन् । सिङ्गो उपन्यास **शरणार्थी** नेपालीहरूको विषयमा आधारित छ । उपन्यासमा बर्मा, भुटान र बेलायतमा पुगेर स्थापित भैसकेका नेपालीहरूलाई पुनः विस्थापित गर्दै शरणार्थी बन्न वाध्य गरेको घटनालाई समावेश गरिएको छ । यो नेपाली आख्यान परम्परामा नयाँ शैलीमा लेखिएको उपन्यास हो ।

कृष्ण धरावासीको **आधाबाटो** आत्मकथनात्मक उपन्यास हो । यस उपन्यासभित्र प्रयोग गरिएका पात्रहरू सबै वास्तविक नै हुन्. । यस कृतिमा २०२४ सालेखि २०२८ सालसम्मको धरावासीले देखेको भोगेको विषयवस्तुलाई लिइएको छ । "यो कृति उपन्यास मात्र नभई इतिहास र आत्मजीवनी पनि हो भन्न सकिन्छ । निबन्ध यात्रा, राजनीति, साहित्य, पत्रकारिता अनेक विधाको रूपमा यसलाई लिइएको छ ।"[७]

धरावासीको बहुचर्चित मिथकीय उपन्यास **राधा** (२०६२) हो । मदन पुरस्कार प्राप्त गर्न सफल यो उपन्यास पौराणिक विषयवस्तुलाई यथार्थ घटनासँग मिसाएर भ्रमको सृजना गरिएको छ । यसमा परम्परागत पौराणिक मान्यतालाई भत्काउँदै नयाँ मान्यताको स्थापना गराइएको छ । नवीन शिल्पपद्धति कथानकको संरचनामा नवीनता, लीलालेखनको प्रयोगयुक्त कृति **राधा** नेपाली उपन्यासको परम्परामा अलग्गै स्थान प्राप्त कृति हो । बृहत् आकारको उक्त उपन्यासमा भाषामा निरन्तरता प्रस्तुतिमा तार्किकता र संवादमा बहुलता पाइन्छ ।

त्यसै गरी उनको अर्को औपन्यासिक कृति **तपाईं** अझ नवप्रयोगवादी उपन्यास हो । द्वितीय पुरुष शैलीमा लेखिएको उपन्यास **तपाईं**मा आख्यान र समालोचना मिश्रित भएको पाइन्छ । उपन्यासको सबल पक्ष भनेको उनको माओवादी विद्रोहप्रति गरेको न्याय हो । "उनीहरूबाट हुने गरेका अन्याय अत्याचार र गल्तीहरूलाई जसरी उनले चर्चा गरेका छन् ।

---

[६] कृष्ण धरावासी, *लेखकीय मन्तव्य,* **शरणार्थी,** झापा : नियात्रा प्रकाशन, २०५६, पृ. भूमिका खण्ड ।
[७] कृष्ण धरावासी, **आधाबाटो,** पूर्ववत् ।

त्यसै गरी माओवादीभित्र पनि मानवीय संवेदनाहरू, भावना, चेतना, दया, माया, करुणा भाव बुद्धिमानी र तार्किक कुराहरू गर्न सक्ने व्यक्तिहरू छन् भन्ने कुरालाई विप्लव र सम्भनाका माध्यमबाट उनले प्रस्तुत गरेका छन् ।"[८]

धरावासीको पाँचौं उपन्यास **टुँडाल** सांस्कृतिक मनोविज्ञानमा आधारित उपन्यास हो । यसमा नेपाली कला र संस्कृतिमा भल्किँदै आएको यौनबिम्बलाई विषयवस्तु बनाइएको छ भने नेपाली यौन जीवनलाई विभिन्न कालखण्डमा कसरी लिइएको छ भन्ने कुरा देखाइएको छ ।

धरावासीको अन्तिम अथवा छैटौं उपन्यास **पाण्डुलिपि** पनि **आधाबाटो** भाग २ हो । यस उपन्यासमा साहित्यलेखन प्रेरणाकी स्रोत बनेकी सीताजीको मृत्युपछि त्यसैको पीडा र दुःखलाई शान्त गराउन **पाण्डुलिपि** लेखेका छन् । **पाण्डुलिपि** पनि उनको आत्मपरक उपन्यास हो । लेखकले आफ्नो जीवनमा भोगेका तीता, मीठा भोगाईहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्दै कथानक अगाडि बढ्दै गएको पाइन्छ ।

धरावासी पछिल्लो लेखन समयावधिमा आएर उपन्यास विधामा बढी आकर्षित भएका छन् अभै अरू उपन्यास लेख्ने जमर्को गरिरहेका छन् । पाठकले पनि उनका उपन्यासलाई बढी मन पराउनुको कारण उनले नयाँ-नयाँ प्रयोगहरू गरिरहनु र पाठकहरूलाई नयाँ स्वाद चखाउनु नै हो । उनको उपन्यासको मुख्य विशेषता भनेको लीला लेखन नै हो ।

## ३.५.६ पत्रकार व्यक्तित्व

पत्रकार धरावासी साहित्यका विभिन्न विधाहरूमा जस्तै पत्रकारिताका क्षेत्रमा पनि एउटा चर्चित नाम हो । उनले वि.सं. २०४० सालदेखि २०५० सालसम्म भापाको चन्द्रगढीबाट प्रकाशित **साप्ताहिक विचार**सँग आबद्ध रही कार्य गरेका छन् । वि.सं. २०५० देखि धरावासीले रेडियो नेपालका भापा संवाददाताको रूपमा कार्य गरे । त्यसबेला रेडियो, टेलिफोन, सम्प्रेषणका माध्यमबाट श्रोतालाई उनले पस्किएका कोसेलीहरू अत्यन्तै प्रभावशाली मानिएका छन् । वि.सं. २०५९ असोजदेखि २०६४ साउनसम्म कञ्चनजङ्घा

[८] कृष्ण धरावासी, *भूमिका,* **तपाईं,** जीवा लामिछाने, काठमाडौं : पैरवी बुक हाउस, २०६४, पृ. भूमिका खण्ड ।

एफ.एम. विर्तामोडमा कार्यक्रम सञ्चालन गरे । २०६४ असोजदेखि क्यापिटल एफ.एम. बानेश्वर काठमाडौंमा कार्यक्रम सञ्चालन र विभिन्न पत्रपत्रिकाहरूमा स्तम्भलेखन गरिरहेको पाइन्छ । धरावासी नेपाली पत्रकारिताका क्षेत्रमा पनि एक निष्पक्ष, निडर, निर्भीक, एवम् सत्यनिष्ठ भएर पत्रकारका रूपमा स्थापित भएका छन् ।

### ३.५.७ सम्पादक व्यक्तित्व

साहित्यकार धरावासी सम्पादक व्यक्तित्वको रूपमा पनि प्रसिद्धि कमाउन सफल भएका छन् । उनी समसामयिक विभिन्न पत्रपत्रिकाहरू केही पुस्तककार कृतिहरू हेर्दा उनमा एउटा एउटा सफल सम्पादकमा हुनुपर्ने न्यूनतम भाषिक ज्ञान भएको देखिन्छ । उनले सम्पादन गरेका समसामयिक सङ्कलन पत्रपत्रिका र पुस्तककार कृतिहरू निम्न छन्-

१. **कन्दरा इलाम साहित्यिक सङ्कलन** (२०३६), इलाम
२. **आजको कविता** (२०३९), झापा
३. **खितिति** (हाँस्यव्यङ्ग्य-२०३९), झापा
४. **माइवेनी** (सामयिक सङ्कलन-२०४४) इलाम
५. **सैसक** (त्रैमासिक-२०५८), झापा
६. **सी.के. प्रसाईंका विचारहरू** (लेखसङ्ग्रह-२०५३)
७. **भुटानी शरणार्थी र वातावरण** (२०५५)
८. **अभिलेख** (सामयिक सङ्कलन-२०५५)
९. **राष्ट्रिय प्रतिभा गंगानाथ बास्तोला** (२०५७)
१०. **केशव आचार्यका कविता** (२०५९)
११. **लीला प्रस्तावना** (२०५९)
१२. **बनिता त्रैमासिक** (२०६२-लीलालेखन विशेषाङ्क)
१३. **लीला विमर्श** (सह-सम्पादन-२०६२)
१४. **दुवसु क्षेत्रीका प्ररम्भकालीन कविताहरू** (२०६२)
१५ **समष्टि** (द्वैमासिक साहित्यिक-२०६४)

### ३.५.८ प्रकाशित कृति

धरावासी बहुमुखी प्रतिभा हुनाले उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनका निबन्ध, कथा, कविता, समालोचना, उपन्यास आदि प्रकाशित कृतिहरू यसप्रकार छन् :-

| | | |
|---|---|---|
| १. **बालक हराएको सुचना** | - निबन्धसङ्ग्रह | २०४८ |
| २. **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** | - समालोचना | २०४८ |
| ३. **उन्मुक्तिका आवाजहरू** | - कवितासङ्ग्रह | २०५० |
| ४. **लीला लेखन** | - समालोचना | २०५३ |
| ५. **नारीभित्र त्यस्तो के छ हजुर !** | - निबन्धसङ्ग्रह | २०५३ |
| ६. **उत्तमजङ्ग सिजापतिको आलु** | - निबन्धसङ्ग्रह | २०५६ |
| ७. **शरणार्थी** | - उपन्यास | २०५६ |
| ८. **आधाबाटो** | - उपन्यास | २०५९ |
| ९. **झोला** | - कथासङ्ग्रह | २०६० |
| १०. **राधा** | - उपन्यास | २०६२ |
| ११. **पाठकको अदालत मुद्दा** | - समालोचना | २०६३ |
| १२. **तपाईं** | - उपन्यास | २०६३ |
| १३. **तेस्रो आयाम र बैरागी काइँला** | - समालोचना | २०६३ |
| १४. **मेरा साहित्यिक यात्रा र मदन पु.** | - संस्मरण | २०६४ |
| १५. **कृष्ण धरावासीका चर्चित निबन्धहरू** | - निबन्ध सं. | २०६५ |
| १६. **टुँडाल** | - उपन्यास | २०६५ |
| १७. **आँधी नआउने घर** | - निबन्ध | २०६७ |
| १८. **सी.के. प्रसाईं** | - जीवनी | २०६७ |
| १९. **आमा** | - कथासङ्ग्रह | २०६८ |
| २०. **पाण्डुलिपि** | - उपन्यास | २०६९ |
| २१. **गेस्टापो** | - उपन्यास | २०७० |

### ३.५.९ पुरस्कारहरू

साहित्यकार कृष्ण धरावासीले नेपाली साहित्यमा निरन्तर लागी नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई कदर गर्दै विभिन्न पुरस्कार प्रदान गरिएको छ । यस क्रममा उनी विभिन्न व्यक्तित्व र सङ्घ-संस्थाबाट सम्मानित भएका छन् । उनले प्राप्त गरेका पुरस्कार र सम्मानलाई यहाँ प्रस्तुत गरिएको छ ।

१. महानन्द पुरस्कार (वि.सं. २०४६)

२. उत्कृष्ट राष्ट्रिय राष्ट्रिय युवा पुरस्कार (नेपाल जेसिस-सन् १९९५)

३. राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)

४. उत्तम शान्ति पुरस्कार (२०५४)

५. युवा वर्ष मोती पुरस्कार (२०५६)

६. प्रतिभा पुरस्कार विराटनगर (२०५६)

७. विसाप स्रष्टा पुरस्कार (२०५९)

८. रामराज पन्त स्मृति पुरस्कार (२०५९)

९. ज्योतिष पत्रकारिता पुरस्कार (२०५९)

१०. एस.एल. सर्मा सिर्जनशील पत्रकारिता पुरस्कार (२०६२)

११. धरणीधर वाणी पुरस्कार (२०६२)

१२. मदन पुरस्कार (२०६२)

१३. जानकी बल्लभ दहाल सम्मान (२०६५)

१४. प्रभाव पुरस्कार (२०६६)

### ३.५.१० सम्मान तथा कदरपत्र

धरावासीले पुरस्कारहरूका अतिरिक्त विभिन्न सङ्घ-संस्थाहरूबाट नेपाली साहित्यमा गरेको योगदान र विभिन्न सामाजिक क्षेत्रको विकासमा उल्लेखनीय कार्य गरेवापत देशभित्र र देशबाहिर समेत गरी विभिन्न सम्मान र कदरपत्रहरू प्रदान गरिएका छन् । ती निम्नानुसार छन् :-

१. नगर प्रतिभा विकास शाखा, इलाम, २०४४

२. देवकोटा स्मृति भवन, भद्रपुर, झापा, २०५२

३. सांसक प्रतिष्ठान, झापा, २०५३

४. नवरंग साहित्यिक प्रतिष्ठान, झापा, २०५३/२०६२

५. वातावरण युवा समूह, शनिश्चरे, झापा, २०५३

६. कन्काई प्रतिभा प्रतिष्ठान, सुरुङ्गा, झापा, २०५३

७. शनिश्चरे गा.वि.स. शनिश्चरे, झापा, २०५३

८. अर्जुनधारा गा.वि.स. अर्जुनधारा, झापा, २०५७

९. वर्तमान साहित्य प्रतिष्ठान, चन्द्रगढी, झापा, २०५७

१०. नेपाल वित्तीय संस्था क. सङ्घ कृ. वि. बैंक, झापा, २०५७

११. लेखनाथ वाचनालय, चन्द्रगढी, झापा, २०५८

१२. मेची नगरपालिका, चन्द्रगढी, झापा, २०५९

१३. नेपाली साहित्य समाज, मोरङ्ग, २०५९

१४. जुही साहित्यिक त्रैमासिक, चन्द्रगढी, झापा, २०५९

१५. त्रिफला राष्ट्रिय पुस्तकालय, धुवाबारी, झाँपा, २०५९

१६. बृहत्तर गुवाहाटी साहित्यिक अतिथि आसाम, सन् १९९६

## ३.५.११ संलग्नता/सम्बद्धता

साहित्यकार कृष्ण धरावासी साहित्यका क्षेत्रमा मात्र होइन उनी विभिन्न सामाजिक र सार्वजनिक कार्यमा समेत संलग्न रहेका छन् । सामाजिक क्षेत्रमा आफू स्वयं सेवक बनेर प्रशस्त निर्माण तथा चेतना अभिबृद्धिका कार्यहरू पनि गरेका छन् । उनी साहित्यिक तथा गैर साहित्यिक संस्थामा सक्रिय सदस्यका रूपमा कार्यरत देखिन्छन् । उनी आबद्ध रहेका सङ्घ-संस्थाहरू यसप्रकार छन् -

१. आदर्श साहित्यिक तथा सांस्कृतिक दोभान, शनिश्चरे - अध्यक्ष

२. सी.के. चिन्तन प्रतिष्ठान, झापा - अध्यक्ष

३. नेपाली साहित्य विकास समिति, मेची, - निवर्तमान अध्यक्ष

४. नियात्रा प्रकाशन, झापा - अध्यक्ष

| | |
|---|---|
| ५. सांसक प्रतिष्ठान, धुलाबारी, झापा | - महासचिव |
| ६. जयप्रसाद प्रसाई साहित्यसेवा कोष, झापा | - महासचिव |
| ७. बसुन्धरामान प्रतिष्ठान, काठमाडौं | - उपाध्यक्ष |
| ८. नेपाल साहित्यकार सङ्घ | - केन्द्रीय सदस्य |
| ९. नेपाली लेखक सङ्घ | - पूर्वाञ्चल उपाध्यक्ष |
| १०. नेपाल प्रेस युनियन | - केन्द्रीय सल्लाहकार |
| ११. साहित्य चौतारी झापा | - सल्लाहकार |

साहित्यकार कृष्ण धरावासी अस्वस्थ रहेर पनि विभिन्न सङ्घ-संस्थामा आबद्ध रही सामाजिक सेवामा पनि उत्तिकै सक्रिय देखिन्छन् । एकातिर पारिवारिक चिन्तन अर्कातिर सामाजिक एवम् साहित्य रचनामा निरन्तर लागिरहेको पाइन्छ । समयलाई कत्ति पनि खर्च नगर्ने समयको पालन गर्ने एक कर्तव्यनिष्ठ व्यक्तिको रूपमा देखा पर्दछन् ।

## ३.६ औपन्यासिक प्रवृत्ति र विशेषताहरू

कृष्ण धरावासी प्राथमिक तहको विद्यार्थी जीवनदेखि नै साहित्यिक क्षेत्रसित आकर्षित व्यक्ति हुन् । वि.सं. २०३३ सालमा १६ वर्षको उमेरमा **सूर्योदय** शीर्षकको स्थानीय कविता पत्रिकामा प्रकाशित गरेर साहित्य क्षेत्रमा प्रवेश गरेका धरावासीको प्रमुख विधा आख्यान रहेको छ । उनी उपन्यासका क्षेत्रमा चर्चित बनेका छन् । उपन्यासकार धरावासीले **शरणार्थी** २०५६ प्रकाशित गरेर आधुनिक नेपाली उपन्यास परम्परामा लीलालेखनको प्रवृत्ति भित्र्याउने काम गरेका छन् । सङ्ख्याका आधारमा थोरै भए पनि ती उपन्यासहरूले नयाँ-नयाँ प्रवृत्तिहरूलाई औँल्याएका छन् । प्रत्येक उपन्यासमा नयाँ छाप छोड्न धरावासी सफल छन् । उनका औपन्यासिक प्रवृत्ति र विशेषताहरू निम्नानुसार रहेका छन् :-

### ३.६.१ लीलालेखन

उपन्यासकार कृष्ण धरावासी आधुनिक नेपाली उपन्यासमा लीलालेखनलाई भित्र्याउने प्रथम साहित्यकार हुन् । उनका प्रकाशित छ वटै उपन्यासमा लीलालेखनलाई आधार बनाइएको छ । कथा विधाबाट नेपाली साहित्यमा प्रवेश गरेको लीलालेखन उपन्यास विधामा **शरणार्थी** (२०५६) द्वारा देखा परेको हो । उनले **शरणार्थी** उपन्यासलाई

लीलालेखनको सरल अभिव्यक्तिका रूपमा आत्मस्वीकार गरेका छन् । **आधाबाटो** उपन्यासले सबै मान्यतालाई भत्काएको देखिन्छ । आफ्नो इच्छा र वंशमा नभएको यस संसारमा कर्म गरिरहेका प्रत्येक व्यक्तिहरू समयले रचना गरेका केवल पात्र मात्र हुन् । यस्तै **आधाबाटो** र **पाण्डुलिपि** उपन्यासमा पनि मान्यताहरूलाई भत्काउने प्रयत्न गरिएको छ । **आधाबाटो** र **पाण्डुलिपि** दुवै परिपूरक हुन् अथवा भाग १ र २ हुन् । **आधाबाटो** उपन्यासभित्र वास्तविक नामहरू पात्रका रूपमा आएका छन् तर तिनीहरूले गरेको काम उनीहरू आफ्नै इच्छाले गरेका थिएनन् । ती त कठपुतली जस्तो लुरुलुरु सांसारिक मञ्चमा अभिनित थिए ।[९]

**राधा** उपन्यासले लीलालेखनका विचारहरूलाई प्रस्तुत गरेको छ । उपन्यासले प्रमुख पात्र राधा मार्फत लीलालेखनका विचारहरूलाई प्रस्तुत गरेको छ । **टुँडाल**मा पनि विभिन्न पात्रहरूलाई उभ्याएर यौनको बिम्ब प्रकाश पार्न खोजिएको छ । त्यस्तै गरी उपन्यास बहुनायकत्व, बहुल अर्थ अबलम्बन गरिएको छ ।

**पाण्डुलिपि** उपन्यासभित्र निबन्ध समालोचना, उपन्यास, चिठ्ठी, कविता, अन्तर्वार्ता जस्ता कुराहरू समावेश गरिएको छ । यसमा बहुल पात्र समायोजन अबलम्बन गरिएको छ । त्यस्तै गरेर छन्को सातौं उपन्यास **गेस्टापो**मा दोस्रो विश्वयुद्धलाई पुर्नजिवित गर्ने काम गरिएको छ ।

## ३.६.२ स्वैरकल्पनाको प्रयोग

धरावासीले यथार्थ जीवनको आडमा उपन्यास लेखे पनि पात्र छनौट प्रक्रिया नितान्त स्वैरकल्पनात्मक देखिन्छ । धरावासीको उपन्यासमा स्वैर कल्पनाको प्रयोग भएको छ । स्वैरकल्पना भनेको अयथार्थ र काल्पनिक कल्पना हो । "जादुको संसार सिर्जना गरेर आफ्नै वरिपरि भइरहेको घटना वा भोगाइको विसङ्गतिलाई अत्यन्त, टड्कारो रूपमा प्रस्तुत गर्नु नै स्वैरकल्पना हो ।"[१०] अर्थात् कुरालाई यथार्थ ढङ्गले प्रस्तुत गरी पाठकको मनभित्र वा हृदयलाई रोचकताका साथै मर्माहत पनि बनाउँछ ।

**शरणार्थी** उपन्यासमा अघिल्ला उपन्यास, कथा र इतिहासका पात्रहरूलाई पुनर्जीवित तुल्याएर विश्रान्ति दिएको आख्यानलाई पुर्ननिर्माण गर्ने काम गरिएकोले नौलो प्रयोग छ ।

[९] कृष्ण धरावासी, **आधाबाटो,** पूर्ववत् ।

[१०] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास सिद्धान्त,** दो.सं., ललितपुर : साझा प्रकाशन, २०५८, पृ. २६९ ।

**आधाबाटो**मा जीवित पात्र सत्य घटनालाई आख्यानीकरण गरिएको छ । त्यस्तै **राधा** उपन्यासमा आजका नारी आँखाले हिजको पौराणिक कालको घटनालाई हेर्ने काम गरेको छ । **टुँडाल**ले आजका मानवमा देखिएको नकारात्मक भावनाको प्रस्तुत गरिएको छ भने **पाण्डुलिपि**मा जीवित पात्र राखेर सत्यतथ्य घटनालाई यथार्थ चित्रण गरिएको छ। वर्तमानको सन्दर्भलाई स्वैरकाल्पनिक ढङ्गले प्रस्तुत गर्नु धरावासीको शैलीगत विशेषता मानिएको छ।

## ३.६.३ प्रयोगशीलता

उपन्यासकार कृष्ण धरावासी प्रयोगवादी उपन्यासकार हुन् । उनले उपन्यास प्रकाशनको आरम्भमा नै परम्परित उपन्यासभन्दा नितान्त बेग्लै शिल्प, शैली, आख्यान र संरचनालाई आत्मसात गर्दै **शरणार्थी** (२०५६) बाट आरम्भ गरेको पाइन्छ । उनका सबै उपन्यासहरूमा नयाँ-नयाँ प्रयोग गरिएको छ । **आधाबाटो**, **राधा**, **टुँडाल** उपन्यास पनि परम्परागत लेखनपद्धति तथा सैद्धान्तिक आग्रहभन्दा पृथक् नवीन मूल्य र मान्यताको खोजी गर्दै लेखेको पाइन्छ।

**आधाबाटो** र **पाण्डुलिपि** उपन्यासमा एकहजारभन्दा बढी वास्तविक पात्रको नाम समेटिएकोमा खातेदेखि राजासम्मका पात्रहरू रहेका छन्। यी उपन्यासमा धरावासीले आफ्नो उमेरमा आफूले देखेका, भोगेका घटनाहरूलाई क्रमशः प्रस्तुत गरेका छन् । **राधा** उपन्यासमा विनिर्माणवादको प्रयोग गरिएको छ । महाभारतकालीन मिथकसँग जोडिएका कृष्ण र राधाबिचको प्रेमलाई धरावासीले उत्तर आधुनिक दृष्टिबाट हेर्ने कोशिस गरेका छन् । यसमा उत्तम र आधुनिक समसामयिक वर्तमान र पूर्वीय मिथकीय युगका सन्दर्भ एक अर्कासँग घुलमिल हुन पुगेका छन् । **तपाई** उपन्यास द्वितिय पुरुष शैलीमा लेखिएको उपन्यास हो। धरावासीका अघिल्ला उपन्यास सबै उपन्यासहरूभन्दा भिन्न छ। प्रस्तुति र शैलीमा पनि त्यही नवीनता अभिव्यक्त भएको छ। सुन्ने र सुनाउने दन्त्य कथाको पारामा यसको खाका बुनिएको छ र यो एकादेशकै कथा पनि हो । दन्त्ये कथा जस्तो होइन ।[११] पढ्दै जाँदा उपन्याससँग त्यसमाथिको पाठक प्रतिक्रियालाई पनि लेखकले उपन्यासकै एउटा अध्याय स्वरूप स्थापित गराएका छन्। यो नै **तपाईं** उपन्यासको नौलो प्रयोग हो। हरेकका

[११] रमण घिमिरे, *प्रयोगको नयाँ संस्करण,* **नेपाल,** वर्ष ७, अङ्क ४०, २०६४, पृ. ५०।

प्रतिक्रियाहरूको टिपोट पनि सँगसँगै समेटिँदै जान्छन् र प्रतिक्रियामै पुगेर उपन्यास उत्तर बिहिन समाप्त हुन्छ ।[१२] उपन्यासमा प्रस्तुत शैलीले यसलाई प्रयोगशील बनाएको छ ।

### ३.६.४ बहुनायकत्व

धारावासीका ६ वटै उपन्यासमा बहुपात्रको प्रयोग गरिएको छ । बहुपात्रमध्येबाट नायकको खोजी गरिएको छ । पाण्डुलिपि उपन्यासले नायकको खोजी गरेको छ । यसमा बहुनायकत्वको अवस्था रहेको छ । यस उपन्यासमा प्रत्येक पात्रले आ-आफ्नो भूमिका निर्वाह गरेका छन् । एउटा नायक होला भनेर त्यसको पछि लाग्दा अर्को नायक फेला पर्छ फेरि पछि त्यो पात्र त्यत्तिकै हराएर अर्को पात्र देखा पर्छ । अहिले उपन्यासमा बहुनायकत्वको प्रचलन बढिरहेको छ । समाजमा सबै वर्गलाई प्रतिनिधित्व गर्ने लेखनमा समाजको यथार्थ चित्रण गर्दा त्यहाँ विशेष नायक कोही बन्न सक्दैन । किन धेरै पात्र संयोजन भयो भनी धरावासीसँग कुरा गर्दा स्वयं भन्छन् - “प्रत्येक पात्र आफ्नो जीवनका नायक हो कथाभित्रको भूमिकाभरि ऊ सशक्त छ ।” उपन्यासमा नायक कसलाई बनाउने धरावासी, उनको आमा, सीता, छोरा, छोरी, आनिता पनि उपन्यास पढ्दै जाँदा अन्त्यमा धरावासी के भन्छन् भने - “कुनै नियतिको कलमद्वारा समयको कागजमाथि कोरिएको कथाको र म त्यस्तो नायक हुँ, जो लेखकको अभीष्टको सहयात्री, मात्र सहयात्री ।”[१३]

### ३.६.५ कारुणिकताको चित्रण

कृष्ण धरावासीका उपन्यासहरूमा कारुणिकताको चित्रण पाइन्छ । उनी समाजको तल्लो वर्गका उत्पीडित, उपेक्षित, अपहेलित र शोषित मानिसका सन्देश, गुनासो र सुझावहरू पाठकसामु प्रस्तुत गर्दछन् । उनका उपन्यासका पात्रहरू आफूमात्र कारुणिक नबनी बरु आफ्ना करुणा पाठकलाई पाठसम्म पुऱ्याएर उनीहरूलाई करुणामय बनाउँछन् । प्रायः जसो धरावासी नारी समस्यामा केन्द्रित रहन्छन् । **शरणार्थी** उपन्यासमा बर्मा भुटान, मेघालयबाट विस्थापित भएर भुटानी बन्न बाध्य भएका जयबहादुर, जयमाया आदिका पीडा र दुःखलाई कारुणिक रूपमा चित्रण गरिएको छ । त्यस्तै तपाईं उपन्यासका पात्र कालीकी

[१२] ऐजन ।
[१३] कृष्ण धरावासी, **आधाबाटो,** पूर्ववत्, पृ. ७ ।

आमा, सम्झनाका माध्यमबाट एउटी नारीमाथि आइपर्ने हरेक विपत्तिको चर्चाका साथै समाजले नारीमाथि गरेका अन्याय अत्याचारप्रति प्रहार गरिएको छ । **नारीभित्र यस्तो के छ हजुर** निबन्धसङ्ग्रह नै उनले तयार पारेका छन् ।

यसरी धरावासीले आफ्ना उपन्यासमा पात्रका माध्यमबाट समाजमा नारीहरूले भोग्नुपरेको उत्पीडन शोषणको चित्रण अत्यन्तै कारुणिक रूपमा प्रस्तुत गरेका छन् ।

## ३.६.६ यथार्थवादी उपन्यासकार

नेपाली उपन्यास परम्परामा लैनसिंह वाङ्देलको **मुलुक बाहिर** (२००४) प्रथम सामाजिक यथार्थवादी उपन्यास हो । **मुलुक बाहिर**देखि प्रारम्भ भएको यथार्थवाद वर्तमानसम्म पनि निकै अगाडि बढ्दै आएको पाइन्छ । धरावासीको यथार्थवादबाट आफ्नो लेखन कार्यमा प्रवेश गरेका हुन् । धरावासीले आफ्ना सबै लेखनमा आफैँले देखेको, भोगेको र अनुभव गरेको घटनालाई उपन्यासको विषयवस्तु बनाएका छन् । आफ्नै घर, गाउँ, समाजको परिवेशमा घटेका वास्तविक घटना र वास्तविक पात्रहरूको प्रयोग गरी कथानकका निर्माण गरेका छन् । **आधाबाटो** भाग १ र **पाण्डुलिपि** भाग २ उपन्यासमा उल्लेखित सबै पात्र र घटना वास्तविक हुन् । यदि कहीँ काल्पनिक जस्तो लाग्ने भएमा संयोग मात्र मानिएको छ भनी धरावासीसँग प्रत्यक्ष कुराकानीबाट प्रस्तुत उपन्यासका पात्रहरूबारे जानकारी लिन सकिन्छ । यही भनाइबाट यस उपन्यासका सम्पूर्ण घटनाक्रम तिथिमिति सतप्रतिशत यथार्थ घटनालाई उपन्यास विधामा प्रवेश गराएका छन् । **पाण्डुलिपि**मा यथार्थको परिचय धरावासीले यसरी दिएका छन् - साइकल चढ्दा लडेको, राती अचानक ओच्छ्यानमा पिसाब फेरेको र झाडापखाला लाग्दा लगाएको लुगामै आची छोडेको प्रसङ्गले उनले आफ्नो व्यक्तिगत सत्यताको गहिराइसम्म पुगेर लेखेको दाबी गर्न खोजेको जाहेर हुन्छ ।[१४] त्यस्तै **तपाईं** उपन्यासमा तपाईं पात्रको माध्यमबाट पुरुषको र अस्मिताका माध्यमबाट नारीशोषण अन्याय र अत्याचारको यथार्थ चित्रण गरिएको छ ।

अयथार्थवादी परम्परामा उभिएर धरावासीले **शरणार्थी** र **आधाबाटो** उपन्यास निर्माण गरेका छन् । यथार्थवादी लेखनमा लेखक द्रष्टामात्र हुन्छ र उसले एउटा शिल्पीले झैँ जीवन र समाजका यथार्थलाई टिपेर कलामा ढाल्छ ।[१५]

---

[१४] दिनमान गुमछान, *धरावासीको जीवनधरा,* **नयाँ पत्रिका,** २०६९ जेठ, १३, पृ. ६ ।
[१५] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास,** ते.सं, ललितपुर : साझा प्रकाशन, २०४२, पृ. २१ ।

समग्ररूपमा भन्नुपर्दा धरावासीका उपन्यासहरूमा निम्नवर्गीय नेपालीहरूले भोग्नु परेको पीडा, दर्द, विभत्स घटनाको जीवन्त चित्रण गरिएको छ । उनका उपन्यासहरू इतिहासका स्वरूप हुन् । यथार्थ घटनालाई शिल्प र शैलीको माध्यमद्वारा उपन्यास यथार्थपरक हुँदाहुँदै कलात्मक र उत्कृष्ट बन्न पुगेका छन् ।

## ३.६.७ अस्तित्ववादी लेखक

संसारको विसङ्गतिबाट निराश नभएर यस संसारसँग मुकाबिला गरेर बाँच्न खोज्नु नै अस्तित्ववाद हो । अस्तित्ववाद विसङ्गतवादबाटै जन्मन्छ र विसङ्गतिका बिचबाट पनि अस्तित्व खोजिरहेको हुन्छ । धरावासीका पात्रहरू जस्तोसुकै कठिन परिस्थितिमा पनि बाँच्ने आशाहरू लिइरहेकै हुन्छन् । **शरणार्थी**मा जयमाया पचास वर्षसम्म शरणार्थी भएर पनि जीवनदेखि निराश नभई बाँच्न नै चाहन्छे । त्यस्तै **आधाबाटो**मा आमा पनि जतिसुकै हण्डर खाए पनि बाँच्नै पर्छ भन्ने अस्तित्ववादी पात्र हुन् । **राधा**मा वैराग्य भएर भिक्षुणी भएर हिँडेकी राधामा पनि बाँच्ने अभिलाषा रहेकै छ । उसमा सांसारिक मोह छुटेको छैन, जसको फलस्वरूप तेह्र वर्ष तीर्थयात्री भएर घुमे पनि अन्तिममा उनी कृष्णलाई भेट्न कुरुक्षेत्र पुगेकी छिन् । यस्तै गरी **तपाईं** उपन्यासकी सम्झनामा पनि आफ्नो नारी सुलभ गुणको घमण्ड छ । गृहस्थी जीवनप्रतिको मोह टाढिएको छैन । त्यस्तै गरेर **पाण्डुलिपि**का पात्र धरावासी आफ्नो प्रिय पत्नी सीताको मृत्युपछि पुनः विवाह गरेर दाम्पत्य जीवनयापन गरिरहेका छन् ।

धरावासीका पात्रहरू दुःखकष्टको भुमरीबाट सङ्घर्ष गर्दै बाहिर निस्कन प्रयासरत छन् । कुनै पनि पात्र पलायन भएर मृत्युलाई अँगाल्न गएका छैनन् । सङ्घर्षशील, कर्म र अस्तित्ववादी धारणाका व्यक्तिहरू धरावासीले आफ्नो उपन्यासमा पात्र चयन गरेका छन् । संसारका उत्पीडनको बिच पनि पात्रलाई बाँच्ने र केही गर्ने अठोटमा उभ्याउने र नियतिलाई चुनौती दिँदै अस्तित्वका निम्ति लड्न तयार राख्ने गरेको देखिनाले उपन्यासकार धरावासीलाई आंशिक रूपमा अस्तित्ववादी लेखक भनिन्छ ।

## ३.६.८ विधागत विविधता

एउटै कृतिमा अनेक विधाहरूको मिश्रण गरी एउटै कृति तयार गर्ने र विधा नै भञ्जन (भाँच्ने) गर्ने लेखन आज साहित्यमा प्रचलित छ । यसै परिप्रेक्ष्यमा धरावासीले पनि

उक्त प्रविधिको प्रयोग गरेका छन् । उनका धेरैजसो उपन्यासमा कति कवितात्मकता, कतै ऐतिहासिकता, कतै पत्रकारिता, कतै संस्मरणता, कतै अन्तर्वाता, कतै सरकारी सूचना, कतै समलोचनात्मकता, कतै टिप्पणी, कतै नाटकीय संवाद आदिको प्रयोग गरिएको छ । विज्ञान, धर्म, संस्कृति, भूगोल, लेखा, इतिहासबाट विषयवस्तु ग्रहण गरी उपन्यासमा प्रयोग गरिएको छ । नेपाली बाहेक हिन्दी, अङ्ग्रेजी, संस्कृतका श्लोक, हिन्दी भाषाका संवादहरू पनि प्रयोग गरिएकाले विधा मिश्रण मात्र हैन विषय र भाषा पनि मिश्रण गरी धरावासी अझ अगाडि बढ्दैछन् । उपन्यासभित्रै पात्रहरूको बारेमा समालोचना गरिएको पाइन्छ । पात्रले गरेका क्रियालापहरूको खुलेर नै समर्थन वा आलोचना गरिएको पाइन्छ । यसरी धरावासीले उपन्यासभित्र अनेक विधाहरूको प्रवेश गराई विधागत विविधता प्राप्त गर्न सफल भएका छन् ।

### ३.६.९ मिथकको प्रयोग

पौराणिक कृतिहरूबाट पात्रहरू वा घटना नै मिथक हो । सानो प्रसङ्गले ठुलो अर्थ दिन मिथकको प्रयोग गरिन्छ । पौराणिक मिथकलाई युगसापेक्ष व्यक्त गर्न उनी निकै सक्षम र सबल देखिन्छन् । मिथकको घनीभूत प्रयोग भएको **राधा** उनको उत्कृष्ट औपन्यासिक रचना प्रमाणित भई २०६२ मा मदन पुरस्कार प्राप्त गर्न सफल भएको छ । **शरणार्थी** पनि उत्तिकै मिथकीय उपन्यास हो । अन्य उपन्यासहरूमा छिटफुट रूपमा भगवान र देवताहरूका नाम र उनका क्रियाकलापहरूलाई साङ्केतिक रूपमा प्रस्तुत गरिएको छ । **रामायण, महाभारत, गीता, स्वस्थानी व्रतकथा** आदि धार्मिक र पौराणिक आख्यानहरूबाट मिथकलाई निकालेर उपन्यासमा प्रयोग गरिएको छ ।

यसरी धरावासीका उपन्यासहरूमा मिथकको प्रयोग व्यापक रूपम पाइन्छ । **राधा** र **शरणार्थी** पूर्ण मिथकीय उपन्यास बनेका छन् भने **आधाबाटो**, **टुँडाल**, **तपाईं** र **पाण्डुलिपि**मा मिथकको थोरैथोरै छिटफुट प्रयोग गरिएको छ ।

### ३.६.१० दृष्टिबिन्दु प्रयोगमा नवीनता

पुराना वा परम्परित उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिन्थ्यो । नयाँ-नयाँ प्रयोगहरूको आगमनसँगै प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिन थालियो । विस्तारै प्रयोगको क्रम बढी भएपछि आन्तरिक र बाह्य दृष्टिबिन्दुको मिश्रण गरिन

थालियो । धरावासीका निबन्धहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यसमा द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उनका अघिल्ला तीनवटा उपन्यासमा दृष्टिबिन्दु छुट्याउन निकै कठीन छ । कथाहरूमाथि उपकथा खप्टिएका, दोहोरिएका कारण दृष्टिबिन्दुको प्रयोगमा नवीनता थप्दै आएका धरावासी **तपाईं**मा आइपुगेपछि अझ नौलो र अनौठो द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको उपन्यास हो (धरावासी स्वयम्का अनुसार) । यसरी धरावासीका उपन्यासमा नवीन रूपहरू खोज्दै दृष्टिबिन्दुमा पनि नवीन प्रयोग भएको पाइन्छ ।

## ३.७ निष्कर्ष

यसरी कृष्ण धरावासीको औपन्यासिक यात्रा र उनका प्रवृत्तिहरूको समग्र अध्ययनबाट उनी नेपाली उपन्यास परम्परामा देखापरेका एक सफल विशिष्ट प्रतिभा हुन् भन्ने प्रस्ट हुन्छ । विद्यार्थी जीवनदेखि नै कथा, कविता, निबन्ध, गीततर्फ आकर्षित धरावासीको उपन्यास लेख्ने अभ्यासले विस्तारै २०५६ सालमा **शरणार्थी** उपन्यास प्रकाशमा आएपछि औपचारिक रूपमा उपन्यासकारका रूपमा परिचित भएको पाइन्छ । त्यसपछि क्रमशः **आधाबाटो**, **राधा**, **तपाईं**, **टुडाँल** र **पाण्डुलिपि** जस्ता उपन्यास प्रकाशित गरेका धरावासीका औपन्यासिक प्रवृत्ति केलाउँदा उनको उपन्यास लेखन समयको गतिमा नयाँ-नयाँ प्रवृत्ति अनुसरण गरेर अघि बढेको देखिन्छ ।

# परिच्छेद : चार

# पाण्डुलिपि उपन्यासको संरचनापक्षको अध्ययन

## परिच्छेद : चार

# पाण्डुलिपि उपन्यासको संरचनापक्षको अध्ययन

### ४.१ उपन्यासको परिचय

२०६९ सालमा प्रकाशित कृष्ण धरावासीको **पाण्डुलिपि** उपन्यास नवीन प्रयोगको रूपमा देखापरेको कृति हो । लेखकले आफ्ना निजी अनुभव र विचारहरूलाई औपन्यासिक रूपमा ढालेर प्रस्तुत गरेको हुनाले आत्मसंस्मरण जस्तो लाग्ने उपन्यास लेखकको निजीपनको कसीजस्तै देखिन्छ । धरावासीले उपन्यास लेख्ने क्रममा **आधाबाटो** भाग-१ र **पाण्डुलिपि** भाग-२ का रूपमा प्रस्तुत गरेका छन् । अढाई वर्षदेखि ४२ वर्षको उमेरसम्म भोगेका दुःख र पीडालाई समेटेर उनले यसअघि **आधाबाटो** लेखेका थिए । **आधाबाटो**को बाँकी भागलाई उनले **पाण्डुलिपि**का रूपमा पाठकसामु ल्याएका हुन्"[१] ।

आफ्नै कृतिउपर टिप्पणी गर्दै एउटा धार लेखनको पारिवारिकतासँग सम्बन्धित रहेको र अर्को धार सामाजिक राजनीतिक विषयवस्तुमा जेलिएको छ। धरावासीको छैटौँ उपन्यास **पाण्डुलिपि**को मूलपात्र आफैँ हुन् । लेखिएको यस पुस्तकलाई कुनै शीर्षक त दिनै पर्ला । अनि लाग्यो यो कृति पनि एउटा पाण्डुलिपि नै हो कुनै नियतिको कलमद्वारा समयको कागजमाथि कोरिएको कथाको र म त्यस्तो नायक हुँ, जो लेखकको अभीष्टको सहयात्री; मात्र सहयात्री[२] भनेर आफ्नो भनाइ व्यक्त गरेका छन् । धरावासीको कथाव्यथाको सूचिको भरिपूर्ण **पाण्डुलिपि** नामक उपन्यास नेपाली साहित्य भण्डारमा संरक्षण हुन पुगेको छ । पाण्डुलिपि उपन्यास यथार्थ र बहुलपात्र प्रयोग गरिएको उपन्यास हो । यसमा विभिन्न विधा उपविधाहरूको मिश्रण गरी विधाभञ्जन गर्न उपन्यासकार सफल भएका छन् ।

धरावासीको यो उपन्यास सीताजीको वार्षिक पुण्यतिथिका दिन विमोचन भएको हो । आमाको वियोगले **आधाबाटो** उपन्यास तयार भयो भने सीताको वियोगले **पाण्डुलिपि**

---

[१] गोपी कृष्ण ढुङ्गाना, *पाण्डुलिपि पल्टाइएको दिन*, **अन्नपूर्ण पोष्ट**, २०६९ वैशाख १०, पृ. १० ।

[२] कृष्ण धरावासी, *भूमिका*, **पाण्डुलिपि**, काठमाडौं, अक्षर क्रियसन्स, २०६९, पृ ३६ ।

उपन्यास तयार हुन पुगेको छ । धरावासीले पत्नी सीताले छोडेर गएपछिको अवस्था र उनीसँग बिताएका रोमाञ्चक कालखण्डलाई जीवनको महत्त्वपूर्ण पाटोका रूपमा पुस्तकीकृत गरेको छन् ।[३] हुन त **पाण्डुलिपि** सामान्य अर्थमा बुझ्नुपर्दा हातबाट लेखन गरिएको पुस्तक भन्ने बुझिन्छ तर त्यसको व्यापक अर्थ खोज्दै जाने हो भने अनेक अर्थ लाग्न सक्छन् । त्यसैले जीवनका दुःख, सुख सबैलाई नछोडी आँसुलेखनजस्तै गरी दौडिएको त्यो कलम वियोगान्तमा गएर समाप्त भएको छ । जीवन एउटा **पाण्डुलिपि** हो । मनिसका जीवनका हरेक क्षण, चुनौति, अवस्था सबैको विस्तृत रूपमा लेखिएको यो लेख एउटा ठुलो ३५८ पृष्ठको उपन्यास पाण्डुलिपि बन्न पुगेको छ । कसैले त भन्लान् यो उपन्यास बन्न सक्दैन । जीवनको अनुभूतिलाई समेटेर लेखेको यो कृति जीवनी जस्तो लाग्छ ठाउँ-ठाउँमा यात्राको वर्णन विस्तृत रूपमा चर्चा गरिएकाले यो नियात्रा जस्तो पनि लाग्छ तर यसमा धेरै आधुनिकताका लक्षणहरू पाइन्छन् । यस उपन्यासले ऐतिहासिक, सामाजिक, आर्थिक, नैतिक, धार्मिक, समसामयिक देशको राजनैतिक अवस्था साहित्यका प्रेरणाहरू प्राप्त गर्न सफल भएको छ । अक्षर क्रियसन्सले यसलाई आत्मपरक उपन्यास भनेको छ । वास्तवमा यो उपन्यास धरावासीको **आधाबाटो** उपन्यासकै परिपूरक हो ।[४]

यसरी कृष्ण धरावासी एउटा यथार्थवादी साहित्यकार बन्न सफल भएका छन् । आफ्ना दुःख, सुख, गल्ती, कमजोरीहरूलाई नलुकाइ प्रस्तुत उपन्यास तयार भएको छ । यो दुःखको भुमरीबाट छुटकारा पाउनका लागि तयार भएको छ र यो दुःखबाट मुक्ति पनि पाएका छन् ।

## ४.२ पाण्डुलिपि उपन्यासको संरचना

संरचना भनेको बुनोट वा बनोट हो । कृतिको समग्र आयाम, आकार-प्रकार, कृतिभित्रका उपकरणहरू वा वस्तुसन्दर्भहरूको समष्टिगत रूप नै संरचना हो । कुनै पनि संरचनालाई बाह्य वा आन्तरिक गरी दुई प्रकारमा विभाजन गरेर हेर्ने प्रचलन छ । त्यस्तै अनुरूप **पाण्डुलिपि** उपन्यासको संरचनालाई पनि बाह्य र आन्तरिक गरी दुई प्रकारमा विभाजन गरी दुवैको विश्लेषण र मूल्याङ्कन गरिन्छ ।

---

[३] कृष्ण धरावासी, *पत्नीको सम्झनामा पाण्डुलिपि*, **सौर्य दैनिक**, २०६९ वैशाख १०, पृ. ६ ।
[४] राजकुमार बानियाँ, *धरावासीको रुवाबासी*, **नागरिक दैनिक**, २०६९ वैशाख २३, पृ. ७ ।

## ४.२.१ पाण्डुलिपि उपन्यासको बाह्य संरचना

साहित्यको बाह्य संरचना भन्नाले त्यस कृतिको बनोट आकार, मूलशीर्षक, उपशीर्षक, परिच्छेद आदिको विभाजन प्रक्रिया र त्यसमा प्रयोग भएको भाषाशैली आदि पर्दछन् । कुनै कृति, कृतिको तहमा उपर्युक्त संरचनाका प्रक्रियाहरू पुरा गरेर मात्र बन्न सक्ने भएकाले कृति अध्ययनका क्रममा संरचना अध्ययन आवश्यक र महत्त्वपूर्ण हुन्छ ।

**पाण्डुलिपि** उपन्यासको बाह्य संरचना बृहद् आकारको रहेको छ । मोटो गाता बन्दी गरिएको आवरण पृष्ठभित्र उपन्यासको उपन्यासको शीर्षक **पाण्डुलिपि आधाबाटो** भाग २ (आत्मपरकोपन्यास) लेखकको नाम र लोगो देखिन्छ । पछि एक खाली पाना देखिन्छ । आवरण पृष्ठको अगाडिको भागमा कृष्ण धरावासीको रङ्गिन तस्बिर निकै भावुक र संवेदनशील देखिन्छ । ठुलो निधार केही फुलेका केश, हट्टाकट्टा शरीर, तेजिला प्रकाशमय आँखाले कुनै कुरा सोचिरहेको देखिन्छ, नेप्टो नाक, ठुला-ठुला गाला गोरो वर्ण, मोटो हात चिउँडोमा राखेर बसेका देखिन्छन् । चेक कोट, रातो कमिज, निलो गलबन्दी काँधमा राखेका फोटोको आवरणमा धरावासीको नाम र मोवाइल नं. साथै लोगो देखिन्छ । उपन्यासको शीर्षक **पाण्डुलिपि**लाई सुनौला काला अक्षरले आफ्नै हातले लेखेका अक्षर जस्ताको तस्तै देखाइएको छ भने ती अक्षरहरू यसै पुस्तकको पेज नं. ३५६ बाट साभार गरिएको छ । पछाडिको गातामा कालो आवरणमा सुनौला अक्षर (ईन्द्रबहादुर राईले) लेखेको 'एउटा दिनको सामान्य कथाबाट' आमा मरेको दिनको सम्झना गरी लेखिएको सानो अंश देखिन्छ ।

प्रकाशकीय पृष्ठभन्दा पूर्वका पृष्ठमा शीर्षक, लेखक र त्यसको पछाडि पृष्ठमा संस्करण, लेखक, प्रकाशक संस्था, मिति, वितरक, लेखक, मूल्य देखिन्छ भने अक्षर क्रियसन्स संस्करण पहिलो दोस्रो र तेस्रो गरी २०६९, आवरण चित्र राजेश के.सी., आवरण संयोजन अर्चना थापाले गरेको देख्न पाइन्छ ।

दोस्रो पृष्ठ प्रकाशकीय अक्षर क्रियसन्स जिरोमाइल मालिगाउँ त्यसको पछाडि पृष्ठमा आभार प्रकट धरावासीले गरेका छन् र तेस्रो र चौथो पृष्ठमा भूमिका लेखनपछि उपन्यासको अध्याय एक सुरु हुन्छ । पछाडि खाली पृष्ठभन्दा अगाडिको पृष्ठमा अक्षर क्रियसन्सद्वारा प्रकाशित कृतिहरू देख्न सकिन्छ त्यसभन्दा अगाडि उपन्यासको समाप्त ठेगाना मिति देख्न सकिन्छ । भित्री आवरण हेर्दा यो पुस्तक १ देखि ३५८ पृष्ठसम्म फैलिएको छ भने १ देखि सात अध्यायमा उपन्यासलाई विभाजन गरिएको छ । कुनै

प्रसङ्गलाई मोड्नु पऱ्यो भने ००० शून्यले छुट्याइएको छ । अध्यायको समापनमा तीनवटा तारा राखीएको छ । यी अध्यायहरूमा परेका पृष्ठहरू -

अध्याय एक - पृ. १-३०

अध्याय दुई - पृ. ३१-१०६

अध्याय तीन - पृ. १०७-१७१

अध्याय चार - पृ. १७२-१९५

अध्याय पाँच - पृ. १९६-२३४

अध्याय छ - पृ. २३५-३३४

अध्याय सात - पृ. ३३५-३५८

यी सातवटा अध्यायहरूमध्ये सबैभन्दा ठुलो अध्याय छ हो । यस अध्यायमा ९९ पृष्ठमा छरिएर यस उपन्यासको आयाम विस्तार भएको छ । यस उपन्यासको सबैभन्दा सानो अध्याय अन्तिम अथवा सात हो यसमा जम्मा २३ पृष्ठ रहेका छन् । यसअनुसार यो बृहद् आकारको उपन्यास जम्मा चार महिनामा सकिएको कुरा धरावासीले बताएका छन् ।

## ४.२.२ पाण्डुलिपि उपन्यासको आन्तरिक संरचना

आन्तरिक संरचना भनेको कृतिको अर्न्तवस्तु सन्दर्भ भन्ने बुझिन्छ । **पाण्डुलिपि** उपन्यासको म पात्र (कृष्ण धरावासी) को आत्मकथनात्मक र संस्मरणात्मक समाख्यान हो । म (कृष्ण धरावासी) पात्र संस्मरणका तहमा म मात्रमा रूपायित भएर कथा भनेको छ । अढाई वर्षदेखि ४२ वर्षसम्मका विवध व्यक्तिगत राजनीतिक, आर्थिक, सामजिक, साहित्यिक अनुभव **आधाबाटो** (१) मा संरचित छ भने त्यसपछिका बाँकी भाग पाण्डुलिपि भाग २ मा संरचित छ । म पात्रलाई सीताजीले गरेको सहयोग र उनको मृत्युले मर्माहत भएका धरावासीको पारिवारिक स्थिति सँगालिएर **पाण्डुलिपि**को आन्तरिक संरचना निर्माण भएको छ । कृष्ण धरावासीको जीवनीबाट बाहिर निस्केर कृतिले आख्यानको रूप लिएको छ । म पात्रका अनुभवहरूले आख्यानीकरणबाट नै यसको आन्तरिक संरचना निर्माण भएको छ । तीन सय अन्ठाउन्न पृष्ठमा दरिएर रहेका अनुभूतिहरूको समष्टि संरचना नै पाण्डुलिपिको आन्तरिक वस्तु सन्दर्भ हो, जसलाई सात अध्यायमा विभाजन गरिएको छ । सर्सती पढ्दा **पाण्डुलिपि** उपन्यास जस्तो लाग्दैन । बरु धरावासीको आजसम्मको जीवनको विस्तृत

आत्मसंस्मरण जस्तो लाग्छ । पढ्दै जाँदा वेदनाले भरिएका कथनले पाठकका आँखालाई निरन्तर भिजाइरहन्छ । यो कृति आत्मसंस्मरणको शैलीमा लेखिए पनि मर्मस्पर्शी घटनाहरूको योगले गर्दा व्यक्ति वृत्तबाट माथि उठेर सार्वजनिक जीवनको आख्यान बन्न पुगेको छ । यस उपन्यासको कार्यपीठिका झापादेखि काठमाडौं, जर्मनी तथा विभिन्न ठाउँ र स्थानलाई आधार बनाइएको छ ।

उपन्यासमा विधा मिश्रणको क्रमलाई देख्न सकिन्छ । विज्ञान इतिहास, भूगोल लेखा, धर्म, नीतिका विषयवस्तु यहाँ आवश्यकतानुसार आएका छन् । अन्तर्वार्ता, दैनिकी पनि प्रयोग गरिएको छ । हिन्दी अङ्ग्रेजी भाषाहरूको पनि प्रयोग गरिएको छ । कविताका अंशहरू पनि ठाउँठाउँमा देख्न सकिन्छ । यसरी सम्पूर्ण विधा मिश्रण गरी उपन्यासको संरचना सातौं अध्यायसम्म पुगेको छ ।

## ४.२.२.१ उत्तरआधुनिकवादी आख्यानकृतिका रूपमा पाण्डुलिपि

**पाण्डुलिपि** उपन्यासको आन्तरिक संरचनाभित्र उत्तरआधुनिकतावादी मान्यता प्राप्त गर्न सकिन्छ । प्रयोगवादी एवं प्रयोगशील उपन्यासहरूलाई उत्तरआधुनिकतावादी प्रवृत्तिभित्र समाहित गरी तिनीहरूको अध्ययन गर्न सकिन्छ ।[५] यसरी यिनै प्रयोगशील पक्षको **पाण्डुलिपि** उपन्यास पनि यही मान्यतामा आधारित देखिन्छ । परम्परित उपन्यासले स्थापन गरेका परिभाषाहरू र तिनले अर्थ्याएका प्रवृत्तिहरूमाथि प्रश्नहरू उठाइएका छन् । यसै सन्दर्भमा पाश्चात्य जगत्मा उपन्यास विधाको नयाँ युगको थालनी भएको कुरा पनि गरिएको छ । यस धारणाले परम्परित उपन्यास सिद्धान्तप्रति असहमति देखाउँदै प्रचलित परिभाषा र मूल्य सिद्धान्तको विद्रोहलाई बुझाएको पाइन्छ । यसले उपन्यासको भविष्यप्रति पनि प्रश्न उठाएको अवस्था देखिएको छ ।[६]

उपन्यास सिद्धान्त तथा उपन्यासको प्रचलित मूल्य विरुद्ध आन्दोलन चलाउने क्रममा बीसौं शताब्दीको पाँचौं दशकको उत्तरार्धबाट फ्रान्समा अउपन्यास अर्थात् नयाँ उपन्यास भन्ने आन्दोलन सुरु भएको पाइन्छ । यस आन्दोलनले व्यक्ति, व्यक्तिवाद र आदर्शवादीतालाई केन्द्रीय महत्त्व दिइएको पाइन्छ । समाज र सामाजिक होइन, व्यक्ति र उसको मानसिकताको संरचनाको प्रयोगवादी पक्ष उपन्यासका प्रमुख कुराहरू भएको स्थिति

[५] केशादेवी शर्मा, *उत्तरआधुनिक कृतिका रूपमा आधाबाटो उपन्यासको विश्लेषण,* **जनमत** साहित्यिक मासिक, वर्ष २५, अङ्क ६, २०६५, पृ. २५ ।

[६] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र,** ललितपुर : साझा प्रकाशन, २०५६, पृ. ६ ।

त्यसपछि देखा परेको छ ।[७] साठीको दशकपछि पाश्चात्य साहित्यमा खासगरी अङ्ग्रेजी तथा फ्रान्सेली साहित्यिक चिन्तनमा नयाँ आन्दोलनको थालनी भएको र यसलाई उत्तरआधुनिकतावादी साहित्यिक चिन्तनको संज्ञा दिएको पाइन्छ । दर्शन र राजनीतिबाट प्रभावित यस आन्दोलनले आधुनिक युगमा साहित्य तथा कलाले आफ्नो आधुनिकतावादी चरित्र गुमाएको घोषणा गरेको पाइन्छ । यस सन्दर्भमा खास गरी ज्याक डेरिजको विनिर्माणवादी सिद्धान्तले आख्यान लेखनलाई बढी प्रभावित पारेको पाइन्छ । उत्तरआधुनिकतावादी प्रवृत्तिभित्रको विनिर्माणवादले विनिर्माणवादी प्रवृत्तिलाई केन्द्र बनाई उपन्यासलाई भाषा र चिन्हहरूको योगमात्र सीमित पारेको पाइन्छ । त्यसैले उत्तरआधुनिकतावादीहरूले उपन्यासलाई उपन्यासको सट्टा परा उपन्यासको संज्ञा दिएका छन् । परा उपन्यास अर्थात् मेटाफिक्सन सरफिक्सन जस्ता नाम दिएको पाइन्छ ।[८] उत्तरआधुनिकतावादी प्रवृत्तिले संरचना प्रयोग, प्रविधिगत वैचित्र र स्वैरकल्पनाको अलौकिकतामा बढी जोड दिएको पाइन्छ ।[९]

नेपाली उपन्यासको आधुनिक कालको प्रारम्भ भएदेखिको उपन्यासहरूमा विभिन्न धारा र उपधाराहरू देखिएका छन् । यस क्रममा नयाँ नयाँ प्रवृत्ति र विशेषताहरू लिएर प्रवेश भएका उपन्यासहरूको पर्याप्त प्रयोग भएको पाइन्छ । समयको परिवर्तनसँगै उपन्यास परम्परामा देखिएका मोड र परिवर्तनका धाराहरूका आधारमा नवनव सम्भावनाहरूको अभिव्यक्ति र मान्छेका वैयक्तिकता र मनोरचनाका विविध पाटाहरूको प्रत्यङ्कन पनि भएको पाइन्छ । परम्परित शिल्प प्रविधि र तत्वका दृष्टिले समेत अत्यन्त भिन्न रूप रचनाका उपन्यासहरू देखिनु नै उत्तरआधुनिकतावादी प्रवृत्तिको अनुसरण आधुनिक उपन्यास परम्परामा भित्रिएको सङ्केतका रूपममा पनि लिन सकिन्छ । प्रयोगवादी एवं प्रयोगशील उपन्यासलाई उत्तरआधुनिकतावादी प्रवृत्तिभित्र समाहित गर्न सकिन्छ । यस दृष्टिले नेपाली साहित्यमा प्रयोगवादी लेखनको प्रारम्भ भए यताका धेरै उपन्यासहरूलाई यसभित्र राखेर हेर्न सकिने सम्भावना देखिन्छ । नेपालीमा इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) मा यस प्रकारको प्रयोग पाइए पनि उत्तरआधुनिक शैलीशिल्प र प्रविधिको प्रयोगले व्याख्या त्यतिखेर भई नसकेको परिप्रेक्ष्यमा चालिसको दशकपछिका उपन्यासहरूलाई यस धारमा राख्न सकिने देखिन्छ । ध्रुवचन्द्र गौतम, मञ्जुल, पटरजे कार्थक, वानिरा गिरी, सरुभक्त, कृष्ण धरावासी,

---

[७] पूर्ववत्, पृ. ६ ।
[८] ऋषिराज बराल, पूर्ववत्, पृ. ७-१० ।
[९] पूर्ववत्, पृ. १७-१८ ।

नारायण ढकाल, गोविन्दराज भट्टराईका उपन्यासमा उत्तरआधुनिक लेखनको प्रभाव पाइन्छ । ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **जेलिएको** (२०६२), कृष्ण धरावासीका **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाई** (२०६३), **टुँडाल** ( २०६५) र **पाण्डुलिपि** (२०६९), नारायण ढकालको **पल्पसा क्याफे** (२०६१), गोविन्दराज भट्टराईको **सुकरातका पाइला** (२०६३) जस्ता उपन्यासहरू विधाभञ्जन, विपठन र विनिर्माणका दृष्टिले उत्तरआधुनिकतावादभित्र समेटिन पुगेका छन् ।[१०] यी कृतिहरूले परम्परित उपन्यास संरचनालाई उछिनेर कला साहित्यको रूप, रचना र शैलीशिल्पमा पनि प्रशस्त भिन्नताहरू नवनव स्वरूपहरू देखिन सक्छन् भन्ने कुरालाई पुष्टि गर्न पुगेका छन् । त्यसैले सूत्र उपन्यास, संस्मरणात्मक उपन्यास, अनुभवन्यास जस्ता नवीन विधा उपविधाहरूमा रचिएका यी कृतिहरूले पारम्परिकभन्दा भिन्न शिल्पप्रविधि रूप रचनालाई आत्मसात गरेका छन् । यस्तै विविध अभिलक्षणहरू र उपन्यासमा आधुनिक प्रवृत्तिलाई उछिनेर नवनव प्रवृत्तिगत वैशिष्ट्यहरू र अत्याधुनिक प्रवृत्तिका स्वरूपहरू देखा परिसकेको अवस्थामा नेपाली उपन्यास परम्परा आधुनिक औपन्यासिक प्रवृत्तिलाई उछिनेर उत्तरआधुनिकतातिर प्रवेश गरिसकेको स्थिति देखिन्छ ।[११]

उपर्युक्त किसिमका उत्तरआधुनिक साहित्यका अभिलक्षणहरूका आधारमा पनि **पाण्डुलिपि** उपन्यासको अध्ययन गर्न सकिन्छ ।

लेखक स्वयंले भूमिकामा भनेका छन्- "कुनै प्रविधि (सिस्टम)भित्र सङ्कुचित गरिएको विवशतामाथिको लिखत कतै नमिलेको, कतै नसजिएको, अनाकर्षक र आफैँले समेत बेला बेलामा पढ्न र बुझ्न नसकिने । आफ्नै जिन्दगी आफ्नै आँखामा अपरिचित, कुरूप र अव्यवस्थित । कुनै सिकारु लेखकले लेख्दै, केर्दै गरेको पुरानो डायरी जस्तो । एउटा शब्द मिलाउन खोज्दा अघिल्ला थुप्रै शब्द चलमलाउन खोज्ने, एउटा वाक्य मेटिदिँदा आउने अनुच्छेद नै अव्यवस्थित हुने यस्ता विभिन्न अभिलक्षणका आधारमा **पाण्डुलिपि** उत्तरआधुनिक मान्यतामा आधारित छ ।"[१२] उत्तर आधुनिकतावादी प्रवृत्तिका रूपमा अउपन्यास, विधाभञ्जन, विनिर्माण, मिथकीयता, मेटाफिक्सनलाई लिन सकिन्छ । यस आधारमा हेर्दा **पाण्डुलिपि**मा विधाभञ्जन, विधाहीन, विनिर्माण अउपन्यास जस्ता

---

[१०] गोविन्दराज भट्टराई, **उत्तरआधुनिक ऐना,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०६२, पृ. २८५ ।

[११] लक्ष्मणप्रसाद गौतम, *नेपाली कथामा उत्तरआधुनिकतावादी चेतना,* **समकालीन साहित्य**, पूर्णाङ्क ४५, २०५९, पृ. ११२ ।

[१२] कृष्ण धरावासी, **पाण्डुलिपि,** काठमाडौं : अक्षर क्रियसन्स, २०५९, पृ. भूमिका खण्ड ।

उत्तरआधुनिक शैलीका अभिलक्षणहरू देख्न सकिन्छ । **पाण्डुलिपि** परम्परित उपन्यास विधाबाट अलग्गिएर विधाभञ्जनको स्थितिमा पुगेकाले उत्तरआधुनिकतावादी उपन्यासका रूपमा लिन सकिन्छ । यसरी धरावासीले **पाण्डुलिपि** उपन्यासमा पनि यिनै लक्षणहरूले गर्दा र **आधाबाटो** भाग १ र **पाण्डुलिपि** भाग २ भएका कारण यो उपन्यास उत्तरआधुनिक शैलीमा रचना गरिएको पाइन्छ ।

### ४.२.२.२ विधाभञ्जन, विधानिर्माण, नवविधा प्रवर्तनका रूपमा 'पाण्डुलिपि' उपन्यास

उत्तरआधुनिकतावादी साहित्य भनेको आधुनिकतालाई उछिनेर अघि बढेको साहित्य भन्ने बुझिन्छ । यसका मुख्य अभिलक्षणहरू विधाभञ्जन, विनिर्माण र नवविधा निर्माणलाई लिन सकिन्छ । **पाण्डुलिपि** उपन्यासमा विधाभञ्जन भई नवविधाका रूपमा आत्मसंस्मरणात्मक उपन्यासको सिर्जना भएको छ ।

नेपाली उपन्यास परम्परामा पाण्डुलिपि नयाँ उपविधाको निर्माण भएको छ । उपन्यासको भूमिका लेखकले यसको औपन्यासिकताका आधारमा भनेका छन्- बितेका हरेक इतिहासका पानाभरि विवशताका महान् अनुहारहरूलाई जब एक एक गर्दै हेर्न थालें, मलाई लाग्यो, यो सारा संसार नै एउटा ठुलो औपन्यासिक कृति हो, जसभित्र अनेक उपकथा, पुराकथा, मिथकहरू छन् ।[१३] यसबाट पनि प्रस्ट हुन्छ कि यस उपन्यासमा विधाभञ्जन विनिर्माणको प्रयोग भएको छ । हेर्दै जाँदा पाठकलाई घरी तल घरी माथि पुऱ्याएर पाठकलाई समय बरबाद गर्न लागेजस्तो पनि लाग्छ तर फेरि ठाउँ-ठाउँमा विधामिश्रण गरेर पाठकलाई कथानकतिर तान्ने चेष्टा पनि गरेका छन् । यस **पाण्डुलिपि** उपन्यासमा विभिन्न विधाहरू मिश्रण गरिएको छ । गीत, कविता, लेख, संस्मरण, जीवनी, दैनिकी, समाचार, अनुभव, पत्रकारिता आदिलाई मिसाएर विधामिश्रण वा विधाभञ्जन गरिएको छ ।

यसरी **पाण्डुलिपि** परम्परित उपन्यासका सन्दर्भमा विधाभञ्जन हो । संस्मरणात्मकताका आधारमा र उपन्यास विधाका आधारमा उपन्यास र आत्मवृत्तान्तका बीचको विधामिश्रण भएको पाइन्छ ।

[१३] ऐजन ।

त्यस्तै गरी उपन्यासमा गीत कविताहरूको प्रयोगले परम्परित उपन्यास र कविता काव्यको मिश्रण भई उपन्यास र कविता काव्य दुवै विधाको विधाभञ्जन भई नवविधाजस्तो बन्न पुगेको छ ।

**पाण्डुलिपि** संस्मरण, गीत, कविता, दैनिकी, लेख, समाचार, अनुभव आदिलाई एकै ठाउँ मिसाएर तयार पारिएको उपन्यास हो । विधाहरूको मिश्रणबाट उपन्यासको परम्परित मान्यतालाई चुनौती दिएको यो कृतिलाई नवविधाको रूपमा आत्मपरकोपन्यास भनी नामकरण गर्न सकिने देखिन्छ । नव प्रयोगहरूका अभिलक्षणहरू व्यापक रूपमा प्रयोग गरिएको उत्तर आधुनिकतावादी प्रवृत्तिका अभिलक्षणले **पाण्डुलिपि** महत्त्वपूर्ण कृतिका रूपमा स्थापित भएको पाइन्छ ।

## ४.२.२.३ लीलाबोधी लेखनका रूपमा पाण्डुलिपि उपन्यास

नेपाली साहित्यमा विविध साहित्यिक प्रयोगहरू भइरहेका छन् । उपन्यासबाट कृष्ण धरावासी आधुनिक नेपाली उपन्यासमा लीला लेखनलाई भित्र्याउने प्रथम स्रष्टा हुन् । उनका प्रकाशित उपन्यासहरूमा लीलालेखनलाई आधार बनाइएको छ । कथा विधामार्फत् नेपाली साहित्यमा प्रवेश गरेको लीलालेखन **शरणार्थी** (२०५६) मार्फत उपन्यासमा देखा परेको हो । धरावासीले आत्मस्वीकार गरेका छन् कि **शरणार्थी** उपन्यास लीलालेखनको सरल अभिव्यक्ति नै हो । **आधा बाटो**ले उपन्यासका सबै मान्यतालाई अवलम्बन नगरेर सबै मान्यतालाई भत्काएको देखिन्छ । आफ्नो इच्छा र वशमा नभएको यस संसारमा कर्म गरिरहेका प्रत्येक व्यक्तिहरू समयले रचना गरेका केवल पात्र मात्र हुन् तर तिनीहरूले गरेको काम उनीहरूले आफ्नै इच्छाले गरेका थिएनन् । ती त कठपुतली जस्तो लुरुलुरु सांसारिक मञ्चमा अभिनीत थिए ।[१४] नेपाली साहित्यमा पश्चिमी लेखन ढाँचालाई नेपालीकृत गर्दै २०२० सालदेखि इन्द्रबहादुर राई, वैरागी काइँला र ईश्वरवल्लभ गरी तीन जनाबाट तेस्रो आयामको घोषणा भयो । चित्रात्मकता, सम्पूर्णताको लेखन, यथार्थता आदिलाई समेत वैशिष्ट्य बनाएर अघि बढेको आयमेली लेखनमा पछि इन्द्रबहादुर राईले केही संशोधन प्रस्ताव गरे जुन लीला लेखनका रूपमा नेपाली साहित्यमा अहिले प्रयोगमा

[१४] कृष्ण धरावासी, **आधाबाटो,** झापा : नियात्रा प्रकाशन, २०५९, पृ. भूमिका खण्ड ।

छ । नेपाली साहित्यमा प्रयोगका साथै सामाजिक चित्रण गर्दै सिर्जना गर्ने धरावासीले पाण्डुलिपिमा पनि केही लीला गरेका छन् ।[१५]

यस्तै गरेर लीला लेखनको परिचय दिँदै भनिएको छ- बाहिरबाट लिने र लिनुपर्ने सबैले नेपाली साहित्यको तेस्रो आयामले लिइसकेको तर आफूबाट आफ्नो पुरातन परम्परा र मान्यताबाट लिन बाँकी रहेका जति कुरा आयामभन्दा एक खुड्किलो अघि बढेर लीला लेखनले लिएको कुरा लीला लेखन गर्ने इन्द्रबहादुर राई स्वयंको भनाइ छ । लीला लेखनले भ्रान्तिलाई पनि स्वीकार गरेको छ र विनिर्माणवादी लेखनलाई पनि स्वीकारेको छ, अझ लेखनलाई पनि स्वीकारेकै छ । अझ लीलालेखनमा अस्वीकृति भन्ने कुनै कुरा नै छैन भने जस्तो छ ।[१६]

यसै गरी २०३४ सालमा **रूपरेखा** पूर्णाङ्क २०० मार्फत् घोषणा गरिएको लीला लेखनबारे राईको धारणा यसप्रकार छ- औपनिषदिक माया, बौद्ध शून्य, जैन स्वाद्वाद, भौतिक वैज्ञानिक सापेक्षवाद, मनोविश्लेषणात्मक, फ्रायडवाद, गेष्टाल्ट मनोविज्ञान, मार्क्सवादीय आइडोलोजी, व्यवहारवाद, समालोचनात्मक पाठकीय प्राप्ति सिद्धान्त, विनिर्माणवाद आदिबाट आधार र सकार लीला लेखनलाई प्राप्त क्वान्टम फिजिक्सबाट पनि अनि लोक वत् लीला कैवल्यम् ।[१७]

यो आफैँमा नवीन विषय होइन प्रत्येक विचार, दर्शन र सिद्धान्तको साझा घर हो । यस्ता प्रकारका लेखनको सैद्धान्तिक आधारलाई ग्रहण गरी नेपाली साहित्यमा लीला कृतिहरू प्रकाशमा आइरहेका छन् । सिर्जना र समालोचनाका क्षेत्र दुवैमा यो लेखन प्रक्रिया सक्रिय रहेको पाइन्छ । इन्द्रबहादुर राई, कृष्ण धरावासी, कृष्ण बराल, विष्णुकुमार भट्टराई, रत्नमणि नेपाल, संजीव उप्रेती, दीनबन्धु शर्मा, नारायण चालिसे आदि लेखकहरूका कृति वा रचनाहरूमा लीला लेखनको प्रभाव पाइन्छ ।

उत्तरआधुनिकतावादी लेखन अन्तर्गतकै विनिर्माण, विधाभञ्जन, विपठन, मिथकीय लेखन जस्ता अभिलक्षणहरू रहेको लीलालेखनलाई छुट्टै लेखन मान्ने र मान्नु नपर्ने दुवै मत चर्चामा रहेकै छन् । विनिर्माण र लीला एउटै हो, ज्याक डेरिडाको रोमाञ्चक प्रयोगलाई

[१५] दिनमान गुमछान, *धरावासीको जीवन-धरा,* **नयाँ पत्रिका,** २०६९ जेठ १३, पृ. ६ ।
[१६] विष्णुकुमार भट्टराई, *बीजलेखन लीलालेखन,* **भक्तिदेखि लीलासम्म,** झापा : नियत्रा प्रकाशन, २०५७, पृ. १३ ।
[१७] इन्द्रबहादुर राई, **मतिदेखि लीलासम्य,** झापा : नियात्रा प्रकाशन, सन् १९८९, पृ. ७८ ।

पूर्वीय रङ्ग दिए जस्तो गरी अध्यात्मवादी लेखनको पराकाष्ठामा पुगेको इन्द्रबहादुर राईको लीलालेखन एउटा साहित्यिक हौवा मात्र हो .... आदि मतान्तरहरू भइरहेका छन् । लीलालेखन छुट्टै लेखन होइन भनिरहेका सन्दर्भमा अमेरिकाको ब्राउन युनिभर्सिटीबाट विद्यावारिधि गर्नुभएका संजीव उप्रेतीको कथन यस्तो छ- लीलालेखन र पोष्टमोडनिज्ममा धेरै सामञ्जस्य होला, उस्तै उस्तै पनि लाग्ला तर दुवै ठ्याक्कै होइन, केही भिन्नता त अवश्य नै छ । हामीले हाम्रो संस्कृतिले बनाएका मान्यता चाल पायौं । त्यही परम्पराको पुनः निर्माण हो हाम्रो परम्परा[१८] यसरी उपन्यासकार कृष्ण धरावासीले यसैको सैद्धान्तिक रूपलाई प्रयोगमा ल्याएर उपन्यासहरू लेखेको पाइन्छ ।

लीलाको प्रभावमा रहेका लेखको विचारमा प्रायः कृतिमा कुनै न कुनै रूपले लीलाको प्रभाव परेको पाइन्छ । घोषित रूपमा **पाण्डुलिपि**लाई कुनै सिद्धान्तको आड लागेको भनेर नभनिएको भए पनि लीला लेखनका विधाभञ्जन, विनिर्माण जस्ता अभिलक्षणहरू पाण्डुलिपिमा पनि प्रयोग भएको पाइएकाले यसलाई उत्तर आधुनिकतावादको छातामा समेटिन सक्ने नेपाली साहित्यमा प्रयोगमा रहेको लीलाबोधी लेखनको प्रभाव परेको कृति भन्न सकिन्छ ।

### ४.२.२.४ 'पाण्डुलिपि' उपन्यासको प्रयोगशील पक्ष

धरावासी प्रयोगवादी उपन्यासकार हुन् । नेपाली साहित्यको क्षेत्रमा धरावासीको आफ्नै बेग्लै विशिष्टता छ । उनी एक परिष्कृत र परिमार्जित लेखनकला र नवीन दृष्टिकोण राख्ने व्यक्ति हुन् । उनले आफ्ना उपन्यासहरूमा नितान्त बेग्लै स्वरूप र नौलो रूपको प्रयोग गरेका छन् । उनका सबैजसो उपन्यासमा नयाँ नयाँ प्रयोग गरिएको छ । दृष्टिबिन्दुमा नवीनताका साथै उपन्यासमा पाठक, लेखक र पात्र सँगसँगै लैजाने नयाँ प्रवृत्तिको अवलम्बन गरेका छन् ।

उत्तर आधुनिकतावादी वा लीलाबोधी प्रवृत्ति भन्नेबित्तिकै त्यसका अभिलक्षणहरूले परम्परित शिल्प संरचनाहरूलाई तोडेर युगबोधी, अग्रभूमि निर्माण गर्ने र परम्परा विरोधी भएर देखा पर्ने प्रयोगपरक अभिलक्षणको रूपमा देखा परेको हुन्छ । उत्तरआधुनिकतावादले

---

[१८] कृष्ण धरावासी, *भूमिका,* **आधाबाटो,** झापा : नियात्रा प्रकाशन, २०५९, पृ. भूमिका खण्ड ।

परम्पराप्रति असहमत जनाउँदै कुनै न कुनै रूपमा त्यसले नवीन मान्यता एवं प्रवृत्तिको आत्मसात गर्दै नवीन कृतिको सिर्जनामा जोड दिएको पाइन्छ । प्रगतिशीलतावादले समाजमा परिवर्तन खोज्छ । सामाजिक परिवर्तन तर व्यक्ति मात्रमा होइन, त्यो नौतिकवाद हुन्छ । सामाजिक व्यवस्थामा परिवर्तन चाहन्छ प्रगतिशील साहित्यले, स्थित र सहभागितामा प्रगतिपथ रुद्ध देख्छ । यसले सामाजिक (बौद्धिक, आर्थिक, राजनीतिक) अवरोधहरू पन्छाउनु पर्ने अनिवार्यता उधारो पार्छ । प्रगतिशीलतावाद सटिकतः सिद्धान्तवाद होइन चेतना हुन्छ प्रगतिशील दृष्टिहरू एकजातीय हुँदैनन्, स्थावरिक समाजलाई परिवर्तनको निकास दिन चाहे चेतनामा ती सजातीय हुन्छन् ।[१९]

समाजले परिवर्तन चाहन्छ र त्यस परिवर्तनलाई मानिसले पनि परिवर्तन गर्दै नयाँ-नयाँ सिद्धान्तहरू प्रतिपादन गर्दै जानु पर्छ । सङ्घर्ष गर्दै जानु पर्छ । जीवनमा कहिल्यै निराश हुनु हुँदैन भनी धरावासी भन्नुहुन्छ- ढलेपछि फेरि उठ्न नसक्नेहरू नै हुन् मरेका भनेका । जीवनमा आइपर्ने सबै कुरासँग जुध्दै बाँच्नुपर्छ भने आफूलाई बाँच्न आवश्यक पर्ने प्रविधिको खोजी आफैंले गर्ने हो ।[२०] हुन पनि हो धरावासीको रुग्ण शरीर विदुर बनेपछि उहाँले दोस्रो विवाह गर्नुभयो र समाजको आलोचनामा प्रगतिशीलताको परिवर्तन देखाइदिनु भएको छ । म आफू लेखक भएको हैसियतले कुनै कृति लेखिरहँदा मेरो पाण्डुलिपिमा अनेकौं घटना र पात्रहरू यथार्थ अस्तित्व बोकेर आउँछन् । ती मसँग बोल्छन्, रिसाउँछन्, रमाउँछन् तर तिनीहरू उनीहरू स्वयम्को अधीनमा छैनन् । तिनलाई म तिनका इच्छा विरुद्ध पनि घटनाहरूमा पठाइरहन्छु ।[२१]

यसरी उनी मानिसहरूमा परिवर्तनको चाहना राख्दछन् । यो नै उनको प्रयोगशील पक्ष हो । यस भनाइले **पाण्डुलिपि** उपन्यासका रूपमा नेपाली साहित्यमा परम्परित सिद्धान्तलाई उछिन्दै नवीन सिद्धान्त र संरचनालाई आत्मसात् गर्दै भित्रिएको पाइन्छ ।

संस्मरण (आत्मवृत्तान्त) र उपन्यासबीच विधाभञ्जन, विनिर्माण, आत्मपरक उपन्यासका रूपमा नवविधाको सृजना हुन पुगेको छ । परम्परित उपन्यासमा पाइने गीत, कविता, गजल, लेख, समाचार दैनिकीहरूको प्रयोग पनि यसमा प्रयोग गरिएको छ । यी

---

[१९] इन्द्रबहादुर राई, **नेपाली उपन्यासका आधारहरू,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५८, पृ. ११६ ।

[२०] कृष्ण धरावासी, *सती प्रथीय चेतना र हाम्रो विवाह,* **कान्तिपुर** दैनिक, २०६९ श्रावण १४, पृ. ९ ।

[२१] कृष्ण धरावासी, **पाण्डुलिपि,** पूर्ववत्, पृ. भूमिका खण्ड ।

विविध नवीन प्रवृत्तिले **पाण्डुलिपि** प्रयोगशील पक्षलाई स्पष्ट रूपमा अघि सारेको पाइन्छ । पाण्डुलिपिले उत्तरआधुनिकतावादी प्रवृत्तिका अभिलक्षणहरूलाई प्रयोगपरक शैलीमा समेटेर एउटा मान्यता, शैली, शिल्प र विषय संरचनालाई अँगाल्दै देखा परेको **पाण्डुलिपि** प्रयोगशील उपन्यास हो भन्न सकिन्छ ।

## ४.२.२.५ 'पाण्डुलिपि' उपन्यासमा आत्मवृत्तान्तन्यास औपन्यासिक स्वरूप

**पाण्डुलिपि** विभिन्न विधाहरू मिश्रण भएर विधाभञ्जन भएको देखिन्छ । यसमा गीत, कविता, संस्मरण, समीक्षा, पत्रकारिता, सिर्जनप्रक्रिया, अन्तर्वार्ता, अनुभव आदिलाई समन्वय गरी आत्मवृत्तान्तन्यास औपन्यासिक स्वरूप दिएकाले यसको पनि केही मात्रामा सामान्य जानकारी दिनु आवश्यक देखिन्छ । त्यसैले यहाँ ती संरचनाको पक्षको चिनारी यसप्रकार छः-

### क) कविता

कविता भन्नाले कुनै भाव, विचार या अनुभूति विशेषलाई लिएर लेखिएको कुनै फुटकर रचना हो भन्ने बुझिन्छ । मम्मटको भनाइअनुसार दोषमुक्त र गुण तथा अलङ्कारयुक्त शब्द नै काव्य हो, यसमा कतै कतै अलङ्कार नपरे पनि केही छैन ।[२२] त्यस्तै विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनेर काव्यको अथवा कविताको परिभाषा दिएका छन् ।[२३] उपन्यासको कथानक अघि बढ्दै जाँदा उपन्यासबाट धरावासीले उपन्यासको संरचना थप गर्न कविताको प्रयोग गर्न पुगेका छन् :-

आज तिमी निकै खुलेकी थियौ
सदाभन्दा धेरै बोलेकी थियौ
लाजलाई अलि पर थन्क्याएर
मेरो नजिक हुन खोजेकी थियौ । (पृ. ८५)

*"जब कथा अघि बढ्दै जान थाल्यो गद्य लेख्दालेख्दै कवितात्मक भावहरू आउन थाले । कवितालाई उपन्यासभित्र राख्नु सान्दर्भिक नहुने तर तिनलाई*

---

[२२] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६, पृ. ३५ ।
[२३] ऐजन ।

*नलेखी म अघि पनि बढ्न नसक्ने भएँ । त्यसैले ती कवितात्मक टुक्राहरूलाई अलग्गै कागजमा टिप्न थालेँ । अब म सीताजीलाई उपन्यासको कथाभन्दा कविताका टुक्राहरू सुनाएर रोमान्टिक बनाउन थालेँ" (पृ. ८५)*

यसरी धरावासीले उपन्यासमा कविता आएको रहस्य स्पष्ट बताएका छन् ।

चितामाथि जलिरहेकी सीताजीलाई देखेँ
सधैँ उज्याला ज्योतिर्मय ती आँखा जलेको देखेँ
पटपट फुटका कुर्कुच्चा र हत्केलाका रेखा
ममतामयी आमाको त्यो छाती जलेको देखेँ । (पृ. ३३३)

गाईलाई लग्यो नि ! आज कसले बाच्छो छुटाइकन
पोथी पाशपरी मरीन्नि नि ! गुँडका बच्चा नहुर्कीकन
के हेछ्र्यौ यतिको बिजोग, धरती माता तिमी फाट हे
आमा बालककी नमार भगवान संसार भर्ने भए । (पृ. ३४६)

हरेक क्षण बजिरहने बाजा आफैसँग रहेछ
फेरि यो कुन धुन हो जो म सुनिरहेछु
आफैभित्र रहेछन् संवेदनाका तारहरू
कलात्मक भावक औंलाहरू
सङ्गीतका शास्त्रीय सूत्रहरू ।

## ख) गीत

धरावासीको उपन्यास संरचनाको क्रममा हिन्दी गीत पनि मिसिन आएको छ । गीत युगकवि सिद्धिचरण श्रेष्ठको शब्दमा यस्तो छ- जगत्र जीवनको गहिराईलाई जति सरल र सुबोध पार्न सकियो, त्यति नै कलाको सार्थकता हो । गीत त्यो परम सत्यलाई भेट्टाउने सबभन्दा नगिचको सिद्धि हो भनेका छन् ।[२४] यसरी

[२४] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. ४३ ।

गीतको चिनारी/परिभाषा दिने क्रममा गीतकार रत्न थापाको भनाइ यसप्रकार छ- गीत मुटुको धुकधुकीसित बढी सम्बन्धित हुनेहुँदा संवेदनशील हुन्छ ।[२५] त्यस्तै गरेर गीतकार तथा सङ्गीतकार गोपाल योञ्जनको शब्दमा भन्न सकिन्छ- जीवनका तीतामीठा अनुभूतिहरूको सरल गेयात्मक अभिव्यक्ति नै गीत हो ।[२६]

त्यसैले होला सायद धरावासीले आफ्नो कृतिमा गीत राखेर उपन्यासमा चमत्कार थपेको उनले उपन्यासमा लेखेका छन् । यो उनको रचना होइन केबल सुनेर आनन्द लिने गीति रस हो । उक्त गीत यसप्रकार छ-

हमको मिले है आज ये घडीयाँ नसीब से
जी भरके देख लिजिए हमको करिब से
फिर आपके नसीब मे ये रात हो न हो
शायद फिर इस जनम मैँ मुलाकात हो न हो । (पृ. ३०५)

'तुम हो कौन' फिल्ममा लताले गाएको गीत उनलाई साह्रै राम्रो लागेको देखिन्छ ।

लगजा गले फिर ये हँसी रात हो न हो
शायद फिर इस जनममे मुलाकात हो न हो
आश ये है कि हम नही आयेंगे बार बार
बाहेँ गले मे डाल के हम रोलैँ बार बार
आँखो से भी ये प्यारकी बरसात हो न हो
शायद फिर इस जनम मैँ मुलाकात हो न हो ।

**ग) संस्मरण**

कुनै पनि कुरालाई नबिर्सेर जीवनमा अनुभव गरेका तीतामीठा कुराहरूलाई सम्झेर लेखिने लेख नै संस्मरण हो । लेखकले उपन्यास रचना गर्ने क्रममा आफ्नै जीवनमा घटेका सुख-दु:खका क्षणहरू, साथीसँगको भेटघाट, सरसल्लाह आदिलाई

---

[२५] रत्न थापा, *गीतको आफ्नै गन्ध हुन्छ, गीतको आफ्नै छन्द हुन्छ,* **गरिमा** मासिक, वर्ष २, अङ्क १२, पूर्णाङ्क २४ ।

[२६] कृष्णप्रसाद पराजुली, *मन सुसाउँदै छ आफैँसित,* **मन सुसाउँदै छ,** काठमाडौं : सौजन्य प्रकाशन, २०५०, पृ. ३ ।

समेटेर लेखिएको लेख हो । संस्मरण कुनै समयको सम्झना हो । यस **पाण्डुलिपि** उपन्यासमा पनि संस्मरण यसरी गरिएको छ -

> मैले रोजेको बाटो थाहै नपाई म लेखक भइसकेको रहेछु । मञ्चमा जाने रहर, अरूको प्रशंसा र तालीले मलाई कहिले कहिले लेखक बनाएको रहेछ । पहिला पहिला रहरले लेख्थेँ, अलि पछि करले लेख्थेँ झन् पछि त नलेखी नसक्ने भएर लेख्ने भएछु । लेखन पनि एक प्रकारको दुर्व्यसनजस्तो भएछ जे र जस्तो भए पनि लेख्नै पर्ने । (पृ. १८१)

> २०५८ कार्तिक ४ गते भरतपुर क्यान्सर अस्पतालमा आमाको पाठेघरको अपरेशन गरिसकेपछि डा. गणेश दङ्गालले भन्नु भएको थियो- बधाई छ ! उहाँलाई क्यान्सर होइन, लिभर सिरोसिस रहेछ । त्यस्तो भन्ने हामीलाई पहिल्यै थाहा भएको भए अपरेशन गर्ने थिएनौँ । अब उहाँलाई घर लगेर प्रोटिनयुक्त खानेकुरा, मासु, गेडागुडीको झोल ख्वाएर लिभर दह्रो बनाउनुहोला । (पृ. ३१४)

## घ) पत्रकारिता

पत्रपत्रिकामा भएका लेखलाई जस्ताको तस्तै ल्याएर पुस्तकमा समावेश गर्नु नै पत्रकारिता हो । उपन्यास रचना गर्ने क्रममा धरावासीले पत्रिकामा छापिएको लेख यसरी ल्याएका छन्, जुन अमरकुमार प्रधानले **नागरिक दैनिक**मा लेखेको लेख यस पाठ्यपुस्तकमा यस्तो छ :-

> मदन पुरस्कार विजेता कृष्ण धरावासीको 'गल्ती भए क्षमा पाऊँ' (नागरिक, ६ वैशाख) पढेर मर्माहत भएँ । यसअघि नै सीताजी शिक्षण अस्पतालमा भर्ना हुँदाको प्रसङ्ग र 'सीताजी हिँडेको बाटो' (नागरिक, वैशाख ५) पढेर सीताजीको असाध्य रोगबारे थाहा पाएको थिएँ । पछिल्लो लेखले आधुनिक चिकित्सापद्धति र डाक्टरको सोचले मलाई मेरै पीडा बल्झाइदिएको छ । (पृ. ३२३)

### ङ) समीक्षा

कुनै पनि व्यक्तिको गुण-दोषलाई व्याख्या गर्नु छ भने त्यसलाई समीक्षा भनिन्छ । उपन्यास संरचना गर्दा यस्ता समीक्षा ठाउँठाउँमा आइरहेका छन् । धरावासीले कथानक अघि बढाउँदै लैजाँदा नारायण दाइको समीक्षा यसरी गरेका छन् :-

> नारायण दाइ कम बोल्ने, भलाद्मी र मेहनती हुनु हुन्थ्यो । बामराजनीतिसँग विशेष रुचि भएकाले २०३६ सालको आन्दोलनमा उहाँले निजामति कर्मचारी भए पनि भित्रभित्रैबाट हाम्रो विद्यार्थी आन्दोलनलाई सरसल्लाह र सहयोग गर्नुभएको थियो । त्यसपछिका हरेक राजनीतिक आन्दोलनमा उहाँको भूमिगत संलग्नता महत्त्वपूर्ण रह्यो । क्यान्सर लागिसकेपछि पनि उहाँमा देखिएको आत्मबल अत्यन्त महत्त्वपूर्ण थियो । धेरैले आश्चर्य प्रकट गरेका थिए उहाँको त्यस कदमप्रति । (पृ. २९१)

### च) अन्तर्वार्ता

कुनै खास विषय वा सन्दर्भमा रहेर एक आपसमा हुने वादविवाद, कुराकानी, छलफल, संवाद आदिबाट गरिने अन्तरक्रियात्मक छलफललाई अन्तर्वार्ता भनिन्छ । धरावासीले **पाण्डुलिपि** उपन्यास संरचना गर्ने क्रममा सीताजीसँग पत्रकारहरूले लिएको अन्तर्वार्तालाई जस्ताको तस्तै पुस्तकमा समावेश गरेको पाइन्छ । दिपलेश र लीला भएर सीताजीसँग तेत्तीस मिनटको अडियो भिडियो दुवै अन्तर्वार्ता यस्तो थियो :-

लीला : नमस्ते ।

सीताजी : नमस्ते ।

लीला : के छ खबरखाबर ?

सीताजी : ठीकै छ ।

लीला : स्वास्थ्यस्थिति ?

सीताजी : स्वाथ्यस्थिति राम्रै हुँदै छ ।

लीला : एकछिन गफ गरौँ ल !

सीताजी : ल ।

लीला : बोल्न सक्नु हुन्छ नि ।

सीताजी : बोल्दैछु ।

लीला : मेहनत गरेर बोल्नु ल ।

सीताजी : हुन्छ ।

लीला : औषधी खाइसक्नु भयो ?

सीताजी : खाइसकें ।

लीला : मसँग गफ गर्न कत्तिको मन छ ?

सीताजी : मन छ नि ।

लीला : धेरैधेरै ?

सीताजी : धेरैधेरै ।

लीला : अस्तिअस्ति कति धेरै हाँस्थ्यौं नि हामी ...

सीताजी : धेरै हाँस्थ्यौं ...

लीला दिनभरि (हाँस्दै) अब फेरि हाँसीहाँसी गफ गरौं ।

सीताजी : हुन्छ ।

लीला : यो झापा छोडेर काठमाडौं जाँदा कस्तो लाग्यो तपाईलाई ?

सीताजी : घर छोडेर ?

लीला : हजुर, घर छोडेर काठमाडौंको अर्को घरमा जाँदा । (पृ. २५८-२५९)

**छ) लेख**

लेख भनेको कुनै शीर्षक वा विषयवस्तुलाई लिएर लेखिएको रचना जुन पत्रिकामा छापिएको हुन्छ । **पाण्डुलिपि** उपन्यासको संरचनामा यस्ता लेखहरू थुप्रै समावेश गरिएको छ । यस क्रममा **अन्नपूर्ण पोष्ट** दैनिकमा धरावासीले लेखेको लेख *क्षेत्री-बाहुन संस्कृति, गणतन्त्र र म* शीर्षक लेखको नमुना अंश यसप्रकार छ :-

> हिजोआज म झापामा छु, जागिरबाट अवकाश लिएपछि साहित्यिक यात्रा र लेखनमा लाग्ने योजना थियो तर अहिले म साहित्यिक पठन, लेखन र सम्पर्कबाट पूर्ण रूपमा अलग भएको छु । नयाँ वर्ष लागेदेखि नै विभिन्न खाले स्वास्थ्य समस्याहरूमा अल्झिनु भएको सीताजी पछिल्लो कालमा आएर पुरै ओच्छ्यान पर्नु भएको छ । उहाँको उपचार र रेखदेखमा पूर्णकालिक बनेर म झापा बिर्तामोडमा अवतरित छु । (पृ. २८३)

**ज) अनुभव**

अनुभव मानिसले सोचेर, मनन गरेर सही निष्कर्षमा पुग्ने तरिका हो । अनुभवबाट मानिस शान्त बन्न पुग्छ । उपन्यास संरचनाका क्रममा जब सीताजीको निधनले विह्वल भएका धरावासीले विधुर जिन्दगी बिताउन चाल्नु पर्ने कदम र जीवन भनेको के हो बुझ्न अनि अनुभव यसरी गरेका छन् :-

> सोचेँ जीवन भनेको गतिशीलता हो- निरन्तर र अग्रगामी यात्रा । जे जे आइ परे पनि त्यसलाई नाघ्दै अघि बढिरहनु हो जीवन भनेको । कुनै कारणले कुनै गतिरोध उत्पन्न भए पनि धेरैबेर त्यहीँ अडिनु हुँदैन, जीवनको अवमूल्यन हुछ । अब मैले पनि नयाँ यात्राको थालनी गर्नुपर्छ- नयाँ बाटो, नयाँ गाडी, नयाँ गीत, नयाँ बाजा आँधी गइसकेपछिको बिहानजस्तो यस जिन्दगीलाई फेरि भत्केका, टुक्रिएका अवशेषहरू हटाएर उज्यालो आकाशतिर हेर्नुपर्छ । छोराछोरी, आफन्त र समाजका निम्ति मैले भावनात्मक तनाब बन्नु हुँदैन । मलाई माया गर्नेहरूका अघि सधैं मैले रोएर उनीहरूलाई रुवाउनु हुँदैन । नफर्किने बाटोमा गइसकेको यात्री र बितेको समय माया र स्मृतिको बिम्बबाहेक केही बन्न सक्दैन, मैले अब फेरि एउटा नयाँ जिन्दगीको यात्रा थाल्नुपर्छ । (पृ. ३५७)

**झ) सिर्जन प्रक्रियाका धारणाहरू**

कृतिहरू सिर्जना गर्न विभिन्न प्रेरणा, आत्मबल, सक्षम, निष्ठावान् हुनुपर्दछ । कृष्ण धरावासीले कक्षा पाँचको विद्यार्थी जीवनदेखि नै सिर्जन क्षेत्रमा लागेको पाइन्छ । कक्षा ५ मा कक्षागत साहित्यिक गोष्ठीमा **रमाइला नानी** नामक पुस्तकबाट एउटा कथा सुनाएको थिएँ र त्यो नै उनको पहिलो साहित्यिक स्पर्श भएको कुरा धरावासीले बताएका छन् । त्यसै गरी कक्षा ६ मा स्कुलको वार्षिकोत्सवका दिन दन्त्य कथा **नेपाली गद्यसङ्ग्रह** भन्ने पुस्तक सारेर सुनाएका थिए ।[२७] यसपछि उनले 'धानमा घुन कसरी लाग्छ' कविता लेखे । कविता लेख्ने धारणा पैदा गराउने व्यक्ति संजीव उप्रेती हुन् । उनबाट प्रेरणा पाएर नै उनले आफ्नो प्रतिभालाई प्रस्फुटित गर्ने मौका पाएका हुन् । २०३३ सालमा **सूर्योदय**

[२७] कृष्ण धरावासी, **मेरो साहित्यिक यात्रा,** काठमाडौं : अर्जुन सिटौला, २०६४, पृ. ६० ।

साप्ताहिकमा कविता प्रकाशन गरेर औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । विस्तारै धरावासीको साहित्य यात्रा झाँगिदै गएर एउटा ठुलो वृक्ष बन्न पुगेको छ । उनमा बहुमुखी प्रतिभा जस्तै कवि, निबन्धकार, कथाकार, उपन्यासकार, समालोचक, स्तम्भकार, पत्रकार, सम्पादक गर्ने क्षमताले परिपूर्ण देखिन्छन् । उनमा भावुक र कल्पनाशील शक्ति छ, त्यसैले साहित्य सिर्जनाका क्षेत्रमा उनको मानसिक धारणा बन्न पुगेको छ । सिर्जना जोसुकैले गर्न सक्दैन, जोसँग विवेक छ, भावुक छ, संवेदनशील छ, कल्पनाशील छ, तार्किक शक्ति छ, त्यसले मात्र सिर्जना गर्न सक्दछ । आफ्नो घरको कमजोर आर्थिक अवस्था, शारीरिक अशक्तता, जागिरको व्यस्तताका बाबजूद आफ्नो समयलाई मुठीमा समातेर सिर्जना गर्ने धरावासीलाई सिर्जना लेख्ने प्रेरणा आफ्नो घरका सदस्यहरूबाट पनि प्राप्त भएको छ । आमा, श्रीमती सीताजी, छोरो विनय र विवेक, छोरी प्रतिमा बाहेक अन्य साहित्यकार साथीहरू सबैले उनको लेखन कलाको प्रशंसा गर्नाले सिर्जन क्षेत्र फराकिलो बन्न पुगेको पाइन्छ ।

धरावासी कहिलेकाहीँ लेख्न छोडेको दिन उनका परिवारले यसरी उक्साउँथे- जब म केही दिन लेख्न छाडेथेँ आमा छोरी नै ममाथि आक्रामक हुँदै प्रस्तुत हुन्थे र भन्थे- खै त आज लेखेको ? उनीहरूलाई सुनाउनका लागि भने पनि म कागजमा घिस्रिँदै गएँ । (पृ. ८५)

यस्तै गरेर सम्पादकहरू, पत्रकारहरूले पनि बेलाबेलामा उनको लेख मागिरहनु, साहित्य सम्मेलनमा सरिक हुनु, आफ्नो सक्रियता देखाउनु, विभिन्न व्यक्तिहरूसँगको जनसम्पर्क आदिले गर्दा धरावासीको सिर्जन प्रक्रियाका धारणाहरूले फस्टाउने मौका पाएका हुन् ।

**ञ) दैनिकी**

दिनदिनै चलिरहने प्रक्रियालाई दैनिकी भनिन्छ । दैनिकीमा बिहान उठेदेखि बेलुका ननिदाउँदासम्मको घटना परिघटनालाई क्रमबद्ध रूपमा लेखिएको हुन्छ । उपन्यासकार धरावासीले **पाण्डुलिपि** संरचनाका क्रममा दैनिकी प्रस्तुत गरेका छन् । जब जर्मन भ्रमणका लागि धरावासी जान्छन् तब तेस्रो दिनबाट सीताजीको लागि दैनिकी लेख्छन् । उक्त दैनिकी यसप्रकार छः-

> सीताजी ! आज बर्लिन सहर टेकेको तेस्रो दिन बिहान मात्र म कलम समातिरहेको छु । व्यस्तता र समयको अभावले आधा घण्टा मात्र पनि मलाई केही कुरा लेख्ने फुर्सद भएन त्यहाँबाट हिँड्ने दिन (मंसिर १४) बिहान म अघिल्लो दिनको तुलनामा चङ्गा भएको थिएँ । शरीर पूर्णरूपमा स्वस्थ भएको थिएन तर म भने यात्राको लागि पूरै तयार भएको थिएँ । (पृ. १४८)

यसरी **पाण्डुलिपि** संरचना पक्षमा विविध विधा-उपविधा संरचित भएर एउटा वृहद् उपन्यास तयार भएको छ, जुन समय सापेक्षिक देखिन्छ ।

## ४.३ शीर्षक सार्थकता

यस उपन्यासको शीर्षक **पाण्डुलिपि** हो । पाण्डुलिपि भनेको हातबाट लेखिएको भन्ने बुझिन्छ । शीर्षकका सम्बन्धमा स्वयम् धरावासीले आफ्नो भनाइ यसप्रकार छ - जीवन पनि एउटा पाण्डुलिपि रहेछ, कुनै प्रविधि (सिस्टम) भित्र संकुचित गरिएको विवशतामाथिको लिखता कतै नमिलेको, कतै नसजिएको, अनाकर्षक र आफैंले समेत बेलाबेला पढ्न वा बुझ्न नसकिने । आफ्नै जिन्दगी आफ्नै आँखामा अपरिचित, कुरूप र अव्यवस्थित । कुनै सिकारु लेखकले लेख्दै, फेर्दै गरेको पुरानो डायरीजस्तो एउटा शब्द मिलाउन खोज्दा अघिल्ला थुप्रै शब्दहरू चलमलाउन खोज्ने, एउटा वाक्य मेटिदिँदा आउने अनुच्छेद नै अव्यवस्थित हुने । कसैले योजनाबद्ध रूपमा रचनाको वियोगान्त धुनजस्तो निरन्तर मनमा बजिरहने, कानमा गुन्जिरहने र आँखामा बगिरहने यो जिन्दगी लाग्छ कसैले लेखिरहेको एक असुन्दर किताबको पाण्डुलिपि हो ।"[२८]

यसरी शीर्षक दिने क्रममा लेखकले आफ्नो राय प्रकट गरेका छन् वस्तवमा जीवन नै एउटा पाण्डलिपि हो । त्यस्तै गरेर अर्को भनाइ यस्तो छ - लेखिएको यस पुस्तकलाई कुनै शीर्षक त दिनै पर्ला । अनि लाग्यो यो कृति पनि एउटा पाण्डुलिपि नै हो कुनै नियतिको कलमद्वारा समयको काजगमाथि कोरिएको कथाको र म त्यस्तो नायक हुँ, जो लेखकको अभीष्टको सहयात्री, मात्र सहयात्री ।[२९]

---

[२८] कष्ण धरावासी, *भूमिका*, **पाण्डुलिपि**, काठमाडौं : अक्षर क्रियसन्स, २०६९ ।
[२९] ऐजन ।

उपन्यासको शीर्षक **पाण्डुलिपि** सार्थक नै देखिन्छ किनभने कुनै पनि मानिसको जीवनको कालखण्ड नै पाण्डुलिपि हो जुन सुरुमा आफ्नै हातबाट कोरिएका हुन्छन् र ती कोरिएका शब्दहरूलाई प्रविधिले टाइप गरिएको हो । पुस्तकको बाहिरी आवरणमा पनि आफ्नै हातले कारिएको शीर्षक र पेज नं. ३५६ बाट आफूले लेखेका अक्षर जस्ताको तस्तै दिई शीर्षक राख्दा शीर्षक उपयुक्त नै देखिन्छ ।

## ४.४ कथावस्तु

**पाण्डुलिपि** उपन्यासको प्रारम्भ जिल्लाको स्थानीय बजार शनिश्चरेलाई लिइएको छ । लेखकको जीवनको आधा भाग **आधाबाटो** बाँकी र बाँकी भाग पाण्डुलिपिमा समाहित गरेका छन् । आमाको मृत्युले **आधाबाटो** भाग १ जन्मियो भने प्राणप्यारी पत्नी सीताजीको मृत्युले **पाण्डुलिपि** भाग २ सिर्जित भएको छ । **आधाबाटो** र **पाण्डुलिपि** एकअर्काका परिपुरक बन्न पुगेको छ । **पाण्डुलिपि** जीवनको भोगाई हो । उपन्यासकार कृष्ण धरावासीले **पाण्डुलिपि** उपन्यासको विषयवस्तु आफ्नै अनुभवबाट सिर्जना गरेका छन् । **पाण्डुलिपि**मा आएका, अनुभव गरेका, विविध विषयवस्तुहरू सामाजिक परिवेशबाट ग्रहण गरिएका छन् । आफ्नो बाल्यकालदेखिको तीता-मीठा अनुभवलाई नछोडी जीवनको यथार्थता नै यसको कथावस्तु बनको छ । धरावासीको पारिवारिक जीवनले के-कसरी आफ्नो यात्रा पार गर्‍यो, गरिबीको भुमरीमा पिसिएको धरावासीको जीवन शिक्षा, दिक्षा, पेसा, व्यवसाय, साहित्य, पत्रकारिता, समाजसेवा आदि क्षेत्रमा आज जुन उन्नति देखिएको छ, त्यो कसरी सम्भव भयो ? यसको पछाडिका प्रेरणा, प्रभाव, सहयोग र योगदान क-कस्को रहेको छ ? आदि विविध कुरा नै यस उपन्यासको कथावस्तु हुन् ।

सामाजिक वस्तु वा समाजबाट टिपेका कुराहरू घटेका घटनाहरू पनि यसमा महत्त्वपूर्ण कथावस्तु बनेर आएका छन् भने तीभन्दा बढी म पात्रले समाजबाट भोगेका वा अनुभव गरेका कुराहरू यसम प्रमुख रूपमा कथावस्तु बनेर आएका छन् । आफ्नै जीवनमा घटित, आफूसँगै सम्बन्धित विभिन्न प्रसङ्गहरू र कतिपय कुराहरू म पात्रसँग सम्बन्धित हुँदै नभएका जस्ता भएर पनि आएका देखिन्छन् । आफ्नै निजी जीवनबारे व्यक्त गरिने यस्ता रचनाहरू आत्मवृत्तान्त । जीवनी, जीवनवृत्त भनेर चिनिने गरेकोमा निजात्मक अनुभूतिमा मूलव्यक्ति पात्र बनेर त्यसलाई साहित्यिक कृतिका रूपमा खडा गरिएको धरावासीको यो नवीन सपना पनि हो । म पात्रको वैवाहिक जीवनपद्धतिदेखि उत्तर प्रौढवस्थासम्म उनी

बाँचेको समाज, देशको राजनीतिक, साहित्यिक सांस्कृतिक परिवेश, विभिन्न कालखण्डका महत्त्वपूर्ण घटनाहरू देखेका-भोगेका कुराहरू, एउटा राम्रो रोचक इतिहास जस्तो बनेर उपन्यासमा आएका छन् । म मात्र केवल भोक्ता, अनुभवकर्ता नभएर द्रष्टा भएको प्रसङ्ग अझ बढी प्रभावकारी बनेर कथावस्तुका रूपमा आएको छ ।

म पात्रको पारिवारिक स्थिति, बसाइँसराइँ, साथी-सङ्गति, उसको समाजसँगको सम्बन्ध, उसको किशोरावस्था, उसको अभाव, पारिवारिक अवस्था, माया-ममता, युवावस्थामा विभिन्न परिवेशसँगैको निकटता, उसको प्रेम प्रसङ्ग, विवाह उसको सङ्घर्षशील स्वभाव, उसको साहित्यिक क्षेत्रसँग रुचि, सम्पर्क, साहित्यिक व्यक्तिसँगको सम्बन्ध, उनीहरूको माया, प्रेरणा, उसको लगनशीलता, परिवारमा आमाले देखाएको योग, उसको श्रीमतीको सहयोग छोराछोरीको चासो, उसको पत्रकारिता क्षेत्रसँग सम्बन्ध, उसको कर्मचारी व्यक्तित्व देशको राजनीतितर्फ चासो, तटस्थ हेराई, प्रत्यक्ष सम्पर्क, राजनीतिक खिचातानी र अन्तरकलह, पार्टी विभाजन, म पात्रको जीवनमा आमाको महत्त्वपूर्ण भूमिका, स्थान, देन बिग्रँदो स्वास्थस्थितिका कारण आमाको मृत्यु, म पात्रको साहित्यिक उत्थान, म पात्रकी श्रीमती सीताजीको प्रेरणा सहयोग स्वास्थ्य स्थिति विग्रेर क्यान्सर क्यान्सरका कारणले मृत्युसँग म पात्रले **पाण्डुलिपि** तय गरेको अनुभूति आदिहरूको संयोजनबाट **पाण्डुलिपि** उपन्यासको विषयवस्तु तयार भएको छ ।

ठुला व्यक्तिहरूका निजी भोगाइहरू पनि सार्वजनिक चासोका महत्त्वपूर्ण विषयवस्तु बन्न सक्छन् । ती व्यक्तिहरूका निजी जीवनमा घटेका घटनाले उनीहरूलाई के-कस्तो प्रभाव पारेको थियो भन्ने जानकारी हासिल गर्न सकिन्छ । उसका जीवनमा घटेका घटनाहरू राष्ट्रिय चासोका विषय पनि बन्ने हुनाले यसका अत्यन्त निजी कुराले पनि महत्त्व राख्दछन् । त्यसैले **पाण्डुलिपि**मा म पात्र मार्फत आएका सम्पूर्ण कुराहरू स्वयम् उपन्यासकार कृष्ण धरावासीका जीवनमा घटेका अत्यन्त निजी एवं गोप्य घटनाहरू भए पनि तिनले ठुलो महत्त्व राख्ने हुनाले यसम विषयवस्तु बनेर आएका छन् र महत्त्वपूर्ण पनि छन् । ती सामाजिक एवम् राष्ट्रिय चासोका विषय भएको हुनाले सिर्जनामार्फत् बाहिर ल्याउनुलाई अत्यन्त सार्थक रूपमा लिइएको छ । यही नै **पाण्डुलिपि** उपन्यासले प्रस्तुत गरेको विषयवस्तु प्रयोगशील र नवीन मानिएको छ । यही प्रयोगशील र नवीन माएिको पक्ष नै **पाण्डुलिपि** उपन्यासको सार्थक एवं महत्त्वपूर्ण उपलब्धि हो ।

## ४.५ चरित्र चित्रण

## ४.५.१ म पात्र अथवा कृष्ण धरावासी

**पाण्डुलिपि** उपन्यासका प्रमुख वा मूल चरित्र वा पात्र म अथवा कृष्ण धरावासीको चारित्रिक विशेषताहरू सँगसँगै म पात्रका अन्य सहायक एवम् गौण विशेषताहरू पनि उपन्यासमा देखाइएको छ । बाल्यावस्थामा गरिबीको स्थिति बेहेरेको म पात्र गलत साथी साथी सङ्गतको प्रभावमा परेको र विद्यालय जान थालेपछि असल साथी बनाएर निकै जिज्ञासुपूर्वक अध्ययन गर्ने परिश्रमी छात्रा बनेको पाइन्छ भने प्रेमको लहडमा परेर आफैँले ट्युसन पढाउने केटीसँग प्रेमजालमा फँसेको, लोकाचार र सामाजिक मर्यादा सम्झेर उससँग सम्पर्क छुटाएको कुरा यसै पाठ्यपुस्तकको पृ.सं. ३५ मा के भनिएको छ भने "तिनीसँग मेरो धेरै गहिरो भवनात्मक सम्बन्ध रह्यो । उनी कक्षा ९ की छात्रा थिइन् । तिनलाई म शिक्षकका रूपमा पढाउँथे । भरखर क्याम्पस सकेर आएको म फुच्चे केटो शिक्षक भएको थिएँ ... थाहै भएन कहिलदेखि हामी एकअर्काका भक्तजस्ता भइसकेछौँ ।"[३०] कुराको उल्लेख गरिएबाट म पात्र एक असफल प्रेमी बनेको देखिन्छ ।

विचारमा सधैँ नयाँ कुरा खोज्न र अनुसरण गर्न रुचाउने । त्यस्तै उपन्यासमा म पात्र एउटा आज्ञाकारी मर्यादापालक, पितृ, मातृभक्त, कर्तव्यपरायण, इमान्दार छोरो भएको कुरा उपन्यासमा पढ्न पाइन्छ भने बिहेपछि पत्नीनिष्ठ पति भएर सहयोगी पतिको रूपमा चिनिएको छ । पत्नीलाई सम्मानको दर्जा दिने, व्यभिचार नगर्ने, स्पष्ट वक्ता पति भएर **पाण्डुलिपि**सम्मको जीवन निर्वाह गर्दै आएको पाइन्छ ।

सहायक चरित्रमध्ये निकै महत्त्वपूर्ण कुरा म पात्र राजनीतिक चिन्तक, विचारक र सत्यतथ्य व्यक्त गर्न सक्ने, सधैँ साँचो कुरा गर्ने हुँदा सत्य केही क्षण तीतो भए पनि पछि मीठो हुन्छ भन्ने विचार राख्ने धक नमानी आफ्ना कुराहरूलाई छर्लङ्ग पार्ने व्यक्तिको रूपमा चिनिएको छ । साहित्य, दर्शन र राजनीतिको राम्रो ज्ञान हसिल गरेको म पात्र कसैले भनेर नभई आफ्नै बुझाइ र चिन्तनको भरमा प्रजातन्त्रवादी खास गरी नेपाली काँग्रेसका समर्थक व्यक्ति बन्न पुगेका छन् ।

स्पष्टवक्ता भएका कारण र जीवन र जगत्बारे बुझेका कारण कुनै कुरालाई पनि सहजै स्विकार्न सक्ने, स्वाभाविक मान्ने, प्रगतिमा अतिशय खुसी र अप्रगतिमा अतिशय खिन्न पनि नबन्ने, मानवीय गुण दोष जस्ता स्वभाव भएको म पात्र सङ्घर्ष गरेर जीवनमा

[३०] कृष्ण धरावासी, **पाण्डुलिपि**, काठमाडौं : अक्षर क्रियसन्स, २०६९, पृ. ३५ ।

सफलता हासिल गर्दै गएको, पहिलाको निम्न वर्गीय र आजको मध्यमवर्गीय व्यक्ति चरित्रका रूपमा पाउन सकिन्छ ।

समयको महत्त्वलाई बुझेर आफ्नो समयलाई अँगाली राख्ने, जति बेला पनि व्यस्त रहने, जीवनलाई लम्ब्याउन दोस्रो विवाह गर्न पछि नपर्ने, छोरा छोरी इष्टमित्रलाई आफ्नो स्थानमा राख्न सक्ने, सबैलाई अत्यन्तै राम्रो व्यवहार गर्ने असल चरित्रको रूपमा उपन्यासमा चित्रित भएको पाइन्छ ।

यसरी म पात्रको समग्र व्यक्तित्वलाई केलाउँदा गीत, कविता, कथा, उपन्यास, निबन्ध, समालोचना आदि लेख्ने, पत्रकारिता गर्ने, विभिन्न साहित्यिक, सामजिक र राजनीतिक गोष्ठीहरूमा सक्रिय हुने विभिन्न सङ्घ-संस्था खोल्ने, सञ्चालन गर्ने, पत्र-पत्रिकाको सम्पादन गर्ने, विभिन्न आन्दोलनमा सरिक हुने, परिवार र जागिरको उत्तरदायित्वलाई पूर्णरूपमा बहन गर्ने, सङ्घर्षशील, जतिसुकै दुःखमा नआत्तिने र सुखमा नमातिने, निम्न मध्यमवर्गीय परिवारको प्रतिनिधित्व गर्ने बहुमुखी स्वभाव भएको पात्रका रूपमा उपन्यासमा चित्रण गरिएको छ । यी कुराहरू नै म पात्र (धरावासी) मा देखिने मुख्य-मुख्य चारित्रिक विशेषताहरू हुन् ।

## ४.५.२ सीताजी

उपन्यासमा केन्द्रीय पात्र 'म' की पत्नीको रूपमा उपस्थित भएर म पात्रलाई साहित्य लेखन प्रेरणाकी स्रोत बनेकी एउटी असल धर्मपत्नी, गृहिणी, बुहारी, आमा, साहित्यमा लाग्दा लाग्दै आफै कृति तयार गर्ने सफल नारी चरित्र हुन् । म पात्रको भन्दा आर्थिक अवस्था राम्रो भएको पोखेल परिवारमा जन्मेर सोह्र वर्षको उमेरमा म पात्रको धर्मपत्नी बनेकी सीताजी सात कक्षासम्मको औपचारिक अध्ययन गरेको भए पनि निकै समझदार, सहनशील, बुद्धिमती, कर्तव्यपरायण चरित्रका रूपमा चित्रित छन् । तीन सन्तानकी आमा सीताजी म पात्रको जीवनमा वास्तवमै जीवनसङ्गिनी बनेर सुख र दुःखमा सहभागी भएको देखिन्छ । म पात्रले निकै सम्मानको नजरले हेर्ने सीताजी असल पत्नी, बुहारी, आमा र साहित्यकी इमान्दार पाठक श्रोता बनेकी छन् । उपन्यासको सुरुमा उपस्थित भएर म पात्रको जीवनका महत्त्वपूर्ण क्षणहरूमा सहभागी बनेकी सीताजी जो सधैँ सँगै जिउनेभन्दा पनि रोगको सिकार बनेकी छन् ।

सीताजी वास्तविक चरित्र हुन् । उपन्यासको अध्ययन पश्चात् सीताजी एउटा यथार्थ पात्र हुन् । सीताजी नारी पात्र भएकाले नारीका पक्षम आवाज उठाउने पात्र हुन् । नारीलाई

नराम्रो बाटोमा र कमजोर किन देखाउने भनेर विरोध गर्छिन्- एउटी नारीको प्रेम पनि पुरुषका अगि कति निरीह हुँदो रहेछ ! उसले अपनाए हुने नत्र नहुने ? पुरुषसँग प्रेमको गम्छा थापेर बिच सडकमा उभिइरहनुपर्ने । तिनले कुल्चेर हिँडे पनि खप्नुपर्ने, स्विकारीदिए रमाउनुपर्ने । आफ्नो त कुनै मूल्य नै नहुने ।[३१] यसरी उनले नारीको पीडालाई वकालत गरेकी छन् । सीताजीले जव झापामा एक्ले बस्नु पर्‍यो त्यतिबेला उनलाई समय बिताउन गाह्रो भएकाले एउटा कृति लेख्न सफल भएकी छन् त्यो हो **म हिँडेको बाटो**मा उनले जीवनमा भोगेका कुराहरू लेखेकी छन् । सीताजी धैर्यशील थिइन् त्यसैले उनी क्यान्सरले पीडित भएर थला पर्दा पनि उनी भन्छिन् - तपाइँ जहिले पनि आत्तिनु हुन्छ । आत्तिएर के हुन्छ र ? हुने कुरा भइहाल्छ । जुध्नु पो पर्छ त, खप्नु पर्छ । उनी धरै साहसी नारी पात्र हुन् । नारीमाथि भएको अन्याय र अत्याचारमा आवाज उठाउने एउटा निडर स्रोता बनेर उपन्यासमा प्रस्तुत भएकी छन् । यसरी विभिन्न विशेषता भएकी सीताजी यस उपन्यासकी एउटा असल केन्द्रीय चरित्र बनेकी छन् ।

### ४.५.३ आमा

म पात्रकी आमाको रूपमा नै प्रस्तुत भएकी आमा केन्द्रीय पात्रको निकै नजिक पुगेर बसेकी परिचित पात्र हुन् । बृहस्पति शिवाकोटीकी छोरी, टीकाराम भट्टराईकी धर्मपत्नी, अम्बिकादेवी भट्टराई म पात्रलगायत पाँच सन्तानकी आमा हुन् । गतिशील भूमिकामा रहेकी आमा मञ्चीयताका आधारमा बद्ध, आसन्न पात्र हुन् । उपन्यासको नायक म पात्रलाई जन्माउने, हुर्काउने, बढाउने, माया ममता र स्नेह दिने, म पात्रको जीवन निर्माणको निम्ति कठिन सङ्घर्ष अनेकौं कष्ट सहेर योगदान पुऱ्याउने, विपन्न घरकी मालिक्नी भएर पनि आँट र साहसले जस्तोसुकै परिस्थितिसँग पनि लडेर सामना गर्ने धेरै प्रकारका कष्ट सहेर आफू र बालबच्चाको हेरचाह गर्ने म पात्रको जीवनमा सधैँ सहायक प्रेरक बनेर हौसला प्रदान गर्दै रहने, जीवनका अन्तिम दिनसम्म पनि हौसला नगुमाउने प्रमुख नारी पात्र हुन् ।

आमा ममताकी खानी हुन् प्रेरणाको प्रतिमूर्ति हुन् । एउटा असल सासूमा हुनुपर्ने गुण उनमा पाउन सकिन्छ, सीताजीको भनाइबाट- कहिल्यै सासू हुनुभएन जहिले पनि 'सीते' भन्नु हुन्थ्यो । मेरी जन्म दिने आमा र सासूमा कुनै फरक थिएन (पृ. २) । आमाको माया र ममताले गर्दा मैले **आधाबाटो** लेख्न पुगेको हो भन्नुहुन्छ म पात्र ।

---

[३१] कृष्ण धरावासी, **पाण्डुलिपि**, पूर्ववत्, पृ. ३६ ।

यसरी आमाका धेरै राम्रा व्यवहारको, सङ्घर्षका दिनमा आमाले देखाएको धैर्य र आँटको, आमाको ममताको, कतिपय पुराना विचारको, आफ्नै प्रकारका निर्णयको, आफ्नो जीवनसँग जोडिएको, आमाको ममतामयी स्वभावको आदि आदि विभिन्न स्वभावको चित्रण उपन्यासमा गरिएबाट आमा यस उपन्यासकी महत्त्वपूर्ण भूमिका रहेकी बृद्ध नारी चरित्र भएको पुस्टी हुन्छ ।

## ४.५.४ दुर्गा विनय (छोरो ठुलो) दिप्लेश

म पात्रको जेठो छोरो विनय यस उपन्यासको सहायक पात्र हो । आफ्नी जन्मदिने आमाको क्यान्सरले च्यापेदेखि मलीन भएर दुःखलाई सामाना गर्दै बुबालाई साहित्य लेखनमा उक्साउने चरित्र हो । बुबाका किताबहरू पढेर सल्लाह र सुझाव दिने, आफू पनि साहित्यकार बनेर कृति प्रकाशन गर्ने कथासङ्ग्रह 'अर्केस्ट्रा' र 'घाम नउदाएको देश' जस्ता कथासङ्ग्रह प्रकाशित भइसकेका छन् । उनी भन्छन्- मेरी आमा परिपक्वता र बुवामा आएको परिवर्तन बुझ्न यो पुस्तक पढ्नु पर्छ । **पाण्डुलिपि** सामान्य नेपालीको असामान्य कथा भएको विनयको जिकिर थियो ।[३२] विनय अलि घमण्डी स्वभावको छ भन्न सकिन्छ ।

विनय जन्मदा राम्रै भए पनि पछि विस्तारै उसका खुट्टा लुला हुँदै गएँ । विस्तारै खुट्टाको अप्रेशन गरियो तापनि विस्तारै घुँडा लुला भएर तिघ्राको मसल सुक्दै थियो थेरापी गर्दै जाँदा ठिक हुँदैछ । उसलाई अझै पनि बसेपछि जुरुक्क उठ्न गाह्रो हुन्छ । ऊ यस्तो भएर पनि निकै भावुक र दार्शनिक छ उसले भन्छ- अङ्कल ! जसले मलाई यस्तो बनायो, उसैले ठाउँठाउँमा मलाई मद्दत गर्नेहरू पनि बनाएकै छ, मलाई पीर छैन । कोही न कोही आइहाल्छ । मसँग सधैं सँगै के हुन सक्छ र ? मैले आफैं हिँड्न सिक्नुपर्छ । शारीरिक रूपमा कमजोर भए पनि ऊ सानै उमेरदेखि घरमै बस्ने, स्कुलको गृहकार्य गर्ने, विभिन्न साहित्यिक किताबहरू पढ्ने, काकासँग बसेर कम्प्युटर सिक्ने गर्थ्यो । सानै उमेरमा साथीहरूले उसको अशक्ततामाथि व्यङ्ग्य गर्दा साह्रै मर्माहत भएर भन्थ्यो- 'म मेरो रहरले यस्तो भएको होइन । तिमीहरूको व्यवहारले मलाई केही फरक पर्दैन (पृ. ९७) ।'[३३] यही शीर्षकमै उसले आफ्नो लेख लेखेको थियो जुन **पूर्वाञ्चल** दैनिकमा छापिएको थियो ।

---

[३२] बसन्त बस्नेत, *छोराको आँखामा धरावासीको पाण्डुलिपि*, **नागरिक दैनिक**, २०६९ बैशाख २३, पृ. ८ ।
[३३] कृष्ण धरावासी, **पाण्डुलिपि**, पूर्ववत्, पृ. ९६ ।

पढ्नलाई ऊ लगनशील छ कामको व्यस्ततासँगै बी.बी.एस. को विद्यार्थी हो । कक्षा ८ पढ्दादेखि नै काकासँग बसेर फ्याट्टफुट्ट गर्दै सिक्दै उल्टै काकालाई सिकाउन सक्ने भयो । त्यसैका फलस्वरूप उसले सुरुमै दमकमा दश हजारको जागिर पाएको छ । आमाको रोगसँग ऊ पनि लड्दै गइरहेछ एउटा छोराले जीवनमा गर्नुपर्ने सम्पूर्ण कर्तव्य उसले गरेको छ, सानै उमेरमा मातृशोकको पीडालाई सामना गर्नुपर्दा पनि ऊ सरिक छ । आमालाई लेखनमा अभिप्रेरित गर्न बुबालाई घच्घच्याउने एउटा सफल कर्तव्यपरायण चरित्र विनय हो । ऊ धैर्यशील व्यक्ति हो । आमाबुबालाई, भाइबहिनीहरूलाई सरसल्लाह दिने, सम्झाउने व्यक्ति भएका कारण युक्त पात्र बन्न पुगेको छ ।

### ४.५.५ विवेक (कान्छो छोरो)

म पात्रको कान्छो छोरो विवेक यस उपन्यासको सहायक पात्र हो । आफ्नो बुबासँग सँगै बसेर अध्ययन गर्न लगनशील, धैर्यशील, विवेकी, कर्तव्यपरायण, व्यावहारिक बालपात्र हो । हर क्षण आमा, बुबा, दाइ तथा बहिनीको निगरानी राख्ने चरित्र हो- विवेक ।

सानै अवस्थामा मातृशोकको वियोग झेल्नु परेको यो बालक आफ्नो अध्ययनमा निरन्तर अगाडि बढिरहन्छ । अध्ययनमा रुचि लिने विवेकले **पाण्डुलिपि** टाइप गरेको हो । विवेक धैर्यशील व्यक्ति हो, जसले आफ्नी आमाको निधनको यति पीडादायी विवरण अत्यन्त कष्टसाथ टाइप गऱ्यो । इमान्दारी, बुद्धिमानी, लगनशील बाबाको सेवामा निरन्तर लागिरहन, धैर्यशील, कर्तव्यपरायण बालचरित्र जो बुबाको एक्लो जिन्दगीलाई सोचेर बुबाको बिहेको कुरा राख्ने एउटा सचेत चरित्र पुष्टि भएको छ ।

### ४.५.६ प्रतिमा (छोरी)

म पात्रकी कान्छी सुपुत्री प्रतिमा एउटी बाल पात्र हुन् । प्रतिमा सरल, असल, संवेदनशील, धैर्यशील विवेकी अध्ययनशील मेहेनती सुशील बाल चरित्र हुन् । आफ्नी आमाको आन्द्रामा चौँथो स्टेजको क्यान्सर भएको र बुबाले भन्न डराउँदा पनि उनी आफैँ सोधपुछ गरी थाहा पाउने पात्र हुन् । बाबाको, दादाहरूको, ममीको सबैको चित्त बुझाउन सफल भएकी छन् । बाल्यावस्थामा मातृशोक सहन सक्ने उनी एक धैर्यशील चरित्र हुन् । आफ्नो अध्ययनलाई निरन्तरता दिन आमाको मृत्यु भएको सातौँ दिनमा काठमाडौँ जान तयार भएको नीडर पात्र हुन् । बाबाले परीक्षा दिन सक्छेस् छोरीभन्दा प्रतिमा भन्छिन् -

उसले दरिलो र आँटिलो स्वरमा भनी - म जसरी पनि परीक्षा दिन्छु । मैले परीक्षा दिइनँ भने मम्मीलाई झन् कति नराम्रो लाग्ला ? मैले गर्दा प्रतिमाको परीक्षा रोकियो भन्नुहोला (पृ. ३५५) ।

यस्तो शोकाकुल अवस्थामा पनि बुबालाई चिन्ता नलिनु म राम्ररी परीक्षा दिन्छु, फोन गरिरहन्छु भनेर त्यो बाल पात्र आफ्नो जीवनको यात्रा नरोकी अगाडि बढेकी छन् । बुबालाई पीर पर्छ भनेर आफू एक दिन मानसिक तनावले बेहोश भइछन् तर यो कुरा कसैलाई पनि भन्न दिइनन् । बाबाको शोकलाई बोक्न सक्ने आँटिली, छयत्तर प्रतिशत अङ्क ल्याउँदा आफूलाई निरीह हुने पात्र म पात्रलाई अर्को विवाह गर्न आग्रह गर्ने पात्र हुन् । यसैले उनी नेपालकी छोरी हुन्, एक बालसुलभ नारी चरित्र हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.५.७ स्वजन वा पारिवारिक पात्रहरू

यस अन्तर्गतका पात्रहरू म पात्रका परिवारभित्रका सदस्यहरू हुन् । उपन्यासमा यी पात्रहरूले विभिन्न अवस्थामा आ-आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यी पात्रहरूको कहीँ नाम, कहीँ नाता मात्र र कहीँ राम्रो नराम्रो भूमिकाको समेत चर्चा गरिएको छ ।

अन्तरी फूपू
काका-काकी
कान्छा मामा-माइजू
कान्छी फूपू
कुमार-भाइ-शारदा बुहारी
चन्द्रा बहिनी (कान्छी)
जेठा मामा-माइजू
दिदी भिनाजु (कमला)
दिप्लेश-जेठो छोरो
प्रतिमा- छोरी
भान्जा भाइहरू
माइली फूपू, माल्दिदी-फूपाजु
विवेक-कान्छो छोरो

साईली सानीमा

ससूरा-सासू- म पात्रका

हजुर आमा

उपन्यासमा नाता छुट्याइएका बाहेक धेरै नाममात्र जनाइएका परिवारका सदस्यहरूको पनि सहभागिता रहेको छ । कतै नाताको समूह बुझाउने काकाहरू, मामाहरू, बहिनीहरू, जस्ता बहुवचनको पनि प्रयोग गरिएको छ भने नाममा भनिएकाहरू स्वजनभित्रका कम महत्त्वका व्यक्तिहरू पनि परेका छन् । पारिवारिक पात्रहरूको सङ्ख्या किटान गरिएको छैन ।

## ४.५.८ म पात्रको सम्पर्कमा आएका अन्य पात्रहरू

उपन्यास रचना गर्ने क्रममा उपन्यासकारले जहाँ गयो त्यही र जसलाई भेट्यो त्यहीँ पात्रहरू समेट्न पुगेको पाइन्छ । जसले गर्दा उपन्यासमा असङ्ख्य पात्रहरू गौण रूपमा आएकाले बहुल पात्र संयोजन भएको पाइन्छ । अञ्जना, अभ्युदय, अच्युत घिमिरे, अनित्व पौडेल, अशोक राई, अमर न्यौपाने, अच्युत विक्रम, अरूण सायमी, अनुपम रेग्मी, अर्जुन विष्ट, अनित्य पौडेल, अशोक राई, आनन्ददेव भट्ट, ओसिन, उपेन्द्र पागल, उमेश कुमार प्रधान, उल्फ बर्सिके, उपेन्द्र महतो, उत्तम शर्मा, उज्ज्वल प्रसाईं, कपिलदेव, कल्पना वान्तवा, केशव कुमार, कमलप्रसाद प्रधान, केवल, कविता श्रेष्ठ, कमलमणि दीक्षित, कृष्णभूषण बल, केदार नरसिंह, कृष्ण हुमागाई, काइँला मगर, कृष्ण बराल, कृष्ण निराकार, कमल मित्र, कमलापति पौडेल, कृष्ण नकर्मी, खगेन्द्र भट्टराई, खगेन्द्र सङ्ग्रौला, खेमलाल, खरेल, गंगाप्रसाद सिवाकोटी, गणेश रसिक, गणेश बहादुर प्रसाईं, गिसाप, गीता त्रिपाठी, गीता रेग्मी, गिताराम सिवाकोटी, गोविन्द काफ्ले, गोविन्द भट्ट, गोपाल सुकु, गोपाल कुमार बस्नेत, चन्द्र भण्डारी, चक्र चन्द्रशेर, चतुरे, चन्द्र अधिकारी, चुनु कार्की, चूडामणि रेग्मी, छम कुमारी, छविलाल खतिवडा, ज्ञानु पाण्डे, ज्ञानेन्द्र राजा, ज्ञानमणि, ज्ञानु आमा, जनक पौडेल, जमुनाजी, जितेन्द्र परियार, जिवा लामिछाने, झुमा देवान, टङ्क, डम्बर घिमिरे, डम्बर देवान, डिकमान विरही, डिल्लीराम तिमिल्सिना, डी.एन. जोशी, तारा सुवेदी, तारा बराल, तारा न्यौपाने, तारामणि सापकोटा, तुलसी भट्टराई, दमन्दादेवी भट्टराई, दाताराम खनाल, दामोदर के.सी., दान खालिङ, दामोदरजी, दुर्गा दिदी, दुसवु क्षेत्री, दिलिप शाह, देवेन्द्र प्रताप, देवीभक्त श्रेष्ठ, धनपति, ध्रुवजी, नम्रता, नरेश सुन्दर, नवराज लम्साल, नवराज

कार्की, नरहरि आचार्य, नन्दिकेशर, नारायण ढकाल, निर्मल बाबा, निर्मला माइजु, निरज, नोरेम दाइ, पण्डा प्रदीप सापकोटा, प्रवास क्रिम, पद्मप्रसाद देवकोटा, प्रताप बहादुर सिंह, प्रकाश आङ्दावे, प्रकाश रेग्मी, प्रकाशमान सिंह, पार्वती, पुलामी मगर, पुरुषोत्तम श्रेष्ठ, पुनम, पुलोमा, पुण्यप्रसाद, बलराम उपाध्याय, बमविक्रम बस्नेत, बालकृष्ण पोखेल, बिमल निभा, बिप्लव प्रतीक, बिक्रम सुब्बा, बेन्जु शर्मा, भवानी क्षेत्री, भरत, भवानी घिमिरे, भरत भूर्तेल, भानुभक्त पोखेल, भानु खनाल, भीष्म, भीष्म उप्रेती, भीम दाइ, भूपाल राई, भोला रिजाल, मनमोहन अधिकारी, मञ्जुल रायन, महोदव, मञ्जु शर्मा, महेन्द्र प्रसाईं, महेश आचार्य, मदन अधिकारी माझी, मनप्रसाद उप्रेती, महेश लजुवा, मनु मञ्जील, माधव कुमार नेपाल, माधव घिमिरे, माधवप्रसाद उपाध्याय, मित्र विष्ट, मिलन, मुसलमान राई, मोदनाथ पश्रित, मोहन जोशी, मोहन उप्रेती, मोहन कोइराला, युक्त भेटवाल, युवराज गुरागाइँ, योगेश्वर, युद्धप्रसाद मिश्र, योहन्ना बर्निको, यादवजी, रत्नमणि, रजनी ढकाल, रविलाल अधिकारी, रश्मिशेखर, रणबहादुर बुढाथोकी, रमेश, राजेश्वर देवकोटा, राम बस्नेत, राजकुमार पोखेल, राधा गुरुङ, रामेश्वरी पन्त, रुद्र, लक्ष्मण ढकाल, लालबहादुर गुरुङ, लीला उदासी, लीलबहादुर क्षेत्री, लेखनाथ भट्टराई, लक्ष्मी भाउजू, लक्ष्मी खतिवडा, लोकराज ढकाल, विनोदमणि न्यौपाने, विष्णुप्रसाद काफ्ले, विवेक निरौला, विद्याभकारी, वैरागी काइँला, विष्णु, विनय रावल, विष्णुविभु घिमिरे, वि.प्र. हिराराज, विकास लामिछाने, विजय स्वाँर, विजय बजिमय, विश्वप्रकाश, शिवशंकर, शारदा शर्मा, शंकरप्रसाद उप्रेती, शेरबहादुर देउवा, शिसे सान्दाइ, शैलेन्द्र साकार, श्यामल, शक्तिवल्लभ श्रेष्ठ, शरदचन्द्र शमशेर, शकुन्तला गुरुङ, शशी शर्मा, सावी श्रेष्ठ, सरोज ओली, सुशील कोइराला, सुजाता कोइराला, हर्कलाल, हरिप्रसाद, हेमचन्द्र नेपाल, हरिवंश आचार्य, होमनाथ हुमागाईं, हरिकला, होमबहादुर मल्ल, हरिमाया भेटवाल, सोमदत्त, सनत रेग्मी, सुरेन्द्र ढकाल, सी.पी. मैनाली, सञ्जिव उप्रेती, सुदर्शन ओली, सुवेदी आमा, सङ्गीता थापा, सीमा आभास, सुस्मिता राहुल, स्वस्तिका, सर्मिला दाहाल, सागरचन्द्र जोशी, सनतकुमार राई, सुस्मिता नेपाल, सीता थापा, सुकमाया मगर ।

### ४.५.९ मानवेतर पात्रहरू

यस उपन्यासमा मानवेतर पात्रको पनि प्रयोग गरिएको छ । ती पात्रहरू म पात्रको जीवनसँग सम्बन्धित नै देखिन्छन्- काग, कुकुर, गाई, परेवा ।

### ४.५.१० निष्कर्ष

**पाण्डुलिपि** उपन्यासमा स्त्रीपात्रहरू पनि साहसी छन् । आमा, चन्द्रा, टीका, प्रतिमा, माल्दिदी, सीताजी, सीताजीकी आमा, यी पात्रहरूले नारीहरूको भूमिका निर्वाह गरेका छन् । यी विविध प्रसङ्ग र सन्दर्भका पात्रहरू म पात्रको वृत्तचित्रभित्र घुमेको पाइन्छ । पात्र विधानमा समेटिएका यी सबै पात्रहरू कुनै म पात्रको प्रत्यक्ष सम्पर्कमा आएका पाइन्न भने कुनै परोक्ष रूपमा नामोल्लेख मात्र गरिएका छन् । कुनै देशभित्र र कुनै देशबाहिरका पनि पात्रहरूको प्रयोग गरिएको छ । ती विभिन्न भूमिकामा आएका बहुभूमिकामूलक पात्रका रूपमा उपन्यासमा छरिएका छन् । धेरै पात्रको उल्लेख उपन्यासमा एकपटक मात्र गरिएको छ भने कुनै पात्रहरू एकभन्दा बढी ठाउँमा आएका पाइन्छन् । म पात्रको सम्पर्कमा आएका अत्यधिक पात्रहरूको कारण **पाण्डुलिपि** उपन्यास बहुपात्रीय उपन्यासका रूपमा चिनिएको छ । नाम, नाता, सामूहिक रूपमा 'हरू' लागेका, सर्वनाम 'हरू' लागेका र यस्तै विभिन्न किसिमले प्रयोग भएका गरी प्रयोग भएको बुझिए पनि यहाँ सोहीअनुसार सङ्ख्या किटान गर्न सम्भव नभएकाले सबैको नाम किटान गर्न सकिएको छैन । यी पात्रहरू कथाहरू जस्तै आउँदै टुङ्गिँदै गरेका छन् । उपन्यासका यी टुक्राटुक्री पात्रहरूलाई जोड्ने माध्यम म पात्र हुन् । व्याकरका शब्दगत पात्रहरू, अव्यय, निपात, सकर्मक, अकर्मक, करण आदि सहायक पात्रहरू बनेर उपन्यासमा प्रस्तुत भएका छन् । हरेक पात्रले आफ्नो कार्यकालको समयावधिलाई सहज रूपमा ग्रहण गरेका छन् । यस **पाण्डुलिपि** उपन्यासका पात्रहरू समष्टिगत रूपमा वास्तविक धरातल भएका र घटना रहेको पाइन्छ ।

## ४.६ देशकाल वातावरण

**पाण्डुलिपि** उपन्यास २०३९ सालमा रचना गरिएको हो । यस उपन्यासमा परिवेशको व्यापक चित्रण गरिएको छ, झापाको परिवेश चित्रणमा उपन्यासकार पूर्ण सफल मानिएका छन् । पाँचथर, इलाम र झापाको परिवेशलाई व्यापकरूपमा प्रयोग गरिएको यस उपन्यासमा काठमाडौं, चितवन, जापान, जर्मन, जनकपुर, थाइल्याण्ड, पटना, फ्रान्स, फ्र्याङ्कफर्ट, बङ्गलादेश, बनारस (कासी), बेल्जियम, भारतको सिलगढी, भैरहवा, लग्जम्वर्ग, लुपथान्सा, वर्लिन सहर, सङ्खुवासभा, साङ्रम्बासम्मको भौगोलिक क्षेत्र समेटिएको छ । यस

उपन्यासमा देशको राजनैतिक इतिहास, संस्कृति, साहित्यिक विकास र विस्तार, पत्रकारिताका विभिन्न चरणहरूका बारेमा चर्चा गरिएको छ भने यी सबैको वर्णनमा झापालाई केन्द्रबिन्दु मानिएको छ । आफ्नो जन्मस्थान पाँचथर, बाल्यकालदेखि हुर्के बढेको झापा, पढेलेखेको इलाम कर्मक्षेत्रका रूपमा छानिएको झापा, काठमाडौं अतिरिक्त व्यक्तिगत विकासमा सहायक बनेका देशका विभिन्न ठाउँ, व्यक्ति, राजनीति, साहित्य, पत्रकारिता र निजी जीवनका अनुभवहरूलाई समेट्दा उल्लेख गर्न आवश्यक ठानिएकाा ठाउँ, घटना र अवस्थाहरू मिलेर **पाण्डुलिपि** उपन्यासको देश काल वातावरण निर्माण गरिएको छ ।

**पाण्डुलिपि** झापाबाट प्रारम्भ भई झापामा आई टुङ्गिएको छ । उपन्यासको पहिलो अध्याय एकमा झापाको चित्रण गरिएको छ भने अन्तिम अथवा सातौं अध्याय सीताजीको मृत्यु भएको त्यही घरमा यो उपन्यासको अन्त्य भएको छ । परेवा भाकल गरेर छोरा जन्मेको, निर्मल बाबाको दर्शनले रोग निको हुने, घरमा भूतप्रेत, विषालु आक्रमक जीवजन्तुले आक्रमण नगर्न महारानीको पूजा स्थान स्थापना गरेर नाति जन्मे जोर परेवा उडाउने, सेतो-कालो चमर चढाउने, पूजा लगाउने, किरिया बस्ने आदि चाल-चलन र रीतिरिवाजहरू पनि यस उपन्यासमा देखिन्छन् । धरावासी अरूभन्दा फरक प्रवृत्तिका व्यक्ति हुनाले नयाँ प्रयोगवादको प्रयोग गर्न आमाको वार्षिक श्राद्ध र सीताजीको वार्षिक श्राद्धका दिन इष्टमित्र डाकी पितृका नाममा पुस्तक प्रकाशन गर्ने त्यहीँ दानापानीको व्यवस्था गर्ने, चेलीको हातबाट दशैंको टीका लगाएर आशिष थाप्ने (ऐ. ५५), बावरको रोटी, धान नाच, देउसी भैलो (ऐ. पृ. ४७-४९), गुन्द्रुकको झोल, निगुराको साग जस्ता कुराहरूले पहाडी जीवनको सङ्केत गरेको छ । म पात्र, दिप्लेश, विवेक र प्रतिमाले भोगेका दु:खद क्षणहरूले पाठकहरूमा करुणाको वातावरणमा सिर्जना हुन्छ । समाजमा रहेका वर्तमान विकृति, विसङ्गति र परिवर्तनहीन अवस्थालाई राम्रोसँग चित्रण गरिएको छ ।

यसरी झापादेखि सुरु भएको उपन्यासको यात्राले देश विदेशका विभिन्न ठाउँको यात्रा गरेर निश्चित कालखण्डको इतिहासलाई उपन्यास जस्तो साहित्यिक विधामा समेटेर जीवन्त बनाउने सिर्जनात्मक कार्य लेखकबाट भएको छ । झापाको परिवेश चित्रण नै बढी प्रतिबिम्बित भए पनि यस बाहेक अन्य ठाउँहरू नेपालभित्रका इलाम, काठमाडौं, चितवन, जनकपुर, धनगढी, पाँचथर, भैरहवा, सङ्खुवासभा बाहेक नेपाल बाहिर भारतको सिलगढी, काशी, पट्ना, बनारस र जर्मन, जापान, थाइल्याण्ड, फ्रान्स, बङ्गलादेश, बेल्जियम,

लक्जम्वर्गआदि राष्ट्रहरूमा समेत परिवेश चित्रण गरिएको छ । सामाजिक, सांस्कृतिक, भौगोलिक, ऐतिहासिक, साहित्यिक, राजनीतिक घटना विवरणहरू सहित प्रस्तुत भएको **पाण्डुलिपि** उपन्यासको देश, काल, वातावरण र परिवेशको चित्रण सामान्य रूपमा गरिएको छ ।

## ४.७ दृष्टिबिन्दु

यस उपन्यासमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कतै आमा कतै श्रीमती सीताजी (तपाईं) को भूमिका महत्त्वपूर्ण भएर अभिव्यक्ति आएको बेला द्वितीय (तपाई) तृतीय (उनी) पुरुषको झलक पाइए पनि उपन्यासको थालनीदेखि अन्त्यसम्मको वर्णनमा म पात्र समाख्याता बनेको हुनाले उपन्यासको समग्र दृष्टिबिन्दु प्रथम पुरुष नै हो ।

प्रथमतः उपन्यासको केन्द्रीय पात्र सामाख्याता म नै हो र त्यो 'म' स्वयम् उपन्यासकार कृष्ण धरावासी हुन् । यसरी स्वयम् धरावासी नै म पात्रमा रूपायित भएका छन् । यसरी लुप्त रूपमा द्वितीय र तृतीय पुरुष भएर रहेको उपन्यासलाई म प्रथम पुरुषमा रूपायित गरिएको छ । यही रूपान्तरणले **पाण्डुलिपि** औपन्यासिक कृति तयार भएको छ । प्रथम पुरुष म पात्र लेखक स्वयं भएकाले अवचेतनमा रहेको धरावासी कहीँ जानेर वा कहीँ असावधानीबश फुस्किएको पनि पाइन्छ । यसले म र धरावासीलाई एकै ठाउँमा समाहित गर्दछ । कृष्ण धरावासी नै म हो भन्ने पर्याप्त आधारहरू उपन्यासमा पाइए पनि समाख्याता म बनेर आएको हुनाले यसको दृष्टिबिन्दु प्रथम पुरुष नै हो । म पात्रको सम्पर्कमा आएका अन्य जति पनि पात्रहरू छन् सबै तृतीय पुरुषमा आएका छन् । जस्तै :

> उसको प्रश्नले म झसङ्ग भएँ । उनीहरूले मेरो मौनतालाई अनौठो आतङ्कका रूपमा लिएका रहेछन् । मैले सबै बिर्सन थालें कि भनेर शङ्का गर्न थालेछन् । अनि एकाएक मैले आफूलाई यथार्थतिर फर्काएँ । जुरुक्क उठेँ उसलाई हेरेर भने - नानी तिमीहरू मसँग यति धेरै नडराओ मलाई केही भएको छैन । केही हुँदैन पनि । ममा सहने शक्ति छ । अहिले मैले शोकको मौनता मात्र धारण गरेको हुँ (पृ. ३५६) ।

यसरी यस भनाइमा ८ वटा प्रथम पुरुष वाक्य आएकाले समग्रमा **पाण्डुलिपि** उपन्यास प्रथम पुरुष दृष्टिबिन्दु प्रधान रहेको उपन्यास हो ।

## ४.८ भाषाशैली

उपन्यासलाई प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्व नै भाषाशैली हो । हरेक उपन्यासकारहरूले आ-आफ्नै भाषाशैलीको विकास र विस्तार गरेका छन् । लेखकको व्यक्तिगत जीवनले पनि उसको भाषाशैलीमा प्रभाव पारेको हुन्छ । उपन्यासमा कवितात्मक भाषा शब्द चयन गर्ने कला वाक्य गठन, आलङ्कारिक, शुद्धाशुद्धि, उखान, टुक्का आदिलाई भाषाशैली अन्तर्गत राख्न सकिन्छ ।

**पाण्डुलिपि** उपन्यासमा उपन्यासकारले चलनचल्तीमा प्रयोग भइरहने भाषाको प्रयोग गरेका छन् । यसमा पूर्वेली भाषाको प्रयोग भएको छ भने आगन्तुक हिन्दी, अङ्ग्रेजी शब्दका साथै अनुकरणात्मक शब्द, तत्सम, तद्भव शब्दहरूको पनि आवश्यकता अनुसार प्रयोग भएको छ । यसमा सरल सरल वाक्य रचना गरिएका छन् भने यदाकदा जटिल वाक्यको पनि प्रयोग पाइन्छ । यसमा प्रयुक्त भाषाशैली आवश्यकता अनुरूप स्वाभाविक रूपमा औपचारिक र सामान्य शैलीको प्रयोग गरिएको छ । कतै साहित्यिक विशिष्ट, कतै पत्रकारिताको भाषा र कतै प्रतिकात्मक अभिव्यक्ति पनि पाइन्छ । भाषामा अलङ्कार थप्न ठाउँठाउँमा कविताहरू रचना गरिएका, अन्तर्वाताका संवादहरू जस्ताको तस्तै प्रयोग गरिएको छ । विशेष गरी झापा, इलाम, पाँचथरलाई राम्ररी अँगालेर लेखिएको हुँदा स्थानीय भाषिक प्रभाव प्रशस्त मात्रामा परेको पाइन्छ ।

### क) पूर्वेली भाषिकाको प्रयोग

आमा - “यसलाई त कति राम्रो स्वायो हौ । लु अब घर बस्दा यही ला है तँ ।” (पृ. १२)

“तँ पनि जा सीते यसपाली दाजुसँग इलाम, सारो राम्रो छ इलाम” (पृ. १३) ।

“सीताजी ! तपाइँलाई मन नपरे नखानू नि त ! किन मन मारी मारी खानू ।” (पृ. २३)

“साँझमा घरका झ्यालढोका बन्द गरेर सबै अर्काको घरमा जानु भएन, कसैले त घर रुङ्नुपऱ्यो नि । यो दिपेश र नानुलाई नहेरी हुन्न, अनि लिएर जानु परेन ? फेरी बेलैमा गएर बसिएन भने भरे ठाउँ नै पाइँदैन । टाढाबाट हेर्दा आँखाले भेउ पाउँदैन ।” (ऐ.पृ. २८) ।

"गाउँभरिका मान्छे माथि मेलामा भेला भका छन् । लु हिँड केटा ।" (ऐ.पृ. ४९) ।

अदिशसरी, कमकरी, कसोरी, छिन्ती, तिमरेका, पुऱ्याओ, भाछु, मावल, हृलियो अवस्थामा अनुसार यस्ता शब्दहरू प्रयोग भएको पाइन्छ । खास गरी झापाको सेरोफेरोका पात्रहरूमा मात्र यो भाषिका पाइएको छ भने अन्यमा नेपाली भाषा नै बढी प्रयोग देखिन्छ ।

**ख) हिन्दी भाषा**

"मर्द होकर क्या मिठापान खाते है भाइ !"

"मिठापान खानेसे औरत होँगे क्या ?" (पृ. ६५) ।

**अ) हिन्दी गीत**

"लग जा गले कि फिर ये हँसी रात हो न हो

शायद फिर इस जनम मैँ मुलाकात न हो ।"

"हमको मिले हैं आज ये घडीयाँ नसीब से

जी कर के देख लिजिए हमको करीब से ।" (पृ. ३०५)

"क्या है मित्र ! दुल्हनको ले के किधर चल बसे ?"

"प्रेम नगरी की खोज मे ।" (पृ. १२३)

यस्तै छोटा-छोटा संवादहरू र हिन्दी गीतले उपन्यासमा भाषिक सीप प्रदान गरेका छन्

**ग) अङ्ग्रेजी शब्दहरू**

**पाण्डुलिपि** उपन्यासमा हिन्दीबाहेक अङ्ग्रेजी शब्दहरू पनि ठाउँ-ठाउँमा प्रयोग गरिरहेको छ । अङ्ग्रेजी भाषाका लामा-लामा वाक्य त छैनन् तर थारै भए पनि आजको वर्तमान समयको मागअनुसार चलनचल्तीका शब्दहरू निक्कै मात्रामा प्रयोग गरिएको छ ।

अपरेसन, अल्जाइमर, अम्पायर, इन्जिनियर, इन्जेक्सन, इन्टरभ्यु, एन्डिङ, एयरपोर्ट, एलर्जी, कम्प्युटर, कम्पोजिटर, कम्पाउन्डिङ, क्वाइन, क्यान्टिन, क्यानुला,

कन्भिन्स, कमरेड, गोष्ट पफि, प्लेटफर्म, गाइड, ट्युसन, ट्याक्सी, डिलिट, डिस्टिङ्क्सन, डाउनलोड, डोनेसन, नो प्रोब्लम, नोष्टाल्जिया, नेशनल, प्रोस्टेट, प्याराग्राफ, प्रुफ, प्यारालाइसिस, प्लेटफर्म, प्रोसेस, प्रेस्किप्सन, प्रस्क्राइब, प्लिज, फिल्माङ्कन, फ्रेन्ड, फुडपोइजन, फाइनल, फ्रेस, ब्रेक, ब्रेनहेमरेज, ब्वाइफ्रेन्ड, बायोडाटा, बाथरुम, बुस्टोपान, बेडसेट, भेन्टिलेटर, मुड, मर्फिन, मर्निङ वाक, रेफए, रेष्ट, रेकर्डिङ, रोमान्टिक, लगबुक, वेगवान, वर्जन, साउन्ट, स्लरी, सिरियस, स्टाफ सिन्थेटिक, सुटकेश, सिटीस्क्यान, साइड इफेक्ट, स्टेज, सेम स्किप्ट, होमियोपेथी, हेप्पी वर्थ डे साहेब, ह्याप्पी । यसरी यी अङ्ग्रेजी शब्दहरू नेपाली भाषासँग मिसिएर उपन्यासमा आएका छन् ।

**घ) तत्सम शब्दहरू**

भाषामा विभिन्न उपभाषिकाहरू मिसिएर कृति बन्दछ । तत्सम शब्द भनेको संस्कृत भाषाबाट जस्ताको तस्तै नेपालीमा आएका शब्दहरू नै तत्सम शब्दहरू हुन् । **पाण्डुलिपि** उपन्यासमा पनि केही अंश तत्सम शब्दहरूको प्रयोग गरिएको छ । जस्तै : अध्याय, अर्धाङ्गिनी, असम्प्रक्तता, इन्द्रासन, कर्तव्य, कष्ट, कर्मकाण्डीय, कुमीपाक, ग्रह, ग्रहण, गृहस्थी, दाहसंस्कार, देश, ब्रह्मसूत्र, ब्रह्माण्ड, बध, पार्थिव, पितृ, पितृस्मिति, प्रेतकल्पीय, नक्षेत्र, निस्मृहता, निर्निमेष, निःसृत, निर्वाक, फलित, मुर्दशान्ति, माताजी, मातृशोक, मुक्तकण्ठ, लाहा, श्राद्ध, शुभप्रभात, क्षमा, शाश्वत, समारोह, स्वर्ग आदि थुप्रै तत्सम शब्दहरू प्रयोग भएका छन् ।

**ङ) द्वित्व शब्दहरू**

कुनै पनि शब्दलाई बढी महत्त्वका साथ पूरै शब्द वा शब्दका केही अंश वा अक्षरहरू दोहोऱ्याउने गरिन्छ भने त्यस्ता शब्दलाई द्वित्व शब्द भनिन्छ । यस उपन्यासमा द्वित्व शब्द प्रचुर मात्रामा प्रयोग गरिन्छ । खुरुखुरु, खुसखुस, ग्वाँग्वाँ, गुनुगुनु, च्वच्व, झुन्डझुन्ड, धुरुधुरु, पखिँदा पखिँदा, मारी-मारी, लालग, स्याँस्याँ, सिलसिला, सुकसुक आदि शब्दहरूले उपन्यासमा रोचकता पैदा गराएका छन् ।

### च) अनुकरणात्मक शब्दहरू

उपन्यामा प्रयुक्त भएका अनुकरणात्मक शब्दहरू यसप्रकार छन् - कोक्याइ कोक्याइ, खङ्ग्रङ्ग, खुसुक्क, खत्र्याङ्खुत्रुङ, खिस्रिक्क, गलल, गड्यामगुडुम, च्याप्प, छक्क, जुरुक्क, झपक्क, झसङ्ग, झ्वास्स, झल्यास्स, झिलिक्क, झ्याप्प, ट्वाल्ल, टुप्लुक्क, ट्याप्प, ठ्याक्क, ढङ्ढङ, दङ्ग, धरर, धचक्क, धपक्क, पटक्कै, पुलुक्क, पुर्लुकपुर्लुक, पुटुक्क, प्याट्ट, फटाफटी, फुरफुराउन, फुरुक्क, बरर, बल्लबल्ल, भुतुक्क, भरङ्ग, मचक्क, मुसुक्क, रनभुल्ल, लट्याङ्पट्याङ, लत्याकलुलुक, सनक्क, सर्ल्याकसुर्लुक आदि जस्ता शब्द ध्वनीको नक्कल गरी भाषालाई चमत्कारिक बनाएका छन् ।

### छ) उखान टुक्का

**पाण्डुलिपि** उपन्यासमा विभिन्न उखान टुक्काले स्थान पाएको छ । उखान टुक्काको प्रयोगले पाठकलाई बुझ्न नसकेको अवस्थामा सामान्यीकरण गराउँछ ती प्रयोग भएका केही उखान टुक्का यसप्रकार छन् -

“हुर्काउन नसक्नेले सन्तान किन जन्माउनु ?” (पृ. ४२)

“बिना समयको रागिनी” (पृ.४२)

“गर्न लजाउनेले जीवनमा कहिल्यै उन्नति गर्दैन” (पृ. ५३)

“राँण, साँढ सिँढी” (पृ. ६४)

“बाठो मान्छेले खरानी बेचेर पनि धन कमाउँछ” (पृ. ६८)

“आगोले पोलेको घाउ आगोमै सेकाउनु” (पृ. ६८)

“बिधुर मर्दको जिन्दगी नर्कसमान हुन्छ” (पृ. १९८)

“सयौँ टनको ढुङ्गाले थिच्नु” (पृ. २१४)

“शोकको भाषा भनेको आँसु हो” (पृ ३३३)

“हुने हुनामी टर्दैन” (पृ. ३५४)

यी माथिका उखानहरूको प्रयोगबाट नेपाली समाजमा देखिन आएका कथनहरूमा विभिन्न सन्देश दिन खोजेको पाइन्छ । बच्चा जन्माइसकेपछि त्यसको पालनपोषण गर्न सक्नु बाबु-आमाको कर्तव्य हो । बिनासित्तैमा अरूलाई भुलाउने चेष्टा गर्नु हुँदैन, जीवनमा लजाउनेले प्रगति गर्न नसक्नु, बनारसमा राँण, साँढ भन्ने

तुच्छ वस्तु, बाठो व्यक्तिले जसरी पनि धन कमाउन सक्छ, श्रीमती नभएका पुरुषको जिन्दगी कठिन हुन्छ, समस्याको पहाड, दुःखको भाषा आँसु र जे हुनु छ त्यो भएर छाड्छ भन्ने कुरा स्पष्ट हुन आएको देखिन्छ ।

**ज) टुक्का**

**पाण्डुलिपि** उपन्यासमा ठाउँ-ठाउँमा उखान टुक्काको प्रयोग गरिएको छ । उपन्यासमा उखान टुक्काको प्रयोगले पाठकले नबुझेको ठाउँमा बुझ्न सजिलो हुनुको साथै उपन्यासको भाषा रोचक बन्न जान्छ । त्यसैले उपन्यासकारले अवस्था अनुसार टुक्काहरू प्रयोग गरेर उपन्यास रोचक बनाएका छन् ।

पोल लगाउनु झैँ (पृ. २१), चङ्गा भयो (पृ. २१), माफी माग्नु (पृ. २९), हुङ्कार फुट्न (पृ. ३६), ब्रह्माण्ड फुट्नु (पृ. ४८), गलो अड्किनु (पृ. ४८), दोष देख्नु (पृ. ५५), थान्को (पृ. ५६), हरिया (पृ. ६०), अँगालो हाल्नु (पृ. ६५), आगो सल्किने (पृ. ११५), गोल छिराउनु (पृ. १३३), मैदालको काँडा (पृ. १९५), नजरशर्मी स्वभाव (पृ. १६५), अग्राख (पृ. १६८), रहँनु (पृ. १७४), काखे विरालो जस्तो (पृ. १९३), मर्मान्तक प्रेम (पृ. २३१), रुँगालो (पृ. २७७), वेगवान् (पृ. २७९), पण्डाल (पृ. २८१), कि वार कि पार (पृ. ३०४), लथ्याङ्ग्रो (पृ. ३०६), कठपुतली (पृ. १०५), निर्धुम (पृ. ३१९), संसारलाई बुझ्नु (पृ. ३३०), दुःखको पहाड (पृ. ३३८), जुरुक्क उठ्नु (पृ. ३४१), रुमानी प्रेम (पृ. ३४६), पाइन खाला (पृ. ३५३) यसरी यस्ता थुप्रै टुक्काहरू उपन्यासमा प्रयोग भएका छन् ।

**झ) अलङ्कारको प्रयोग**

कुनैपनि रचना वा पुस्तकलाई सौन्दर्यपूर्ण वा मिठास बनाउन अलङ्कारको प्रयोग गरिन्छ । उपन्यासलाई आकर्षक र रोचक बनाउने प्रमुख तत्त्व अङ्कार पनि हो शब्दअङ्कार र अर्थलङ्कारको प्रयोग गरी उपन्सार रोचक बनाइएको छ ।

> "म कुनै हिउँ नै हिँउले चारैतिर भरिएको पाखामा कसैका काखका बसेर हलुङ्गेका बटुकामा मासुभात खाँदैछु ।(पृ. ३२)
>
> "घटना र विषय एउटा परिवारका वरिपरि घुमिरहेको भए पनि त्यो पहाडे नेपाली जीवनको साझा पीडा रहेछ प्रायः बसाइँ हिँड्ने सबैसँग मिल्ने कथा ।" (पृ. ६७)

"म त तपाईंकी रुक्मिणी त हुँ नि । मेरो के मूल्य छ र ? कृष्णसँग नारिने, पुजिने राधै हो क्यारे !" (पृ. ७७)

"उनीहरूको क्षमाशील हृदयकै कारण यो संसार टिकेको छ, यिनले बदलाको भाव लिँदा हुन् त कुनै पनि गृहस्थी कसरी चल्न सक्ला ?" (पृ. ८२)

"समयका अगि व्यक्ति केवल एउटा कठपुतली मात्र हुँदोरहेछ । समय परिस्थिति र व्यवहारले व्यक्तिलाई उसका हरेक प्रतिबद्धताहरूबाट विमुख पारिरहँदो रहेछ । जीवन आफैँसँगको हारकोपरिणाम हो यो - दिनदिनै हार्दै जानुको बिम्ब । पीडाहरूले, धाउहरूले घेरिदै अविदिततिरको महायात्राको एक यात्री मात्र रहेछ जीवन ।" (पृ. १०५)

"आमाको मन अल्झेको अल्झेइ हुन्छ, बयरका काँडाहरूजस्ता आफन्तहरूको जङ्गलमा ।" (पृ. १३७)

"आमाको हत्केलामा प्रवाहित हुने तरङ्गको ठुलो शक्ति हुन्छ सीताजी" (पृ. १४९)

"घरभित्र छत र बाहिर आकाश बाहेक मेरो शिरमाथि अरू कुनै वस्तु आउने छैन ।" (पृ. १८३)

"घामजस्तै मृत्युलाई आँखामा बोकेर हाँस्नुपर्ने । हे माता ! तिमीभित्रको यो पीडाको व्याख्या कसरी गर्नु ।" (पृ. २९९)

"हामी डाक्टरहरू पनि भेडोभन्दा बढी हुँदैनौँ ग्राहक गुमाउने डरले एकोहोरो हुन्छौँ ।" (पृ. ३२३)

"दु:खको पहाड बोक्न सक्ने यी आमा आज फेरि छातिभरि चट्टान बोकेर हिँडिन ।"

"गुँड थियो चरो थिएन, मन्दिर थियो मूर्ति थिएन, चुलो थियो आगो थिएन ।" (पृ. ३५८)

**ञ) कविता वा काव्यात्मक भाषा/साहित्यिक भाषा**

**पाण्डुलिपि** उपन्यासमा प्रयोग भएको भाषा गद्य नै भए पनि बिचबिचमा स्वररचित वा पररचित पद्य भाषिका रूपमा पनि आएको छ । सामान्य काव्यगत भाषा प्रयोग भएका कविता यसप्रकार छन् -

“बोल्न तिमीलाई छुट छ
गुह्य खोल्न बन्देज छ
लौ भन अब
तिमीले भन्नुपर्ने के छ ?” (पृ. ७)
“उन्मुक्त हुन खोज्नु आफ्नो परिवेशबाट
उन्मुक्त हुन खोज्न आफ्नो दासताबाट” (पृ. ५६)
“म त्यो धरावासी
जो सिकन्दरका घोडाको टापले किचिएँ” (पृ. ५६)
“तिम्रै निम्ति भनी मैले
आफूलाई लिएर आएको थिएँ ।” (पृ. ८६)
“हरेक क्षण बजिरहने बाजा आफैँसँग रहेछ
फेरि त्यो कुन धुन हो जो म सुनिरहेछु ।” (पृ. १२५)
“विन्द्रा खोजेँ वनमा खोजेँ खोजेँ कहाँ छन्
सारा संसार खोजिसकेँ कृष्ण कहाँ छन् ।” (पृ. २९६)
“आखिर श्री कृष्ण रहेछ एक, न ज्ञान बुद्धि न त भो विवेक” (पृ. २९६)

बोलीचालीको भन्दा भिन्न रूपमा प्रस्तुत काव्यिक भाषा म पात्रका लेख, निबन्ध, कविता, गीत र अन्य स्वगत कथनमा प्रयोग भएको पाइन्छ । साहित्यिक भाषा कविता काव्यहरूमा मात्र प्रयोग हुने परम्परित भाषा प्रयोगको सीमालाई **पाण्डुलिपि** उपन्यासले प्रयोग गरेर विधा मिश्रणको सम्भावनालाई देखाइएको पाइन्छ । यस्ता काव्यात्मक अभिव्यक्तिले उपन्यासलाई बढी सौन्दर्य प्रदान गर्दछन् ।

**हिन्दी गीत**

“लग जा गले कि फिर ये हँसी रात हो न हो
शायद फिर इस जनम में मुलाकात हो न हो” (पृ. ३०४)
“चितामाथि जलिरहेकी सीताजीलाई देखेँ,
सधैँ उज्याला ज्योतिर्मय ती आँखा जलेको देखेँ” (पृ. ३३३)
“तिम्रो रूप र माधुरी धमिलिँदै जाला कुनै कालमा
जानेछन् अनि बिर्सिदै गुन पनि यो बैगुनी विश्वमा” (पृ. ३३४)
“डालाबाट नबोल कोइलि ! झुली बैलिन्छ रे यो वन

काला केश नबाट हे युवति हो ! फुस्कन्छ रे जीवन" (पृ. ३४५)
"गाईलाई लग्यो नि ! आज कसले बाच्छो छुटाईकन
पोथी पाश परी मरी नि ! गुँडका बच्चा नहुर्कीकन" (पृ. ३४६)
"फर्की क्वै पनि आउँदैन र सँधै पर्खन्न कोही पनि
कालो आदि र अन्त ! खालि बिचमा भिल्का लिने जीवनी" (पृ. ३५३)
"कसरी थामिएँ म बाढीमा बग्दा बग्दै
बाढीमै रूपान्तरित हुनबाट"

## ४.९ संवाद

"एकोहोरो वर्णनबाट हुने निराशतामा सरसता र एकाङ्गितामा पूर्णाङ्गिता ल्याउनका लागि संवादको विशिष्ट भूमिका रहन्छ । यस प्रकार संवाद उपन्यासका लागि आवश्यक तत्त्व त होइन, तर उपन्यासलाई विविधतापूर्ण बनाउने सन्दर्भमा संवादलाई आवश्यक र स्वाभाविक गुण विशेषका रूपमा लिन सकिन्छ ।"[३४] औपन्यासिक पात्रलाई जीवनसँग जोड्न सहयोग पुऱ्याउने तत्त्व संवाद बनेको छ । संवादको प्रयोगले उपन्यासलाई नाटकीय बनाउन सहज बनाएको हुन्छ । धरावासीले **पाण्डुलिपि** उपन्यासमा प्रयोग भएका पात्र अनुरूप संवादको पनि प्रयोग गरेका छन् । उपन्यासमा संवादको प्रयोगले उपन्यास संवात्मक प्रभावमा आधारित बनाएका छन् ।

"अलिक उता सर्नु नि हौ ।"
"किन सर्नु म ? आफै सर्नु नि । त्यत्रो ठाउँ हुँदाहुँदै आफैँ ठेस्सिएर ।"
"अनि के हुन्छ त अलिकति सर्दा ?"
"विनासमयको रगिनी ।" (पृ. ४२-४३)
हिन्दी -"मर्द होकर क्या मिठापान खाते है भाई !"
"मिठापान खाने से औरत होँगे क्या !" (पृ. ६५)
पिनाकजीले लिनुभएको अन्तर्वाता यस्तो थियो :-
सीताजी ! तपाइँलाई कार्यक्रममा स्वागत छ,
- नमस्ते
अलिक सञ्चो नभए जस्तो देखेँ नि मैले !
- अँ ! अलिक सञ्च छैन । (पृ. २४३-२४४)

[३४] मोहन हिमांशु थापा, **साहित्य परिचय**, पाँचौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६, पृ. १३२ ।

संवादकै क्रममा कतै लामा र कतै छोटा संवादहरू कतै हिन्दी भाषाका संवादहरू पनि यस उपन्यासमा प्रयुक्त भएका छन् । यसरी उपन्यासको सुरुदेखि छलफलका क्रममा आएको बाह्य आख्यानमा संवादै संवाद मात्र रहको छ । उपन्यासमा अन्तर्वातालाई जस्ताको तस्तै राखिएको छ । यो पनि संवाद नै हो । उपन्यासमा संवादका कारणले गर्दा आख्यान विश्वसनीय र यथार्थको निकै निकट पुऱ्याएको छ ।

## ४.१० उद्देश्य

जीवनको कुनै उद्देश्य हुन्छ । काम गर्नुको कुनै आशय हुन्छ । साहित्यका विविध विधामा जीवन र जगत्को अभिव्यक्ति र प्रस्तुति हुन्छ । यसरी उपन्यासको कुनै अर्थ र कुनै आशय हुन्छ । "उपन्यासकारको आफ्नो सोचाइको र हेराइको आफ्नै धरातल हुन्छ । यसै धरातलमा उपन्यासको संरचना हुन्छ ।"[३५] **पाण्डुलिपि** उपन्यासको एउटा ठुलो भौगोलिक क्षेत्रलाई सेरोफेरो बनाएको उपन्यास हो । यस उपन्यासमा वर्तमान अवस्थामा एउटा सानो क्षेत्रदेखि विश्वभरि नै आइरहेको केन्द्रहरू भत्काउने र प्रत्येक व्यक्तिले आ-आफ्नो भूमिकाका लागि आफैँ अगाडि बढ्ने पद्धति अनुरूप उपन्यास अगाडि बढेको छ । उद्देश्य भने सन्देश पनि हो । **पाण्डुलिपि**मा उपन्यासकारले देखाउन खोजेको विषयवस्तु भनेको एउटा गरिब परिवारमा जन्मी दुःखपूर्वक हुर्के-बढे-पढेको व्यक्तिको सङ्घर्षशील जीवनका विविध पाटाहरूलाई प्रस्तुत गर्नु हो । उपन्यासकार आफू बाँचेको धर्ती र यहाँ आफूले भोगेका जीवनका स्मरणहरूबाट एउटा सामान्य व्यक्तिको जीवनले लिने विभिन्न मोड, उपमोड, घटना-दुर्घटना आदिलाई सूक्ष्म दृष्टिले देखाउने लक्ष्य राखेको पाइन्छ । आफ्नो जीवनमा घटेका कुराहरूका आधारमा मानिसले जीवनमा दुःखबाट मुक्ति पाउन बाँकी जीवन कसरी जिउने भन्ने कुराको सन्देश यस उपन्यासबाट प्राप्त भएको छ । मानिसले आफ्नो भाग्य आफैँ बनाउँछ । यदि उचित ज्ञान र विचार राखेर जीवनमा प्रगति गर्नु छ भने त्यो व्यक्तिलाई जस्तोसुकै आपत् पर्दा पनि ऊ पछि हट्न हुन्न भन्ने कुरा पनि यस उपन्यासमार्फत प्राप्त गर्न सकिन्छ । यस उपन्यासमा भनिएको उक्ति यस्तो छ - "श्रम गर्न लजाउनेले जीवनमा कहिल्यै उन्नति गर्न सक्दैन । मानिसले इमान्दरीपूर्वक आफ्नो ज्ञान, सीप र बलले भ्याएको काम गर्न कहिल्यै धकाउनु हुँदैन ।" (पृ. ५३)

---

[३५] मोहन हिमांशु थापा, पूर्ववत्, पृ. १४० ।

उपन्यासमा म पात्रका जीवनमा आइपरेको सुख, दुःख, आपत्ति, परिवारको शोक आदिबाट मुक्त हुने उपायको खोजी गरिएको छ । सुखको अनुभूति क्षणिक हुन्छ, दुःखको अनुभूति दीर्घकालीन हुन्छ । **पाण्डुलिपि** उपन्यासमा लेखकले एउटा गरिब परिवारले विस्थापित भई कसरी बाँच्नका निम्ति सङ्घर्ष गरेको छ, उसलाई बाँच्न के-कस्ता कठिनाइको सामना गर्नुपऱ्यो, परिवारका कुन-कुन सदस्यको के-कस्ता अवस्था रह्यो, जीवनपर्यन्त कसको भूमिका कस्तो रह्यो, भोगाइ अनुभूतिले के शिक्षा दिए, सीताजीको मृत्युले म पात्रको जीवनमा कस्तो मोड ल्यायो जस्ता कुरालाई एउटा पाटोको रूपमा देखाइएको पाइन्छ भने अर्को पाटोतर्फ सामान्य व्यक्ति पनि आफ्नो इच्छाशक्ति, कर्म, अठोट, सङ्घर्ष र जीवनले देखाएको बाटो हिँडेर कहाँ पुग्न सकेको छ भन्ने कुरालाई पनि देखाइएको छ । यहाँ छोराछोरीहरू भएर बाबाआमाको आज्ञा कसरी पालना गर्नु पर्छ, आफ्नो अध्ययन मार्गलाई अगाडि बढाउन के गर्नुपर्छ दुःखबाट छुट्कारा पाउन के गर्नुपर्छ भन्ने कुराको पनि सन्देश दिन खाजेको पाइन्छ ।

आफ्नो जीवनमा घटेका कुराहरूका आधारमा मानिसले मानिस बन्न गर्नुपर्ने कर्म, त्यस क्रममा के-कस्तो सहयोग असहयोग, त्यसबिच के-कसको के-कस्तो भूमिका वा देन जीवनका विभिन्न पीडा, व्यथा र छटपटिहरूको प्रस्तुति, लेखक, लेखक वा साहित्यकार बन्न गर्नुपर्ने सङ्घर्ष, अभावग्रस्त जीवनको दैनिकी, त्यस छटपटीबाट मुक्त हुन गरिने प्रयत्न, प्रत्यक्ष अप्रत्यक्ष देखे सुनेका कुरा र कामहरू सामान्य मानिसले जीवनमा पाएको व्यापकता, सफलता, देश नै घर हो भन्ने भावना आदि कुराहरू लेखकका उद्देश्य वा रुचि क्षेत्र बनेका छन् ।

क) देश नै साझा घर हो भन्ने भावना राख्नु ।

ख) आमा र श्रीमती धर्ती र आकाशको उज्यालो प्रदान गर्ने एउटा व्यक्तिका महत्त्वपूर्ण हिस्सा हुन् भन्ने सोच राख्नु ।

ग) सङ्घर्षसँग जुध्दै जानुपर्छ भन्ने भाव जाग्रत गराउनु ।

घ) आफ्नो इच्छाशक्ति सुदृढ बनाउनु पर्छ भन्ने देखाउनु ।

ङ) दुःखबाट कहिल्यै नआत्तिनु दुःखसँग लड्दै जानुपर्छ भन्ने भावना पैदा गर्नु ।

च) नियतिको खेल हो संसार भन्ने बुझ्नुपर्छ ।

छ) सफल जीवनयापन गर्न स्त्री र पुरुष दुबैको भूमिका अपरिहार्य हुन्छ ।

ज) कुनै पनि समस्यालाई बुझेर मात्र त्यसको समाधानतर्फ लाग्नु पर्दछ, आवेशमा गरिएका कार्यहरू सफल हुँदैनन् ।

झ) कुनै पनि कामको थालनी आफैँबाट गर्नुपर्छ ।

ञ) श्रम गर्न लजाउनेले जीवनमा उन्नती गर्दैन ।

ट) नारीलाई हेलत्वको भावनाले हेर्नु हुँदैन ।

ठ) यथार्थ भावनाले मात्र अरूलाई विश्वास दिलाउँछ ।

ड) जीवनमा नयाँ-नयाँ प्रयोग र उपायहरूको खोजी गर्नु पर्छ ।

ढ) आफ्नो उद्देश्य पूरा गर्न जे-जति सङ्कट आइपरे पनि निरन्तर लागिरहनु पर्दछ ।

ण) प्रयोगवादी मानयताको अनुसरण गर्दै जानुपर्छ ।

यसरी यस उपन्यासले उपर्युक्त सन्देश दिने उद्देश्य राखेको पाइन्छ । कसैका जीवनका निजी भोगाइ र अनुभूतिहरू पनि सार्वजनिक जीवनका सरोकारका विषयहरू बन्दारहेछन् भन्ने अनुभूति यस कृतिले गराएको छ । यिनै विविध यथार्थहरू प्रस्तुत गर्नु र यिनै यथार्थहरू एउटै साहित्यिक विधा मार्फत व्यक्त गर्दा नवीन शैलीशिल्प, विषय र अभिव्यक्तिका माध्यमले साहित्यका क्षेत्रमा नयाँ मोड ल्याउनु **पाण्डुलिपि** उपन्यासको उद्देश्य रहेको छ ।

## ४.११ निष्कर्ष

यसरी **पाण्डुलिपि** एउटा बृहत् आकारको उपन्यास बनेको छ । बाह्य संरचना र आन्तरिक संरचनाको मेलबाट **पाण्डुलिपि** शीर्षक सान्दर्भिक देखिएको छ । संरचना भनेको नै त्यसको बनोट, आकार, शीर्षक, भाषाशैली, परिच्छेद इत्यादिको बाह्य संरचना हो, भने आन्तरिक संरचना भनेके वस्तु सन्दर्भ हो । **पाण्डुलिपि** उपन्यासको वस्तुसन्दर्भ कृष्ण धरावासीको आत्मकथात्मक र संस्मरणात्मक समाख्यान हो । यस उपन्यासले कसैको जीवनका निजी भोगाइ र अनुभूतिहरू पनि सार्वजनिक जीवनका सरोकारका विषय बन्दा रहेछन् भन्ने अनुभूति प्रदान गरेको छ । वास्तवमा भन्ने हो भने **पाण्डुलिपि** उपन्यास सामान्य जीवनको असामान्य कथा बनेको छ । धरावासीको छैटौं उपन्यास **पाण्डुलिपि**मा सबैतिर हेर्दा पुराना विधालाई भत्काएर विधाहीन विधा वा कृति तयार पार्न खोजिएको छ । यसरी यस उपन्यासले धेरै विधा मिश्रण गरेकाले र पात्रहरू पनि असङ्ख्य हुनाले विर्निमाणवादतर्फ पनि उन्मुख हुन खोजेको देखिन्छ । आफ्ना जीवनका तीता-मीठा कुरा तथा अनुभवहरूलाई कृतिमार्फत यथार्थताको बोध गराउन लेखक सक्षम देखिन्छन् ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ परिचय

वि.सं. २०१७ सालमा पाँचथरको अमरपुर फलाँटे भन्ने गाउँमा जन्मिएका कृष्णप्रसाद भट्टराई नेपाली साहित्यमा धरावासी उपनामले सुपरिचित भएका छन् । विद्यालय अवस्थादेखि नै कविता, गीत, निबन्ध, कथा आदिबाट साहित्यलेखतर्फ आकर्षक भएका धरावासीले कविता, कथा, निबन्ध, समलोचना र सम्पादनका क्षेत्रमा कलम चलाएका छन् तापनि नेपाली आख्यान र निबन्धको क्षेत्रमा सबैभन्दा बढी सफल देखिन्छन् । हालसम्म उनका ६ वटा उपन्यास प्रकाशन भैसकेका छन् र अझै अरू प्रकाशित हुने क्रममा छन् । कृति प्रकाशनका हिसाबले **पाण्डुलिपि** बीसौँ कृति हो । उनको लेखन गति दिनानुदिन बढ्दै गइरहेको पाइन्छ । उनका हरेक कृतिहरू नवीन प्रयोगलाई लिएर नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ । आख्यानको उपविधा उपन्यासमा उनले पुऱ्याएको योगदानकै फलस्वरूप **राधा** (२०६२) उपन्यासमा उनलाई मदन पुरस्कार प्रदान गरिएको छ । **शरणार्थी** (२०५६) उपन्यासलाई प्रयोगवादी लिलालेखनको सबल प्रमाण मानिएको छ भने त्यसपछिका **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाई** (२०६३), **टुँडाल** (२०६५) र **पाण्डुलिपि** (२०६९) जस्ता उपन्यासहरू प्रयोगशील लेखनका नमूना बन्न पाएका छन् । नेपाली साहित्यमा पूर्णकालिन लेखक बन्न खोजेको धरावासीको **गोष्टापो** उपन्यास प्रकाशित हुने क्रममा रहेको छ । अझै पनि पाठकवर्ग धरावासीबाट धेरै आशा गर्न पुगेका छन् ।

## ५.२ धरावासीको योगदान र मूल्याङ्कन

दुःख, पीडा र अभावसँग सङ्घर्ष गरि अगाडि बढिरहन प्रयत्न गर्ने धरावासीले **सूर्योदय** साप्ताहिकमा आफ्नो लेख प्रकाशन गरेर साहित्य क्षेत्रमा प्रवेश गर्न पुगेका धरावासीले हालसम्म पनि कृतिहरू रचना गरिराखेका छन् । उनको बीसौँ कृति **पाण्डुलिपि**

आफ्नो जीवनमा घटेका कथा, व्यथा, पीडा, दुःख, शोक, छटपटीबाट मुक्ति पाउनुको साथै बाँकी जीवन कसरी जिउने भन्ने कुराको सन्देश दिन खोजेको छ । झापा जिल्लाको शनिश्चरेलाई आफ्नो कर्मथलो बनाएर साहित्य सिर्जनामा समर्पित धरावासीको ६ वटा उपन्यासहरूमध्ये **पाण्डुलिपि** पछिल्लो उपन्यास हो । धरावासीको **राधा** उपन्यासले २०६२ सालको मदन पुरस्कार प्राप्त गर्न सफल भएको छ । समालोचना, कथासङ्ग्रह, निबन्धसङ्ग्रह, कवितासङ्ग्रह, संस्मरण गरी बीसवटा कृति प्रकाशित गराइसकेका साहित्यकार धरावासीको **पाण्डुलिपि**ले एउटा गरीब परिवारले विस्थापित भई बाँच्नको निम्ति कसरी सङ्घर्ष गरेको छ ? उसलाई बाँच्न के-कस्ता कठिनाइहरूको सामना गर्नु पऱ्यो ? परिवारका कुन-कुन सदस्यका के-कस्तो अवस्था रह्यो ? जीवनपर्यन्त कसको भूमिका कस्तो रह्यो ? भोगाई र अनुभूतिले के शिक्षा दिए, सीताजीको मृत्युले म पात्रको जीवनमा कस्तो मोड ल्यायो ? आदि जस्ता कुराहरूलाई विषयवस्तु बनाइएको छ ।

धरावासीले लीलालेखन, समालोचना र सिर्जनात्मक लीलालेखन दुवै विधामा कलम चलाएका छन् । धरावासीका आख्यानहरूमा कलात्मक ढङ्गले लीलाको प्रयोग भएको पाइन्छ । धरावासीले पूर्वीय आध्यात्मिक परम्पराले विकसित गरेको जटिल संरचनालाई आफ्नो कलात्मक र लीलालेखनको माध्यमद्वारा सरल रूपमा बुझाउन र लेख्न सफल भएका छन् । यो नै उनको औपन्यासिक क्षेत्रमा प्रयोगधर्मित, नयाँ प्रयोग गर्न सक्ने उनको आफ्नो मौलक विशेषता हो । यसै अर्थमा उनी प्रयोगशील एवम् मनोवैज्ञानीक भावना बुझ्ने एक नवीन शैलीका साहित्यकारका रूपमा चिनिन सफल भएका छन् । धरावासीको लेखनमा सरलता, अनौपचारिकता, तार्किकता, बहस, वैचारिकता जस्ता विशेषता रहेको पाइन्छ । अनेकौं प्रयोग, सिद्धान्त, नियम, परम्परता भई आइरहेको लेखनमा कृष्ण धरावासी स्वयं एउटा नयाँनयाँ लेखन धर्मिता, शिल्प र विभिन्न विधाहरूको प्रवाहमा धरावासीले आफूलाई प्रवाहित गरिदिएका छन् । उनी प्रयोग धर्मिता, लेखक, सफल लेखक, लेखनधर्मितामा मर्मश लेखकका पङ्क्तिमा एक्लै उभिएका छन् ।[१]

अन्य लेखकले जस्तै सामाजिक, सांस्कृतिक, आर्थिक, प्रशासनिक, मनोवैज्ञानिक आदि विषयवस्तुको प्रयोग गरे तापनि ती विषयवस्तुलाई सामान्य जीवनका माध्यमबाट सूक्ष्मताका

---

[१] विष्णुकुमार भट्टराई, *नेपाली उपन्यासको सयबर्ष **आधाबाटो**, म आइपुग्दा,* **गरिमा**, वर्ष २२, अङ्क २, पूर्णाङ्क २५४, पृ. ६० ।

साथ चित्रण गर्न धरावासी सफल देखिएका देखिन्छन् । धरावासी यथार्थवादी उपन्यासकार भएको हुनाले उनका कृतिहरूमा आफूले देखेका भोगेका र अनुभव गरेका जीवनका सुख, दुःख, प्रेम, इज्जत, प्रतिष्ठा जस्ता कुरालाई मध्यनजरमा राखेर आफ्नो साहित्यको सिर्जना गर्नु उनको विशेषता हो । उनका उपन्यासहरूमा समाजको शोषण, अन्याय, अत्याचार, वर्गविहीन, फुटपाथे, सर्वहारावर्गका उत्थानका लागि आवाज उठाएको पाइन्छ । यसरी हेर्दा उनी वर्तमान समाजप्रति विद्रोह र भविष्यप्रति आशावादी भएको देखिन्छ । साहित्यकार धरावासी पाश्चात्य पुरातात्विक, अन्तर्राष्ट्रिय एवम् मानवीय शाश्वत मूल्यको प्रस्तुति, चित्रात्मक शैली, अमूर्त लेखनका क्रममा आयमेली साहित्यकार बढी भ्रुकाल राख्ने एक नवीन शैलीमा साहित्यकारका रूपमा रहेका छन् । वस्तुको बहुआयामिक मूल्यको खोजी र तिनको अध्ययन धरावासीका कृतिहरूको मूल उद्देश्य हो । नेपाली साहित्य जगत्मा यथार्थ, रोमन्टिक, आधुनिक साहित्यकारका रूपमा चिनिन पुगेका देखिन्छन् ।

धरावासी आफ्नो जीवनमा निरन्तर सामाजिक सेवामा लागेर विभिन्न मान-सम्मान र कदरपत्रले सुसज्जित देखिन्छ । देशलाई अमूल्य योगदान दिनसक्ने एक सफल साहित्यकार हुन् । नेपाली साहित्यको युग सुहाउँदो मागअनुसार साहित्यकारका रूपमा स्थापित भएका धरावासी आफ्नो युवा जगतको प्रतिनिधित्व गर्दै साहित्यका क्षेत्रमा कलम चलाइरहेका छन् । सत्य, तथ्य, नित्य नवीन शैलीको प्रयोग पात्रगत विविधता, विशृङ्खलित कथावस्तु, सरलता, सहजता, राष्ट्रप्रेम, क्रान्तिचेत र भाव सघनता धरावासीका औपन्यासिक विशेषता हुन् । धरावासीका पाठकलाई पगाल्न सक्ने क्षमता र मनलाई सम्हाल्न सक्ने क्षमता रहको पाइन्छ । यथार्थ जगत्सँग सङ्घर्ष गर्नु पर्छ भन्ने धारणा पैदा गराउन सक्ने साहित्यकार हुन् धरावासी । कृतिगत आधारमा धरावासी आधुनिक साहित्यकारका रूपमा देखा परेका छन् । साहित्यसाधनाको निरन्तरताका कारण धरावासीबाट अभ्र बढी नयाँ प्रवृत्तिको सूत्रपात हुन सक्ने अपेक्षा पाठकवर्ग गर्न सकिन्छ ।

निबन्धकार, कथाकार, उपन्यासकार, कवि, समालोचक र सम्पादकजस्ता विविध विधामा कलम चलाएका धरावासीको सबैभन्दा बढी उपन्यासकार व्यक्तित्वले वैशिष्ट्य प्राप्त गरेको कुरा बुझ्न सकिन्छ । उपन्यासका हकमा उनका औपन्यासीक प्रवृत्तिहरूलाई हेर्दा उनका प्रवृत्तिगत विशेषताहरूलाई यसप्रकार देखाउन सकिन्छ -

क)	यथार्थवादी उपन्यासकार

ख)	आंशिक अस्तित्ववादको प्रयोग

ग)	स्वतःस्फूर्त सहज लेखन

घ)	मानवतावादको प्रयोग

ङ)	मिथकको प्रयोग

च)	चेतनप्रवाह शैलीको प्रयोग

छ)	राष्ट्रप्रेम र जातीय सद्भाव

ज)	प्रयोगशीलता

झ)	कथावस्तुको प्रयोगमा नवीनता

ञ)	विधागत विविधता

ट)	विर्निमाण/विधाभञ्जन र पुनर्निमार्ण

ठ)	स्वैरकल्पनाको प्रयोग

ड)	जीवन-जगत्लाई हेर्ने लीलादृष्टि

उपर्युक्त प्रयोगधर्मी औपन्यासिक प्रवृत्तिहरू नै धरावासीका मूल वैशिष्ट्य हुन आएका छन् । यिनै विशेषताले उनका उपन्यासहरू सज्जिएका छन् । उनमा साहित्य सिर्जना गर्ने भिन्न प्रवृत्त पनि देखिन्छ । लिलालेखनको प्रयोग, मिथकीय प्रयोग, द्वितिय पुरुष दृष्टिबिन्दुको प्रयोग जस्ता थप विशेषता हो भन्न सकिन्छ । ठाउँ-ठाउँमा पौराणिक विषयवस्तुलाई घुसाएर मिथक बनाउनु उनको अर्को विशेषता हो । कतै चिठी, कतै संस्मरण, कतै नियात्रा, कतै अन्तर्वार्ता, कतै समालोचना, कतै कविता, कतै हिन्दी गीत राखिएकाले यो **पाण्डुलिपि** उपन्यास उत्तरआधुनिक शैलीको नजिक पुग्न सफल भएको देखिन्छ ।

**पाण्डुलिपि**ले धरावासीको एक दशक समयलाई लिए पनि यसले बाल्यकालदेखि ५२ वर्षसम्मको अवस्थालाई देखउन खोजेको छ । अढाई वर्षदेखि ४२ वर्षसम्मको घटना **आधाबाटो** भाग १ मा समावेश भएको छ भने त्यसपछिका घटनाहरू **पाण्डुलिपि** भाग २ मा समावेश भएको छ । आमाको मृत्युको सस्मरणले **आधाबाटो** सिर्जित भयो भने श्रीमती सीतजीको मृत्युको पीडाले **पाण्डुलिपि** सिर्जित भएको छ । यो उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा अतीतदेखि वर्तमानसम्मका आफूले देखे-भोगेका कुराहरू संस्मरणका आधारमा

प्राप्त गरेका घटनाहरूलाई आत्मवृत्तान्त जस्तो भई आएका घटनाहरू निम्नलिखित पक्षसँग सम्बन्धित भएर आएका देखिन्छन् -

क) पारिवारिक जीवनसँग सम्बन्धित

ख) राजनीतिक घटनाक्रमसँग सम्बन्धित (छिटफुटमात्र मा)

ग) पत्रकारिता जगतसँग सम्बन्धित

घ) साहित्यिक जीवनसँग सम्बन्धित

यसरी हेर्दा **पाण्डुलिपि** उपन्यास आत्मवृतान्त नै हो । पाठकवर्गलाई घरी अघिका कुरा घरी पछिका कुरा ल्याएर समावेश गर्दा आश्चर्य परेका हुन्छन् । **पाण्डुलिपि**मा श्रीमती सीताजीको मृत्युको पीडालाई शान्त गराउन लेखिएका संस्मरणात्मक क्षणहरूको चर्चा गरिएको छ भने झापा, इलाम, काठमाडौं, भारत लगायत अन्य देशहरूसम्मका विभिन्न साहित्यिक सङ्घ संस्थाहरू, तिनबाट सञ्चलन हुने साहित्यिक सांस्कृतिका गतिविधिहरू ती सबैमा 'म' पात्रको विभिन्न किसिमको संलग्नता, मुलुकका सयौं स्रष्टाको परिचय, 'म' पात्रको साहित्यिक उत्थान विभिन्न लेख-रचनात्मक पुस्तकहरूको प्रकाशन, विभिन्न साहित्यिक पुरस्कारको प्राप्ति आदि कुरालाई यस उपन्यासमा चर्चा गरिएको छ ।

भाषाशैलीगत दृष्टिबाट **पाण्डुलिपि** परिष्कृत र परिमार्जित भाषाशैली छ । उनका उपन्यासका भाषामा पूर्वेली भाषिकाको प्रयोग केही मात्रामा प्रयोग गरिएको छ । आगन्तुक हिन्दी, अङ्ग्रेजी भाषाका शब्दहरूका साथै तत्सम र आगन्तुक शब्दहरूको संयोजनले उपन्यास रोचक बन्न पुगेको छ ।

धरावासीका उपन्यासहरूको संरचना व्यवस्थित एकै किसिमको बन्न सकेको छैन । उपन्यासपिच्छे संरचना फरक-फरक हुन अध्यायमा एकरूपता नपाइनु, कार्यपीठिक पूर्वाञ्चल, काठमाडौं लगायत भारत, जापान, जर्मन, बङ्गलादेश, जन्याङ्कर्फट, वर्लिन, फ्रान्स, बेल्जियम सम्मका क्षेत्रहरू हुनु, पारिवारिक सदस्यहरूबाट पात्रहरू समावेश गर्नु उनका संरचनागत विशेषता हुन् । शीर्षक सार्थकताको दृष्टिबाट हेर्दा **राधा** र **तपाई** उपन्यास पात्रको नामबाट, **शरणार्थी** जातिवाचक नामबाट सम्पूर्ण पात्रहरूको समावेश हुनेगरी नामाकरण गरिएको छ भने **आधाबाटो** जीवन को अध्यावधि, **टुँडाल** प्रतीकात्मक र **पाण्डुलिपि** हस्तलिखित (नियतिको कलम) भनेर नामकरण गरिएको छ । कथानकलाई पुरातन कथानक तत्त्वका आधारमा भन्दा प्रयोगशील ढङ्गबाट हेरिनु बढी उपयुक्त हुन्छ ।

चरित्र चित्रणमा निम्नस्तरका व्यक्तिहरूको चित्रणबाट बढी महत्त्व दिई उनका उपन्यासका पात्रहरू एउटै आर्थिक अवस्थामा पिरोलिएका वा बाँचेका हुनु उनको विशेषता हो । उनका उपन्यासमा दृष्टिबिन्दुमा समेत नवीनता पाइन्छ ।

विद्यार्थी जीवनबाट नै विद्यालयका गुरुहरूबाट लेखनको प्रेरणा पाएर साहित्यमा प्रवेश गरेका धरावासीको २०३३ सालमा कविता प्रकाशित भएपछि औपचारिक रूपमा साहित्ययात्रा सुरु हुन्छ । कथाकार, निबन्धकार, उपन्यासकार, समालोचकका रूपमा ख्याती पाएका धरावासीका प्रकाशित कृतिहरू **बालक हराएको सूचना** (२०४८), **उन्मुक्तिका आवाजहरू** (२०५०), **कान्छी राधा** (२०६२), **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३), **उत्तमजङ सिंजापतिको आलु** (२०५५), **झोला** (२०६०), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** (२०४८), **लीलालेखन** (२०५३), **पाठकको अदालतमा मुद्दा** (२०६२), **राधा** (२०६२), **तपाईं** (२०६३), **तेस्रो काँइला र बैरागी काइँला** (२०६३), **मेरो साहित्यिक यात्रा र मदन पुरस्कार** (२०६३), **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **टुडाँल** (२०६५), र **पाण्डुलिपि** (२०६९) गरी २० वटा कृतिहरू प्रकाशित छन् भने अझै केही पुस्तकहरू प्रकाशोन्मुख रहेका छन् । यस्तै गरेर विभिन्न पत्रपत्रिका साहित्यिक कृतिहरूको सम्पादन समेत गरेका छन् । विभिन्न सङ्घ संस्थाहरूसँग सम्बद्ध रहेर विभिन्न पुरस्कार, मान, सम्मान, कदरपत्र प्राप्त गरेका छन् भने २०६२ सालको मदन पुरस्कार प्राप्त गर्न सफल भएका छन् । वि.सं. १९९१ बाट सुरु भएको आधुनिक नेपाली उपन्यासले विभिन्न मोड र घुम्तीहरू पार गर्दै नयाँ शिल्प र प्रगतितर्फ उन्मुख रहेको छ । आदर्शोन्मुद यथार्थवाद, स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, मनोविश्लेषणवाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रगतिवाद हुँदै नेपाली उपन्यास प्रयोगवादसम्म आइपुगेको देखिन्छ ।

धरावासीको **शरणार्थी** (२०५६) ले आधुनिक नेपाली उपन्यास परम्परामा लीलालेखनको प्रवृत्तिको सुरु गरेका र अन्य उपन्यासहरूमा पनि नयाँ नयाँ प्रवृत्तिहरू अपनाएको पाइन्छ । उनका उपन्यासमा प्रयोग भएका प्रवृत्तिहरू प्रयोगशीलता, स्वैरकल्पना, लीलालेखन विनिर्माणवाद कारुणिकताको चित्रण, बहुनायकत्व रहेको देखिन्छ । धरावासी साहित्यमार्फत वर्तमानप्रति विद्रोह र भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । नेपाली उपन्यास परम्परामा आधुनिककालका प्रयोगवादी उपन्यासकारका रूपमा आफूलाई

अघि बढाउँदै आधुनिककालीन नेपाली उपन्यास परम्परालाई उत्तरआधुनिकतावादी उपन्यासकारका रूपमा धरावासी परिचित छन् ।

**पाण्डुलिपि** उपन्यासको कथावस्तु समसामयिक रूपमा आफ्नो जीवनमा घटेका साना-साना घटनाहरूलाई माला उनेझैँ उनेर एउटा सिङ्गो कृति तयार हुन पुगेको छ । उपन्यासमा एउटा व्यक्ति साहित्यकारले जीवनमा भोगेका स्थानिक एवम् कालिक परिवेशको चित्रण र उसको जीवनमा घटेको घटनाहरूको यथार्थ प्रस्तुतिकरण गरी व्यक्तिजीवनसँग सम्बन्धित विभिन्न अवस्थाको जानकारी पाठकसामु प्रस्तुत गर्नु नै साहित्यकारको उद्देश्य रहेको छ । एउटै व्यक्ति छोरो, पति, बाबु, साहित्यकार, पत्रकार, सामाजिक व्यक्ति हुनाको निम्ति गरेका सङ्घर्ष आदिको विवरण **पाण्डुलिपि**मा प्राप्त गर्न सकिन्छ । धरावासीको उपन्यास अध्ययन पश्चात् औपन्यासिक प्रवृत्तिहरू यसप्रकार बुझ्न सकिन्छ- कथानकको खोजी, बहुपात्रको प्रयोग, आमूल परिवर्तनको पक्षधर, यथार्थवादी उपन्यासकार, नारीवादी लेखक विधामिश्रण, मिथकको प्रयोग, राजनैतिक विश्लेषण, जीवनलाई हेर्ने लीला दृष्टि, उपन्यासमा यात्राको वर्णन लेखक पाठक नै प्रमुख पात्र र पाठकको भेट, अस्तित्ववादी लेखक, दृष्टि प्रयोगमा नवीनता र विर्निमाणवादलाई अँगाल्नु आदि उनका प्रवृत्ति र विशेषता हुन् । **पाण्डुलिपि** उपन्यासमा पात्र परिवेश र अनुरूप संवादको प्रयोग गरिएको छ, उपन्यासमा हिन्दीका संवाद, गीत पनि रहेका छन् । उपन्यासमा पूर्वेली भाषिकाको प्रयोग, उखान टुक्का, कविता आदिले उपन्यासमा रोचकता थपेको छ ।

प्रस्तुत **पाण्डुलिपि** उपन्यासको संरचना पक्षको अध्ययन शीर्षकको शोध स्नातकोत्तर तहको दशौं पत्रको रूपमा प्रयोजनार्थ तयार पारिएको हो । यो शोध पत्र पाचौं परिच्छेदसम्म रहेको छ । उपन्यासको अध्ययन गर्ने क्रममा धरावासीको व्यक्तिगत जीवनको सामान्य चर्चा गरिएको छ । उपन्यासको सामान्य ऐतिहासिक अध्ययन र नेपाली उपन्यासको विकासक्रमलाई पनि समेटिएको छ । धरावासीको साहित्यिक रचनाधर्मिता, उनका औपन्यासिक प्रवृत्ति र संरचना पक्षको पनि सामान्यरूपमा विश्लेषण गरिएको छ ।

**पाण्डुलिपि** उपन्यासको संरचना पक्षको अध्ययनका क्रममा परिच्छेद एकमा शोधको परिचयलाई राखिएको छ । दोस्रो परिच्छेदमा उपन्यासको सैद्धान्तिक चर्चा गरिएको छ । त्यस्तै तेस्रो परिच्छेदमा कृष्ण धरावासीको साहित्य यात्रा तथा रचनाधर्मिता बारेमा चर्चा गरिएको छ । चौथो परिच्छेदमा औपन्यासिक तत्त्वका आधारमा **पाण्डुलिपि** उपन्यासको

कथानक, चरित्रचित्रण, संरचना, शीर्षक सार्थकता परिवेश, दृष्टिबिन्दु, भाषाशैली, संवाद आदिलाई पचियात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

**पाण्डुलिपि** उपन्यासमा उपन्यास र आत्मवृत्तान्त विधाको विधाभञ्जन भएको पाइनुको साथै यसमा गीत, कविता, लेख, पत्र, आदि विधाहरूको पनि मिश्रण भएको पाइन्छ । यसरी विधाभञ्जन, विर्निमाण र विधा मिश्रणका आधारमा उत्तरआधुनिकतावादी लेखनका अभिलक्षणहरू रहेको **पाण्डुलिपि** उपन्यासको आधुनिक नेपाली उपन्यासमा विशिष्ट स्थान रहेको पुष्टि हुन्छ ।

**पाण्डुलिपि** उपन्यासको शीर्षक सम्बन्धमा अनेक मत मतान्तर आउन सक्लान् । कसैले यो जीवनी भन्लान्, कसैले आत्मसंस्मरण **पाण्डुलिपि** भनेको हातबाट कोरिएको या लेखिएको भन्ने बुझिन्छ । हुन त उपन्यासकारले आफ्नो हातबाट पूरै खेस्रामा उतारेर टाइप गरिएको छ । उपन्यासको शीर्षक **पाण्डुलिपि** धरावासीको वास्तविक हातले लेखिएको र बाह्य आवरणमा रहेका ती काला अक्षर पनि हातैले लेखेका जस्ताको तस्तै देखाएर शीर्षक सार्थकता बनाउन खोजेको देखिन्छ । कुनै नियतिको कलमद्वारा लेखिएको जीवनका सुख दुःखका अनुभूति हुन् त्यसैले **पाण्डुलिपि** शीर्षक विषयवस्तुपरक देखिन्छ । जीवनका हरेक क्षण सुख, दुःख, कष्ट, पीडा, यातना, सबैलाई नछोडी आसुलेखन जस्तै गरी दौडिएको नियतिको कलम वियोगान्तमा गएर समापन भएको छ । आकारको दृष्टिले हेर्दा ठुलो देखिए पनि यसलाई सातवटा अध्यायमा विभाजित गरिएको छ ।

यो उपन्यास उत्तरआधुनिक शैलीमा रचना गरिएको छ । यसमा विधाभञ्जन, विर्निमाण, विपठन, विधा मिश्रण लीलालेखन गरी उपन्यासको आयम बढाउने काम गरिएको छ । परम्परागत मूल्य र मान्यतालाई भत्काएर अघि बढ्न सफल भएको देखिन्छ । उपन्यासकारको विचार पनि उच्च र आदर्श देखिन्छ परम्परागत रूपमा चल्दै आएको वार्षिक श्राद्धलाई नयाँ रूप दिन आमाको अमर आत्माको चीर शान्तिका लागि पुस्तक **आधाबाटो** विमोचन गरेका छन् भने पत्नी सीताजीको पनि वार्षिक श्राद्धका दिन **पाण्डुलिपि** विमोचन गरी नयाँ पद्धति सुरु गरेकाले यस्तै नवीन पद्धतिले गर्दा **पाण्डुलिपि** उपन्यास प्रयोगशील उपन्यास बनेको छ ।

यसरी हेर्दा धरावासी यथार्थवादी उपन्यासकार हुन् । उनले जीवनमा घटेका सम्पूर्ण घटनाहरू जस्ताको तस्तै कुनै लाज, सर्म, धक नमानी लेखेका कुराहरू जस्तै ओच्छ्यानमा

पिसाब फेर्नु, कपडामा आची गर्नु, साईकलबाट लड्नु, प्रेम गरेको प्रसङ्ग नलुकाउनु आदि कुराहरूले गर्दा पनि स्पष्ट हुन्छ कि धरावासी यथार्थवादी उपन्यासकार हुन् ।

यस्तै गरेर धरावासी अस्तित्ववादी उपन्यासकार पनि हुन् । निम्नलिखित विभिन्न विशेषताले गर्दा उनलाई अस्तित्ववादी उपन्यासकार भन्न सकिन्छ -

क) जीवन निस्सार, शून्य र निष्प्रयोजनीय भए पनि यहाँ केही गरेरै बाँच्नु पर्छ भन्ने अठोट राख्नु ।

ख) मान्छेसँग एक्लोपन, दुश्चिन्ता एवम् मृत्यु साथमा हुन्छन् भन्ने कुराको उद्घाटन गर्नु,

ग) मान्छेले आफ्नो निर्णय आफैँ गर्छ र आत्मसत्ता स्थापनाका लागि उत्तरदायित्व पनि आफैँ लिनु,

घ) मान्छेको मापदण्ड नै मान्छे हो र मान्छे हुनाको अर्थ ऊ अपूर्व अद्वितीय र अस्तित्वको प्रमुख छ भन्ने कुरामा विश्वास हुनु,

ङ) जीवनका दुःख पीडालाई सामना गर्दै नयाँ जीवन पद्धतितर्फ उन्मुख हुनु, आदि ।

धरावासीको उपन्यास अध्ययन गर्दा उपर्युक्त कुराहरू देखिन पाइन्छ यिनै विशेषताहरूले गर्दा धरावासी अस्तित्ववादको नजिक पुगेको देखिन्छ । हुन पनि हो रुग्या शरीर, साना छोराछोरी, कमजोर आर्थिक अवस्थालाई पार गर्दै जाँदा जीवन सङ्गिनी सीताजी पनि क्यान्सरको सिकार भएपछि अवस्था दयनीय बन्न पुग्छ । तर पनि आफ्नो शोकको पीडा शान्त गराउन पत्नीको सम्झनामा **पाण्डुलिपि** प्रकाशन गर्न पुगेका छन् भने नयाँ जीवनलाई गति प्रदान गर्न दोस्रो विवाह बन्धनमा बाँधिन पुगेका छन् । अस्तित्ववादीहरू के भन्छन् भने-

"मानिस आफ्नो इच्छा विरुद्ध जन्मन्छ र इच्छाविना नै मर्दछ, यही चरम विसङ्गतिको बिच पनि मान्छेले आफ्नो अस्मिता आफैँ छाम्नु पर्छ, आफ्नो जीवनको अर्थ आफैँ खोज्नु पर्छ । आफ्नो कामद्वारा अस्तित्व प्रमाणित गर्न 'म छु' अथवा म केही हुँ भन्ने देखाउन जीवनका निर्णय र चुनौती स्वतन्त्र भएर गर्नुपर्छ र त्यसबाट पाइने फल भोग्न

आफैँ तयार हुनुपर्छ ।"[२] यसरी उनको जीवनको मूल जड नै यही हो । यस्तो अवस्था उनको जीवनमा अभिव्यक्त भएर आएको छ ।

साहित्यकार धरावासी आफैँ अस्वस्थ छन् तापनि नेपाली साहित्यमा निरन्तर लागि रहेका छन् । जन्मदेखि मृत्युसम्मको एउटा व्यक्तिको एउटा ठुलो आख्यानको समूह पाण्डुलिपि हो । एउटा मान्छेको जीवनसँग जोडिन आउने समय र संसारका सबै विषय र तत्त्वहरूले उसको व्यक्तिगत कथा पनि सामाजिक र संसारीक बन्छ । धरावासी एक सफल उपन्यासकार नै हुन् भन्न सकिन्छ । प्रत्येक वर्ष पुस्तकहरू प्रकाशन गर्दै आएका छन् । अहिले २०७० वैशाख २३ गते पनि उनको जर्मनीको यात्रा सम्बन्धमा लेखिएको **गोफ्टाको** प्रकाशन भएको छ । धरावासीबाट देशले एउटा सच्चा नागरिक प्राप्त गरेको छ । अहिले उनी अमेरिका भ्रमणमा पुगेका छन् हेरौँ अब उनको फेरि अमेरिका अनुभवबारे पनि पक्कै लेख्नेछन् । धरावासी कलमलाई रोक्न चाहन्नन् कलम उनको जीवन बन्न पुगेको छ ।

धरावासी जीवनप्रति नयाँ दृष्टिकोण राख्नुपर्छ भन्ने सोच भएका व्यक्ति हुन् धरावासी र कर्ण शाक्यको विचार केही मात्रमा मिल्न जान्छ । कर्ण शाक्यका विचारमा - "मानिस सधैँ रमाइलोसँग बाँच्न चाहन्छ तर त्यो त्यति सजिलो छैन । रमाइलोसँग कसरी बाँच्ने, त्यो पनि एउटा जीवनको महत्त्वपूर्ण कला रहेछ ।"[३] भनेर जीवनप्रतिको दृष्टिकोण व्यक्त भएको छ ।

वि.सं. २०३३ सालबाट साहित्य यात्रामा लागेका धरावासीले कलिलै उमेरमा बुबाको शोक, २०५८, आमाको क्यान्सरबाट मृत्यु, २०६८ सालमा जीवन साथी सिताजीको मृत्युको शोकाकुल अवस्थामा पनि सिर्जना क्षेत्रले पश्रय पाउँदै आएको छ यो उनको पूर्णकालीन लेखकको सङ्केत हुन सक्ने देखिन्छ । जीवनको भोगाई कथा, व्यथा, पीडालाई धरावासीले व्यक्त गर्नु भनेको सम्पूर्ण विदुर पुरुष वर्गको पीडा हुनसक्छ । लेखले आफ्नै पत्नीप्रतिको त्याग र समर्पण भावलाई केन्द्रमा राखेर जीवनवादी दृष्टिकोणमार्फत पुरुषकेन्द्रित सामाजिक संरचनाको वैचारिक खाका स्थापित गर्ने जमर्को गरेका छन् । उनी नारीवादी लेखक पनि हुन् उनका लेखनमा धेरै मात्रामा नारीहरूका दुःख, पीडा, वेदना र नारी चित्कारको आभास

[२] कृष्णहरि बराल नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, दो.सं., २०५८, पृ.१४९ ।

[३] कर्ण शाक्य, *म सक्छु*, **नेपाल नेचर डट कम**, काठमाडौं : जगदम्बा प्रा.लि., पाँचौं सं., २०६७, पृ. भूमिका खण्ड ।

पाइन्छ । नारीवादी दृष्टिकोण बोकेको उनको लेखनले स्त्री र पुरुषबिच हरेक कार्यमा सहकार्य हुनुपर्दछ भन्नेतर्फ जोड दिन्छन् ।

**पाण्डुलिपि**मा पूर्वीय भूगोल, संस्कृति र भाषाको गन्ध आउँछ । पूर्वकै सेरोफेरोमा यो उपन्यास संरचित हुन पुगेको पाइन्छ । विभिन्न शब्द रचना कविता, उखान, टुक्का, दैनिकी, अन्तर्वार्ता, संस्मरण, अनुभव, समीक्षा, लेख आदिको विधामिश्रण भई **पाण्डुलिपि** सिर्जित हुन पुगेको छ । जहाँबाट जसरी सिर्जना भए पनि आखिर यो उपन्यास नेपाली समाजकै सेरोफेरोमा घुमिरहेको छ । **पाण्डुलिपि** उपन्यासमा कथावस्तु खोज्न कठिन देखिन्छ तापनि पाठकलाई अन्तिम पानासम्म पुग्न गाह्रो देखिन्छ । पाठकलाई घरी भूत घरी वर्तमानमा घुमाईदिनाले पाठक रनभूल्लमा पर्दछन् तापनि कार्यकारण सम्बन्ध भने मिलेको प्रसङ्ग पाइन्छन् ।

पाण्डुलिपि उपन्यासको अध्याय एकमा पृष्ठ एकदेखि तीससम्मको विस्तृति कायम गरिएको छ । आमासँगको पारिवारिक जीवन सासू बुहारीको मेलमिलाप, बिहेपछि घटेका यथार्थ घटना बारे वर्णन गरिएको छ । दोस्रो अध्याय पृष्ठ ३१ देखि १०६ सम्म फैलिएको छ, जहाँ आमाको वियोगले शोकाकुल, सीताजीको प्रेरणाले **आधाबाटो** लेख्न सुरु गर्नु, इष्टमित्रसँग भेटघाट, साहित्यिक यात्रा, निर्मलबाबाको प्रशंसा, मदन पुरस्कार प्राप्त, पुरस्कारले घर बनाएको प्रसङ्ग आएको छ । त्यसै गरी तेस्रो अध्याय पृष्ठ १०७ दखि १७१ सम्म फैलिएको छ । यस अध्यायमा छोराछोरीको उत्तीर्णाङ्क फल, जागिर, सरुवा, काठमाडौंमा घर किन्नु, सीताजीको काठमाडौं प्रस्थान, जर्मन भ्रमणमा बितेका दिन, भरत भूर्तेलको मृत्यु जस्ता प्रसङ्ग आएका छन् ।

अध्याय चार पृष्ठ १७२ देखि १९५ सम्म रहेको छ । यो अध्यायमा साप्ताहिकले मागेको काममा दशवटा प्रतिबद्धता व्यक्त, सीताजीको स्वास्थ्य स्थिति प्रतिकूलता, धरावासी आफू पनि अस्पताल भर्ना, ससुराको निधन, जागिरबाट अवकाश जस्ता प्रसङ्गले अध्याय चार समापन भएको छ भने अध्याय पाँच पृष्ठ १९६ देखि २३४ सम्म फैलिएको छ । यस अध्यायमा सीताजी अस्पतालमा भर्ना, चौथो स्टेजको क्यान्सर, मर्फिन चलाउनु, डाक्टर नर्सहरूको अवरुद्ध दृष्टिकोण, आरोप, सीताजीलाई अस्पतालबाट निकाली झापा फिर्ता, जस्ता प्रसङ्गहरू पाँचौं अध्यायमा आएका छन् ।

त्यसै गरी अध्याय छ २३५ देखि ३३४ सम्म फैलिएको छ । यस अध्यायमा सीताजीको नाजुक स्थिति, पिनाकजीले सीताजीसँग लिएको अन्तवार्ता, लीलासँगको अन्तर्वार्ता, छोराको विवाह प्रसङ्ग, जोरे गराउने ग्रह शान्ति, सीताजीको **म हिँडेको बाटो**को पुस्तिका तयार सीताजीको निधन, परिवारको शोकाकुल अवस्था आदिको व्याख्या गरिएको छ । भने अन्तिम अध्याय सातमा ३३५ देखि ३५८ पेज रहेको छ । यस अध्यायमा घाटको वर्णन, बुढी आमा, घर प्रस्थान, काजक्रिया, शोकलाई शक्तिमा बदल्नु, विभिन्न मान्य व्यक्तिहरूबाट सहानुभूति, शोककाव्यको पङ्क्तिं, जीवनको परिभाषा, काठमाडौं प्रस्थान आदि प्रसङ्गहरूलाई कथावस्तु वा कथानक बनाई उपन्यास झाँगिन पुगेको पाइन्छ ।

यो संसार नै एउटा औपन्यासिक कृति हो जसभित्र अनेक कथा, उपकथा, कविता, गीत र मिथकहरू छन् । साहित्यकार कृष्ण धरावासीको जीवन त्यति सुखमय देखिँदैन । दुःखै दुःखको सागरमा पौडी खेलेर आफ्नो जीवन सङ्घर्ष गरिरहेका छन् । अभाव र पीडालाई पन्छाएर सुमार्गतर्फ डोऱ्याउँदै साहित्य यात्राको थालनी गरेको पाइन्छ । धरावासी लगनशील व्यक्तित्व, सङ्घर्षशील व्यक्तित्व, कुशल स्रष्टा, कर्तव्यनिष्ठता, इमान्दारी आदि व्यक्तित्वका कारण उनको जीवन उपलब्धिमूलक बनेको छ । नेपाली साहित्यलाई दिएको अमूल्य योगदान स्वरूप विभिन्न मान-सम्मान एवम् पुरस्कारहरू प्रदान गरिरहेको छ । कमजोर आर्थिक अवस्था, जागिरे जीवन, व्यवहारिक, अति व्यस्तता तथा सार्वजनिक सेवाका कार्यहरूमा लागिरहँदा समेत आफ्नो अमूल्य समय निकालेर साहित्यिक क्षेत्रको यति धेरै सेवा गर्नु भनेको आसु लेखनको ज्वलन्त उदाहरण हो । धरावासीले आफ्नो रचनाहरूमा सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् जसले गर्दा सबै पाठकवर्गहरूले सजिलै बुझ्न सक्छन् ।

**पाण्डुलिपि** उपन्यासले व्यक्तिमा जीवनरूपी आशाको अपेक्षा गरेको छ । मानिस हो, जीवनमा सङ्घर्ष गर्नु पर्दछ । सास छउन्जेल मानिसले हरेस खानु हुन्न कुनै पनि कामको थालनी आफूबाट नै गर्नुपर्छ । दुःखमा आत्तिनु हुँदैन र सुखमा मात्तिनु पनि हुँदैन । आफूले आफैलाई चिन्न सक्नु पर्दछ भन्ने जीवन दृष्टि पाठक वर्गमा छर्न सफल देखिन्छन् । साहित्यकार धरावासी अझ धेरै कृति सिर्जना गर्छु भन्ने दृढता राख्नाले साहित्यमा ठुलो हलचल मच्चाउन सक्ने सम्भावना देखिन्छ । धरावासी नेपाली साहित्यका क्षेत्रमा एउटा उज्ज्वल नक्षत्र बन्न सफल भएका छन् । धरावासीका कृतिहरूमा करुणाको भाव बढी पाइन्छ । पाठकलाई रुवाउन सक्नु नै लेखकको विशेषता हो ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची

## क) सन्दर्भपुस्तकसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.), प्रयोगात्मक नेपाली शब्दकोष, तेस्रो संस्करण, काठमाडौं : विद्यार्थी प्रकाशन, २०६६ ।

एटम, नेत्र (सम्पा), **समालोचनाको स्वरूप**, ललितपुर : साझा प्रकाशन, २०६१ ।

थापा, हिमांशु, **साहित्य परिचय**, पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६ ।

धरावासी, कृष्ण, **बालक हराएको सूचना**, झापा : विचार प्रकाशन, २०४८ ।

———— **नारीभित्र त्यस्तो के छ हजुर**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३ ।

———— **लीला लेखन**, काठमाडौं : बसुन्धरा प्रकाशन, २०५३ ।

———— **शरणार्थी**, दोस्रो संस्करण, झापा : नियात्रा प्रकाशन, २०५६ ।

———— **उन्मुक्तिका आवाजहरू**, झापा : सांषक (सशाङ्क) प्रतिष्ठान, २०५७ ।

———— **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू**, दोस्रो संस्करण, काठमाडौं : पैरवी बुक्स हाउस, २०५८ ।

———— **आधाबाटो**, झापा : नियात्रा प्रकाशन, २०५९ ।

———— **राधा**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६२ ।

———— **मेरो साहित्यिक यात्रा**, काठमाडौं : अर्जुन सिटौला, २०६४ ।

———— **टुँडाल**, दोस्रो संस्करण, काडमाडौं : पैरवी बुक्स हाउस, २०६५ ।

———— **तपाईं**, काठमाडौं : पैरवी बुक हाउस, २०६४ ।

———— **पाण्डुलिपि**, काठमाडौं : अक्षर क्रियसन्स, २०६९ ।

———— **गेस्टापो**, काठमाडौं : पैरवी बुक हाउस, २०६९ ।

न्यौपाने, टंकप्रसाद, **साहित्यको रूपरेखा**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०४९ ।

पराजुली, कृष्णप्रसाद, **मन सुसाउँदै छ आँफैसित मन सुसाँउदैछ**, काठमाडौं : सौजन्य प्रकाशन, २०५० ।

पाण्डे, ज्ञानु, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, काठमाडौं : नेपाल आख्यान समाज, २०६२ ।

पौड्याल, कृष्णविलास, **नेपाली आख्यान र नाटक**, काठमाडौं : नवीन प्रकाशन, २०५९ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर : साझा प्रकाशन, २०५२ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्य शास्त्र**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५८ ।

बस्नेत, कष्णबहादुर, **आधुनिक नेपाली उपन्यास**, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०५९ ।

भट्टराई, गोविन्द, **उत्तर आधुनिक ऐना**, दोस्रो संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार, २०६२ ।

भट्टराई, विष्णुकुमार, **भक्तिदेखि लीलासम्म,** झापा : नियात्रा प्रकाशन, २०५७ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५० ।

———————— **कठपुतलीको मन**, कलकत्ता : श्रीमती इन्द्र प्रधान, सन् १९८९ ।

शाक्य, कर्ण, **म सक्छु**, पाँचौं संस्करण, नेपाल नेचर डट कम, काठमाडौं : जगदम्बा प्रेस प्रा.लि., २०६७ ।

श्रेष्ठ, दयाराम, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०४९ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

### ख) सन्दर्भपत्रिकासूचि

गुमछस, दिनमान, *धरावासीको जीवनधरा,* **नयाँ पत्रिका,** २०६९ जेष्ठ १३, पृ. ६ ।

गौतम, लक्ष्मणप्रसाद, *नेपाली कथामा उत्तर आधुनिकतावादी चेतना,* **समकालीन साहित्य**, पूर्णाङ्क ४५, २०५९, पृ. ११२ ।

घिमिरे, रमण, *प्रयोगको नयाँ संस्करण,* **नेपाल**, २०६४, वर्ष ७ अङ्क ४०, पृ. ५० ।

ढुङ्गाना, गोपीकृष्ण, *पाण्डुलिपि पल्टाइएको दिन,* **अन्नपूर्ण पोष्ट,** २०६९ वैशाख १०, पृ. १० ।

थापा, रत्न, *गीतको आफ्नो गन्ध हुन्छ गीतको आफ्नै छन्द हुन्छ,* **गरिमा** मासिक, २/१२, पूर्णाङ्क २४ ।

धरावासी, कृष्ण, *सतीप्रथीय चेतना र हाम्रो विवाह,* **कान्तिपुर दैनिक**, २०६९ श्रावण १४, पृ. ९ ।

———— *धोतीबाट कुर्ता,* **नागरिक दैनिक,** २०६९ वैशाख ९, पृ. ७ ।

———— *पाण्डुलिपिभित्र जिन्दगी,* **अन्नपूर्ण पोष्ट,** २०६९ वैशाख ९, पृ. ९ ।

———— *पत्नीको सम्झनामा पाण्डुलिपि,* **सौर्य दैनिक,** २०६९ वैशाख १०, पृ. ६ ।

पन्त, रामेश्वरी, *सजिलो छैन आमाहरूलाई,* **नागरिक दैनिक,** २०६९ जेठ २, पृ. ५ ।

प्राञ्जली, सुरेश, *फिक्का भोगाइको रङ्गीन पातो,* **अन्नपूर्ण पोष्ठ,** २०६९ वैशाख ३०, पृ. ७ ।

बस्नेत, वसन्त, *छोराको आँखामा धरावासीको पाण्डुलिपि,* **नागरिक दैनिक,** २०६९ वैशाख २३, पृ. ८ ।

बानियाँ, राजकुमार, *धरावासीको स्थावासी,* **नागरिक दैनिक,** २०६९ वैशाख २३, पृ. ६ ।

भट्टराई, विष्णुकुमार, *आधाबाटो म आइपुग्दा,* **गरिमा**, वर्ष २२, अङ्क २, पूर्णाङ्क २५४, पृ. ६० ।

शर्मा, केशादेवी, *उत्तर आधुनिक कृतिका रूपमा आधाबाटो उपन्यासको विश्लेषण,* **जनमत** सहित्यिक मासिक, २०६५, वर्ष २५, अङ्क ६, पृ. २५ ।

शाह, जितेन्द्र, *मान्छे,* **कान्तिपुर दैनिक,** २०६८ चैत्र ११, पृ. ८ ।

**ग) सन्दर्भशोधपत्रसूची**

तिमल्सिना, कमला, **तपाईं उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६५ ।

बजगाईं, गीता, **जलेश्वरी श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६३ ।


शर्मा, केशादेवी, **आधाबाटो उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६४ ।

श्रेष्ठ, कल्पना, **कृष्ण धरावासीको कथाकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६६ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट : एक

### कृष्ण धरावासीको पाण्डुलिपि उपन्यास कृतिको आवरण



# परिशिष्ट : दुई

क) जीवन सङ्गिनी सीताजीको साथमा कृष्ण धरावासी



ख) दोस्रो विवाह बन्धनमा बाँधिन पुगेका धरावासी मञ्जु विमलीको साथमा

